# आदर्श राघव महाकाव्यमा अर्थालङ्कार

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाज शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधकर्ता
कपिलप्रसाद भट्टराई
त्रिभुवन विश्वविद्यालय
नेपाली विभाग
कीर्तिपुर

२०७०

शोधनिर्देशक - नेत्रमणि सुवेदी

# आदर्श राघव महाकाव्यमा अर्थालङ्कार

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाज शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधकर्ता
कपिलप्रसाद भट्टराई
त्रिभुवन विश्वविद्यालय
नेपाली विभाग
कीर्तिपुर
२०७०

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री कपिलप्रसाद भट्टराईले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको आदर्श राघव महाकाव्यमा अर्थालङ्कार शीर्षकको शोधपत्र स्नाकोत्तर उपाधिका लागि उचित भएकाले स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. देवीप्रसाद गौतम<br>(विभागीय प्रमुख) | ...................... |
| २. डा. नेत्रमणि सुवेदी<br>(शोध निर्देशक) | ...................... |
| ३. प्रा. केशव सुवेदी<br>(बाह्य परीक्षक) | ...................... |

मितिः २०७०/१२/३०

# कृतज्ञता ज्ञापन

"आदर्श राघव महाकाव्यमा अर्थालङ्कार" शीर्षकको प्रस्तुत शोध - पत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाज शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको  दसौँ पत्रको प्रयोजनका लागि आवश्क व्याक्तिहरुसँगको शोधपुछ र पुस्तकालयीय अध्ययन गरी  तयार पारेको हुँ । प्रस्तुत शोध-पत्र तयार पार्ने क्रममा मेरो अनुकूलतालाई ध्यानमा राखी आफ्नो व्यस्तातिव्यस्त र अमूल्य समय दिएर आत्मीय व्यवहार गरी मलाई पद-पदमा कुशल निर्देशन दिनुहुने शोध-निर्देशक आदरणीय गुरु श्री नेत्रमणि सुवेदीप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मेरो शोध -पत्रमा सधैँ चासो लिएर मलाई पद-पदमा सहयोग गर्ने मेरी धर्म पत्नी मन्दिरा पौडेललाई पनि  धन्यवाद दिन चाहन्छु । त्यस्तै प्रस्तु शीर्षकमा अनुसन्धान गर्न स्वीकृत दिने नेपाली विभागका विभागीय प्रमुख  र सामग्री सङ्कलन गर्ने क्रममा आफ्नो पुस्तकालय प्रयोग गर्ने मौका र समय दिई सहयोग गर्ने केन्द्रीय  पुस्तकालय प्रति पनि म आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्र तायार पार्ने क्रममा सहयोगको  भूमिका निर्वाह गर्नुहुने नेपाली विभागका सम्पूर्ण प्राध्यापकहरु प्रति म कृतज्ञ छु । त्यस्तै सोध पत्रतायार पार्ने क्रममा हौसला प्रदान गर्नु हुने मेरी पूजनीय आमा रमादेवी भट्टराई र बुबा राम प्रसाद भट्टराई अनि भाउजू चन्द्रा भट्टराईलाई पनि म मुरीमुरी धन्यवाद दिन चाहान्छु । यस शोधपत्रमा सहयोग र आवश्यक निर्देशन दिने मेरा मित्रद्वय गणेश चालिसे र सुदीप पोखरेल लगायत मेरा दाजुहरु युवराज भट्टराई र बुद्धि राज भट्टराई अनि भाउजू कोपिला भट्टराई पनि धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै समयमै टाइप गरीदिएर सहयोग गरीदिनु हुने मित्र श्री निरज गिरी लाई पनि म  मुरीमुरी धन्याव दिनचाहान्छु । अन्तमा 'आदर्श राघव महाकाव्यमा अर्थालङ्कार' शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङकनकालागि त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

**मिति -२०७०/१२/२८**

**कपिलप्रसाद भट्टराई**
**एम.ए.दोस्रो वर्ष**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौँ**

## विषयसुची

पेज नं.

### परिच्छेद-एक
### शोध-पत्रको परिचय


| | | |
|---|---|---|
| १.१ | शोध-शीर्षक | १ |
| १.२ | समस्या कथन | १ |
| १.३ | शोधपत्रको उद्देश्य | १ |
| १.४ | पूर्वकार्यको समीक्षा | १ |
| १.५ | अध्ययनको औचित्य, महत्त्व र उपयोगिता | ३ |
| १.६ | शोध कार्यको सीमाङ्कन | ३ |
| १.७ | शोधविधि र सैद्धान्तिक ढाँचा | ३ |
| १.८ | शोध-पत्रको रुपरेखा | ३ |


### दोस्रो परिच्छेद
### महाकाव्यमा अर्थालङ्कार विश्लेषणको सैद्धान्तिक ढाँचा


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | ४ |
| २.२ | महाकाव्यमा अर्थालङ्कार विश्लेषणको सैद्धानतिक ढाँचा | ४ |
| २.२.१ | सादृश्यविच्छित्तिमुलक अलङ्कार वर्ग | ४ |
| २.२.१.१ | भेदाभेदतुल्यतामुलक अलङकार | ४ |
| २.२.१.२ | अभेदप्राधान्यमूलक साद्धश्यालङ्कार | ६ |
| २.२.१.३ | गम्यौपम्याश्रयामुलक अलङ्कार | ८ |
| २.२.१.४ | भेदप्राधान्यमूलक अलङ्कार | १० |
| २.२.२ | विशेषणविच्छित्तिमुलक अलङ्कार वर्ग | ११ |
| २.२.२.१ | समासोक्ति अलङ्कार | ११ |
| २.२.२.२ | अप्रस्तुत प्रशंसा अलङ्कार | ११ |
| २.२.२.३ | अर्थान्तरन्यास अलङ्कार | ११ |
| २.२.३ | गम्यार्थताविच्छित्तिमुलक अलङ्कार वर्ग | १२ |
| २.२.३.१ | पर्यायोक्त अलङ्कार | १२ |
| २.२.३.२ | व्याजस्तुति अलङ्कार | १२ |
| २.२.३.३ | आक्षेप अलङ्कार | १२ |
| २.२.४ | विरोधविच्छित्तिमुलक अलङ्कार वर्ग | १२ |
| २.२.४.१ | विरोध/ विरोधाभास अलङ्कार | १३ |
| २.२.४.२ | विभावना अलङ्कार | १३ |
| २.२.४.३ | विशेषोक्ति अलङ्कार | १३ |
| २.२.४.४. | विषम अलङ्कार | १३ |
| २.२.४.५ | उल्लास अलङ्कार | १३ |
| २.२.४.६. | व्याघात अलङ्कार वर्ग | १४ |
| २.२.५ | शृङ्खलाविचित्तिमुलक अलङ्कार वर्ग | १४ |

२.२.५.१ कारणमाला अलङ्कार १४
२.२.५.२ एकावली अलङ्कार १४
२.२.५.३ मालादीपक अलङ्कार १४
२.२.५.३ मालादीपक अलङ्कार १५
२.२.६ तर्कन्यायविच्छित्तिमुलक अलङ्कार १५
२.२..६.१ काव्यलिङ्ग अलङ्कार १५
२.२.६.२ अनुमान अलङ्कार १५
२.२.७ वाक्यन्यायविच्छित्तिमुलक अलङ्कार वर्ग १५
२.२.७.१ समुच्चय अलङ्कार १५
२.२.७.२ पर्याय अलङ्कार १६
२.२.७.३ अर्थापत्ति अलङ्कार १६
२.२.७.४ परिसङख्या अलङ्कार १६
२.२.८ लोकन्यायविच्छित्तिमुलक अलङ्कार वर्ग १७
२.२.८.१ पूर्वरुप अलङ्कार १७
२.२.८.२ लोकोक्ति अलङ्कार १७
२.२.८.३ मीलित अलङ्कार १७
२.२.८.४ सामान्य अलङ्कार १७
२.२.८.५ अनुगुण अलङ्कार १८
२.२.८.६ प्रहषण अलङकार १८
२.२.८.७ विषादन अलङ्कार १८
२.२.९ गूढार्थपरताविच्छित्तिमूलक अलङ्कार वर्ग १९
२.२.९.१ स्वभावोक्ति अलङ्कार १९
२.२.९.२ भाविक अलङ्कार १९
२.२.९.३ उदात्तता अलङ्कार १९
२.२.९.४ऊर्जस्वी अलङ्कार १९
२.२.९.५ प्रेयस् अलङ्कार १९
२.२.१० मिश्र वर्ग १९
२.२.१०.१ संसृष्टि अलङ्कार २०
२.२.१०.२ सङ्कर अलङ्कार २०
२.३ निष्कर्ष २०

## परिच्छेद-तीन

## अलङ्कार प्रयोगका दृष्टिले 'आदर्श राघव' महाकाव्यको औचित्य र महत्त्व

३.१ विषय प्रवेश २२
३.२ 'आदर्श राघव' महाकाव्यमा अलङ्कार प्रयोगको औचित्य २२

## चौथो परिच्छेद
## 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अर्थालङ्कारको विश्लेषण


४.१ विषय प्रवेश २७
४.२ सादृश्य विच्छित्तिमूलक अलङकार वर्ग २७
४.२.१ उपमा अलङ्कार २७
४.२.२ अनन्वय अलङ्कार ३४
४.२.३ स्मृति अलङकार ३६
४.२.४ असम अलङ्कार ३८
४.२.५ प्रतीप अलङ्कार ३८
४.२.६ रुपक अलङ्कार ३८
४.२.७ परिणाम अलङ्कार ४३
४.२.८ सन्देह अलङ्कार ४४
४.२.९ भ्रान्तिमान् अलङ्कार ४६
४.२.१० अपह्नुति अलङ्कार ४६
४.२.११उल्लेख अलङ्कार ४६
४.२.१२ उत्प्रेक्षा अलङ्कार ४८
४.२.१३ अतिशयोक्ति ५०
४.२.१४ तुल्ययोगिता अलङ्कार ५२
४.२.१५ दीपक अलङ्कार ५४
४.२.१६ दृष्टान्त अलङ्कार ५६
४.२.१७ निदर्शना अलङ्कार ६०
४.२.१८ व्यतिरेक अलङ्कार ६२
४.२.१९ सहोक्ति ६३
४.२.२० विनोक्ति अलङ्कार ६४
४.३ विशेषणविच्छित्तिमूलक अलङ्कार वर्ग ६५
४.३.१ समासोक्ति अलङ्कार ६५
४.३.२ अप्रस्तुतप्रशंसा अलङ्कार ६६
४.३.३ अर्थान्तरन्यास अलङ्कार ६६
४.४ गम्यार्थविच्छित्तिमूलक अलङ्कार वर्ग ६७
४.४.१ पर्यायोक्त अलङ्कार ६७
४.४.२ व्याजस्तुति अलङ्कार ६८
४.४.३ व्याजस्तुति अलङ्कार ६९
४.४.३ आक्षेप अलङ्कार ७१
४.५ विरोधविच्छित्तिमुलक अलङ्कार ७१
४.५.१ विरोधाभास अलङ्कार ७१
४.५.२ विभावना अलङ्कार ७२
४.५.३ विशेषोक्ति अलङ्कार ७३

४.५.४ विषम अलङ्कार ७४
४.५.५ उल्लास अलङ्कार ७४
४.५.६ व्याघात अलङ्कार ७४
४.६ शृङ्खलाविच्छित्तिमूलक अलङ्कार र्वग ७५
४.६.१ कारणमाला अलङ्कार ७५
४.६.२ मालादीपक अलङ्कार ७६
४.७ तर्कन्यायविच्छित्तिमूलक अलङ्कार वर्ग ७६
४.७.१ काव्यलिङग अलङ्कार ७६
४.७.२ अनुमान अलङ्कार ७७
४.८ वाक्यन्यायमूलक अलङ्कार वर्ग ७८
४.८.१ समुच्चय अलङ्कार ७८
४.८.२ पर्याय अलङ्कार ७९
४.८.३ अर्थापत्ती अलङ्कार ८०
४.९ लोकन्यामुलक अलङ्कार वर्ग ८१
४.९.१ पूर्णरुप अलङ्कार ८२
४.९.२ लोकोक्ति अलङ्कार ८२
४.९.३ मीलित अलङ्कार ८३
४.९.४ सामान्य अलङ्कार ८३
४.१० गुढार्थपरताविच्छित्तिमुलक अलङ्कार वर्ग ८३
४.१०.१ स्वभावोक्ति अलङ्कार ८३
४.१०.२ भाविक अलङ्कार ८४
४.१०.३ उदात्तता अलङ्कार ८५
४.११ मिश्रालङकार वर्ग ८६
४.११.१ संसृष्टि अलङ्कार ८६
४.११.२ सङ्कर अलङ्कार
४.१२ निष्कर्ष ८९

## परिच्छेद-पाँच
## उपसंहार र निष्कर्ष

५.१ उपसंहार ९०
५.२ निष्कर्ष ९१
सन्दर्भ सामाग्री सूची

# परिच्छेद-एक
# शोध-पत्रको परिचय

## १.१ शोध-शीर्षक

प्रस्तुत शोध-पत्रको शीर्षक “आदर्श राघव महाकाव्यमा अर्थालङ्कार” रहेको छ । त्यसैले प्रस्तुत शोधका प्रमुख दुई शोध पक्षहरु रहेका छन् । ती पक्षहरु आदर्श राघव महाकाव्य र अर्थाङ्कार हुन् । अतः यी दुई विषयको परिचय दिनु आवश्यक देखिन्छ ।

‘आदर्श राघव’ महाकाव्य पण्डितराज सोमनाथ सिग्देल (जिवनकाल१९४१-२०२९) द्वारा रचित नेपाली महाकाव्य परम्पराको विशिष्ट महाकाव्य हो । यसको सार्वजानिक प्रकाशन २००५ सालमा भयो । पूर्वीय लक्षण शास्त्रले निरुपण गरेका महाकाव्य सम्बन्धी सम्पूर्ण मान्यताहरुलाई यस महाकाव्यले आत्मसात् गरेको छ । प्रस्तुत महाकाव्य संस्कृत महाकाव्य परम्परामा महाकवि भारविद्वारा पुवर्तित पाण्डित्यपूर्ण महाकाव्य परम्पराबाट प्रभावित छ । त्यही भएर प्रस्तुत महाकाव्य अत्यन्त बौद्धिक र पाण्डित्यपूर्ण रहेको छ । यस महाकाव्यमा पूर्वीय साहित्य शास्त्रले स्वीकार गरेका विभिन्न महाकाव्यका तत्व उपकरणहरुको वैचित्र्यपूर्ण प्रयोग गरीएको छ । त्यसैले प्रस्तुत महाकाव्यको अध्ययन पूर्वीय साहित्य शास्त्रका विभिन्न आधारहरुलाई अँगालेर गर्न सकिन्छ । यस अध्ययनमा भने पूर्वीय संस्कृत काव्यशास्त्रीय परम्परामा प्रचलित एक सिद्धान्त अलङ्कार विधानका दृष्टिले प्रस्तुत महाकाव्यको अध्ययन गरीएको छ ।

अलङ्कार पूर्वीय साहित्य सिद्धान्तमा प्रचलित कृति समीक्षाको महत्त्वपूर्ण आधार हो । यसका उन्नायक आचार्य भामह हुन् । महाकाव्यको अध्ययन गर्दा अलङ्कार प्रयोग पनि एक महत्त्वपूर्ण प्रवर्तित अलङ्कार सिद्धान्तलाई प्रस्तुत अध्ययनको प्रमुख सैद्धान्तिक आधारका रुपमा लिइएको छ । पछिल्ला आचार्य खच्चकले अलङ्कारको विस्तृत सैद्धान्तिक अध्ययन गरेका छन् । यस अध्ययनमा पनि रुच्चकसम्मत अर्थालङ्कारका विभिन्न भेदहरुका आधारमा प्रस्तुत महाकाव्यको  अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

क) अनर्दश राघव महाकाव्यमा के कस्ता अर्थालङ्कारको प्रयोग भएको छ ?

ख) अलङ्कार प्रयोगका दृष्टिले आर्दश राघव महाकाव्यको औचित्य र महत्त्वलाई के कसरी सिद्ध गर्न सकिन्छ ?

## १.३ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य निम्नाअनुसार रहेका छन् :

क) आर्दश राघव महाकाव्यमा प्रयुक्त अर्थालङ्कारको विश्लेषण गर्नु ।

ख) अलङ्कार प्रयोगका दृष्लि र महत्त्व स्पष्ट पार्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

पण्डितराज सोमनाथ सिग्देलद्वारा विरचित ‘आदर्श राघव’ महाकाव्यको सम्बन्धमा प्रशस्त खोज अनुसन्धान भएको पाइन्छ । विभिन्न समालोचकहरुले समय-समयमा ‘आदर्श राघव’ कृतिका विभिन्न पक्षमा आधारित भई समीक्षा गरेका छन् । जो निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) महादेव अवस्थी (२०६४) ले आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श भन्ने ग्रन्थमा सोमनाथ सिग्देलको आर्दश राघव महाकाव्यको विश्लेषण गरेका छन् । महाकाव्यका तत्त्वका आधारमा विश्लेषण गर्ने क्रममा अलङ्कार विधानको पनि चर्चा

गरिएको छ। यसरी अलङ्कारको चर्चा गर्ने क्रममा आर्दश राघव महाकाव्यमा स्वभावोक्ति, दृष्टान्त, रुपक, परिणाम उल्लेख , उत्प्रेक्षा, विनोक्ति, समासोक्ति, अतिशयोक्ति, भाविक , विरोध, व्याघात, असङ्गति, विषम, काव्यलिङ्ग, पर्यायोक्त, परीका,आदि अलङ्कारहरु रहेको सङ्केतात्मक चर्चा मात्र रहेको छ ।

(ख) 'आदर्श राघव' महाकाव्यका प्रथम समीक्षा सोमनाथ सिग्देलले साहित्य प्रदीप (२०५८) नाम सैद्धान्तिक समालोचनात्मक ग्रन्थमा यस महाकाव्यलाई आलङ्कारिक दृष्टिकोणले खोतल्ने प्रयास गरेका छन् । जुन अध्ययन आलङ्कारिक अध्ययनको एक चेष्टा हो तर गहन एवम् पूर्ण प्रयास भने होइन । उनले अलङ्कारको स्वरुप लेख्दै दृष्टान्तका रुपमा केही पद्यहरु 'आदर्श राघव' बाट लिइएको पाइन्छ तापनि यी पद्यहरुमा कसरी अलङ्कारको प्रयोग छ भन्ने कुरको विवेचना पाइँदैन ।

(ग) 'आदर्श राघव' महाकाव्यका अर्का समीक्षा ताराप्रसाद जोशीले आदर्श राघवको शास्त्रीय विवेचना (२०२७) ग्रन्थ मार्फत यस महाकाव्यलाई शास्त्रीय विवेचनात्मक दृष्टिकोणले खोतल्नेप्रयास गरेका छन् ।उनी यस पुस्तकको भूमिकामा लेख्छन् 'आदर्श राघव' संस्कृत उत्तरवर्ती महाकाव्य परम्पराको महाकाव्य हो र यसमा कलावादको भव्य खण्डन-मण्डन भएको छ । अलङ्कारको बौद्धिक यांयामलाई जुनबेला काव्यकलाको उन्नत शिखर मानिन्थ्यो, त्यस युगका कविहरुको शिल्प-शैलीलाई यस महाकाव्यले राम्ररी चिनाउन खोजेको छ । (जोशी, २०२६:भू.ख) अर्थात् यिनले 'आदर्श राघव' महाकाव्यलाई विभिन्न कोणबाट विश्लेषण गरेर चिनाउन खोजे तापनि यस महाकाव्यमा प्रयोग भएका अर्थालङ्कारको स्वरुप र विश्लेषण त्यति गहन रुपमा गरेको पाइँदैन । यसकारण अलङ्कार विधान सम्बन्धी यो अध्ययन अभिमुख भने भएको छ ।

समीक्षा ताराप्रसाद जोशीले 'आदर्श राघव'को दार्शनिक पक्ष भन्ने लेखमा यस महाकाव्यको गरिमालाई केलाउँदै त्यसभित्र फेला पर्ने दार्शनिक तत्वहरुको विश्लेषण गरी बाह्य जगत्मा ल्याउने चेष्टा गरेका छन् । (जोशी, २०५६/७/१२) यसै प्रसङ्गमा उनले "दार्शनिक दृष्टिले आदर्श राघव" महाकाव्यलाई केलाएर हेर्दा यसमा बेदान्त दर्शन प्रमुख रुपमा र साङ्ख्य एवम् योग दर्शन गौण रुपमा प्रतिविम्बित भएका छन् । (जोशी:२०२६:९) यसरी जोशीले 'आदर्श राघव' महाकाव्यमा पौरस्त्य दर्शनहरुबाट प्रभावित छ भन्ने कुरा देखाएर तर पूर्वीय सिद्धान्तको महत्त्वपूर्ण अलङ्कार र सौन्दर्यको चर्चा यसमा गरिएको छैन ।

(घ) 'आदर्श राघव' महाकाव्यका अर्का समीक्षा नरहरि आचर्यले "पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य साधना (२०४१) यस कृतिमार्फत आदर्श राघवकृतिको परिचय दिँदै भनेका छन्" वास्तवमा पूर्वीय काव्य शास्त्रीय नियमले पूर्ण निर्देशित र नियन्त्रित, अति परिष्कृत काव्यकृतिको एक मात्र नमुनाका रुपमा यही 'आदर्श राघव' महाकाव्य नै देखापर्छ (आचार्य: २०४१:२)।

(ङ) 'आदर्श राघव' महाकाव्यका अर्का समीक्षा शोधकर्ता बाबुराम आचार्यले आदर्श राघवको तत्सम शब्दकोश, शोधपत्र (२०४९) माफर्त प्रस्तुत महाकाव्यमा प्रयुक्त तत्सम शब्दहरुलाई विश्लेषणात्मक रुपमा विवेचना गरेका छन् तर अन्य पक्षमा प्रवेश नगरेको हुँदा प्रस्तु शोधकार्य एकाङ्गी अध्ययनमा सीमित मानिन्छ । यसरी विभिन्न समालोचकहरुको विभिन्न दृष्टिकोणबाट यस महाकाव्यका सम्बन्धमा विश्लेषण विवेचना गरेता पनि यस महाकाव्यमा प्रयुक्त अलङ्कार सम्बन्धि शोधकार्यको अभाव खड्खिएको छ । अत: अलङ्कारका जिज्ञासु विद्यार्थी शिक्षक, पाठकका साथै अनुसन्धाता आदिलाई समेत आदर्श राघवमा अर्थालङ्कार सम्बन्धी अनुसन्धानले पूर्णरुपमा सहयोग पुऱ्याएको छ ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत अध्ययन आदर्श राघव महाकाव्यमा अर्थालङ्कार खोजीमा केन्द्रित रहेको हो । अलङ्कार पूर्वीय साहित्य शास्त्रमा प्रचलित एक समीक्षा हो । नेपाली भाषमा नेखिएका विभिन्न साहित्यिक कृतिहरु र ती मध्ये पनि काव्य विधामा अलङ्कार प्रयोग ज्यादा रुपमा भएको पाइन्छ । तर अलङ्कार शास्त्रलाई नै मुख्य सिद्धान्त बनाएर गरीएका शोकार्य र समीक्षाहरु अत्यन्त न्युन छन् । फाट्टफुट्ट रुपमा केही पूर्वकार्य त भएका छन्  तर ती अपुग र सीमित छन् । यसै परिप्रेक्षमा प्रस्तुत शोधकार्य संस्कृत साहित्य शास्त्रमा प्रचलित अलङ्कार शास्त्र अन्तर्गत पनि रुय्यकले प्रस्तुत गरेका कृतिमा अलङ्कार विश्लेषणका आाधरहरुलाई उपयोग गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको नेपाली समालोचनामा अलङ्कारका सम्बन्धमा अध्ययन गर्न चाहने जो कोहीलाई पनि यसले सहयोग पुऱ्याउने हुँदा यसको औचित्य र महत्व स्वतः स्थापित हुन्छ ।

## १.६ शोध कार्यको सीमाङ्कन

'आदर्श राघव' महाकाव्यमा विभिन्न पक्षबाट अनुसन्धान गर्न सकिए तापनि यो शोधपत्र अलङ्कारको सैद्धान्तिक पक्ष आदर्श राघव महाकाव्यमा प्रयोग भएका प्रमुख प्रतिनिधिमूलक केही अर्थालङ्कारहरुको स्वरुप तथा विश्लेषण गर्ने र अर्थालङ्कारको प्रयोगका दृष्टिले प्रस्तुत महाकाव्यको गुणवत्ता वा स्थान के कस्तो छ ? सो को निर्धारण गर्नु नै यस सोधकार्यको सीमाङ्कन रहेको छ ।

## १.७ शोधविधि र सैद्धान्तिक ढाँचा

यस शोधपत्रको अध्ययन कार्यमा आवश्यक सामग्रीहरुको सङ्कलन प्राथमिक स्रोत र द्वितीयक स्रोतबाट गरिएको छ । यस क्रममा पौरस्तय साहित्य र नेपाली साहित्यको विभिन्न विद्वानहरुले लेखेका पुस्तक, पत्र-पत्रिका र शोध-पत्रलाई सामाग्रीका रुपमा उपायोग गरिएको छ । विशेष गरेर सामग्री संङ्कलन गर्दा पुस्तकालयको प्रयोग गरिएको छ । पुस्तकालयमा पनि त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालय र अन्य पुस्तकालयहरुको उपयोग गरिएको छ । यसका साथै 'आदर्श राघव' महाकाव्यको ज्ञाता व्यक्तिबाट प्राप्त आवश्यक सल्लाह सुझाब र ज्ञानलाई एकत्रित गरेर यथासम्भव सदुपयोग गरिएको छ ।

प्रस्तुत शोधपत्रमा आवश्यकता अनुसार आगमनात्मक र निगमनात्मक विधिका साथै ब्याख्यात्मक र विश्लेषणात्मक विधिको समेत उपयोग गरिएको छ ।

## १.८ शोध-पत्रको रुपरेखा

प्रस्तुत शोध-पत्रको बाह्य संरचनालाई सुसङ्गठित र ब्यवस्थ्ति रुप दिनका लागि निम्न शीर्षक उपशीर्षकहरुमा विभाजन गरिएको छ ।

प्रथम परिच्छेद : शोध-पत्रको परिचय

द्वितीय परिच्देछ : महाकाव्यमा अर्थालङ्कार विश्लेषणको सैद्धान्तिक ढाँचा

तृतीय परिच्छेद : 'आदर्श राघव' महाकाव्यमा अर्थालङ्कारको औचित्य र महत्त्व

चतुर्थ परिच्छेद : 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अर्थालङ्कारको विश्लेषण

पञ्चम परिच्छेदः उपसंहार र निष्कर्ष

# दोस्रो परिच्छेद
# महाकाव्यमा अर्थालङ्कार विश्लेषणको सैद्धान्तिक ढाँचा

## २.१ विषय प्रवेश

प्रस्तुत अध्यायमा महाकाव्य मा अर्थालङ्कार विश्लेषणका प्रमुख सैद्धान्तिक ढाँचालाई केलाइएको छ । दोस्रो अध्यायमा अर्थालङ्कारका सम्बन्धमा विभिन्न विद्धान्हरुका मान्यताहरुलाई प्रस्तुत गर्ने काम भएको छ । यस परिच्छेदमा ती उल्लिखित मतहरुमध्ये खच्यकको अलङकार वर्गीकरण सान्दर्भिक र उपयुक्त भएकाले प्रस्तुत अध्ययन कार्यका लागि पनि रुच्यकले प्रस्तुत गरेको अर्थालङ्कारको वर्गीकरणलाई मुख्य आधार मानिएको छ । रुच्यकले प्रस्तुत गरेका अर्थालङ्कारका दश वर्गहरु सादृश्यविच्छित्तिमुलक अलङ्कार, विशेषणविच्छित्तिमुलक, गम्यार्थताविछित्तिमुलक, शृङखलाविच्छित्तिमुलक,तर्कन्याय-विच्छित्तिमुलक वाक्यन्यायविच्छत्तिमुलक, लोकन्यायविच्छित्तिमुलकगुढार्थपरताविच्छित्तिमुलक र मिश्र खण्ड अलङ्कारलाई प्रमुख सैद्धान्तिक आधारका रुपमा स्विकार गरी यिनै आधारहरुमा आदर्श राघव, महाकाव्यको विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## २.२ महाकाव्यमा अर्थालङ्कार विश्लेषणको सैद्धानतिक ढाँचा

महाकाव्य कविता विधाको सवौन्नत रुप हो। कविता विधाको चरम रुप महाकाव्य भएकाले यसलाई विभिन्न दृष्टिकोणबाट महाकाव्य विश्लेषणको प्रमुख आधारका रुपमा अलङकारलाई लिइएको छ । महाकाव्य चिन्तनहरुमा उल्लेख भएको पाइन्छ । त्यसैले विवेच्य कृति आदर्श राघव पनि नेपाली साहित्यको महाकाव्य परम्रामा एउटा विशिष्ट कृति भएकाले यस कृतिको अलङ्कार सम्मत अध्ययन
गरिनु आवश्यक छ । प्रस्तुत महाकाव्यको विश्लेषण गर्नका लागि रुच्यकले प्रस्तुत गरेका अर्थालङकारहरुको उपयोग गरिएको छ । प्रस्तुत महाकाव्यको विश्लेषण गर्नका लागि आधार बनाइएको अलङकारहरुको सैद्धानितक परिचय र ढाँचा निम्न रुपमा रहेको छ :

### २.२.१ सादृश्यविच्छित्तिमुलक अलङ्कार वर्ग

सादृश्य भन्नाले समानतालाई बुझाउँछ । समानतालाई नै काव्यको रमणीय तत्वका रुपमा लिएर अर्थालङका अन्तर्गत रुच्यकले यस अलङ्कारको उल्लेख गरेका छन् । रुच्यकले (२०३८:८०) ले यस अलङ्कार वर्गका पनि विभिन्न उपवर्गको निरुपण गरेका छन् । यस वगीभित्र उनले भेदाभेदतुल्यता, अभेदप्राधान्यमुलक भनी वर्गीकरण गरेका छन् । प्रस्तुत अध्ययनमा पनि आदर्श राघव महाकाव्यको अर्थालङकार निरुपण गर्ने क्रममा यिनै उपवर्गहरुलाई प्रमुख आधारका रुपमा स्विकार गरिएकाले यी उपभेदहरुको संक्षिप्त परिचय तल दिइएको छ :

#### २.२.१.१ भेदाभेदतुल्यतामुलक अलङकार

यस अलङकार अन्तर्गत रुच्यकले उपमान र उपमेय सम्बन्धी चर्चा गदै जहाँ उपमान र उपभेदको सादृश्यमा भेद हुँदा हुँदै पनि अभेदको परिकल्पना गरिन्छ त्याहाँ भेदाभेदतुल्य अलङ्कार हुने उल्लेख गरेका छन् । यस्ता किसिमका सादृश्यहरु उपमा अनन्वय स्मरण आदिमा हुने गर्दछन् । यस उपवर्गभित्र रुच्यकले निम्न लिखित अलङ्कारहरुको वर्गीकरण गरेका छन्:

**(क) उपमा अलङ्कार**
उपमा भनेको सादृश्य हो । यसमा एपमा भनेको साद्धश्य हो । यसमा उपमान र उपमेको साद्धश्य आएको हुन्छ। रुच्यकका अनुसार उपमा भन्नाले-उपमान र उपमेयको कुनै धर्म विशेषले सादृश्य देखाउनु हो । उपमाका पुणैपमा लुप्वोपमा उपमेयोपमा, रसनोपमा र मालोपमा गरी पाँच भेद रहेका छन् (भट्टराईः २०३१:८९)। उपमा अलङ्कार हुनका लागि चारवटा घटकहरु आवश्यक मानिएका छन् ।
ती घटकहरुमा उपमेय उपमान साद्धश्यवाचक शब्द र धर्म। यी चारवटै घटकको उपस्थिति र अनुपस्थितिका आधारमा उपमा अलङ्कारका भेद निरुपण गरिएका छन् । चारवटै गुण समावेश भएमा पुर्णपमा, चारमध्ये कुनैको लोप भएमा लुरतोपमा, उपमान र उपमेयविच भेद नछुट्टिएमा उपमेयोपमा, उपमान र उपमेय भालाभैँ सेशृङखलित रुपमा आएमा मालोपमा हुन्छ । आदर्श राघव महाकाव्यमा उपमा अलङकारको निरुपण यसै आधारमा गरिएको छ ।

## (ख) अनन्वय अलङ्कार
भेदाभेदतुल्यतामुलक अलङ्कार अन्तर्गत अर्को अलङ्कार अनन्वय अलङ्कार रह्को छ । यसको अर्थ सादृश्य छैन वा अन्वय छैन भन्ने अर्थ लाग्छ । जयदेवका अनुसार जो उपमेय छ, त्यही नै उपमान हुनुको अर्थ त्यस समान दोस्रो वस्तु छैन भन्ने हो । वर्णनीय बस्तुको प्रतियोगी नै छैन भन्ने कुरा बताउन अनन्वयो व्यवस्था गरिन्छ । कुनै विषयको वा प्रस्तुत विषयको महत्त्व धेरै छ भन्नु वा अनुपम रहेको मुल्याङकन गर्नु अनन्वय हो (१९८१:७७)। वर्णनीय वस्तुको प्रतियोगी नै छैन भन्ने भावको पुष्टिका लागि अनन्वय अलङ्कार आउने रुच्यकले उल्लेख गरेका छन् ।

## (ग) स्मृति वा स्मरण अलङ्कार
रुच्यकले भेदाभेदतुल्य अन्तर्ग चर्चा गरेको अर्को रुच्यकले भेदाभेदतुल्य अन्तर्गत चर्चा गरेको अर्को अर्थालङ्कार स्मृति वा स्मरण वा हो । जसबाट स्मरण गरिन्छ भन्ने व्युत्पत्तिगत अर्थ यसको रहन्छ १ ।रुच्यकले स्मरण अलङ्कारलाई काव्यालिङ्ग अलङ्कारभित्र समेट्न सकिने चर्चा गरेका छन् (२०३८:८२)। उनले उस्तै उस्तै वस्तुको सम्झना गर्नुलाई नै स्मरण अलङ्कारसँग मानेका छन् । २ उनले यस अलङ्कारलाई प्रेयस अलङ्कारसँग पनि तुलना गर्दै प्रेयस अलङ्कारमा रहने स्मृति साङ्कारमा रहने स्मृति साङ्कारमा रहने स्मृति साङ्कारमा रहने स्मृति साद्धश्यविना पनि हुने तर स्मरण चाहिँ सादृश्यविना नहुने भएकाले यी दुईबिच भिन्नता रहेको उल्लेख गरेका छन् । (ऐजना) प्रस्तुत अलङ्कार सिग्देलको 'आदर्श' राघव' महाकाव्य मा प्रयोग भएको पाइन्छ १०यसको चर्चा अर्को परिच्छेदमा गरिएको छ ।

**(घ) असम अलङ्कार**
असम भन्नाले उपमाको निषेधलाई बुझाउँछ । गोविन्द प्रसाद भट्टराईका अनुसार असम अलङ्कार भनेको जसको साङ्कार भनेको जसको साद्धश्य नै नबताउनु हो (२०३१:३९९) । यसमा उयमेयको निषेध गरी उपमानको स्थापना गरिएको हुन्छ । यसलाई पनि उपमेयको निषेध गरिएको असम र उपमानको निषेध गरिएको असम अलङकार भनी भनी दुई उपप्रकारमा वर्गीकारण गरिएको पाइन्छ ।

१.स्मिृयते अनेल इति स्मृतिः स्मरणम् ।

२.सद्धशानुभवाद् वस्त्वन्तरस्मृतिः स्मरणम् ।

### (ङ) प्रतीप अर्थालङकार

यस अलङकारलाई प्रतीपोपमा अलङ्कार भनी चर्चा गरिइको पनि पाइन्छ । 'प्रतीप' शब्दले प्रतिकुल वा उल्टो भन्ने अर्थ दिन्छ । सँस्कृत भाषको नियम अनुसार यसको व्युत्पत्ति 'प्रतिं+ अप्+अच्,अपः ईप च' बाट भएको हो (आप्टे; १९९३ः ६५८) । यसले विरुद्धार्थकता भन्ने अर्थ दिन्छ । यस अलङ्कारमा उपमान र उपमेय उल्टोपाल्टो भएर आउँछन् । यस अलङकारमा उपमान उपमेय बन्छ भने उपमेय उपमान बन्छ । उपमेयको अति पैशंसा वा स्तुति गर्न लायक अनेक उपमानहरु विद्यमान छँदाछँदै पनि कुनै कारणले त्यसको निन्दा वा प्रशंसा हुनु प्रतीप अलङ्कार हो आदर्श राघव कहाकाव्यमा पनि यस अलङकारको प्रयोग भएको पाइन्छ । अप्पयदीक्षित (१९९५: १०) ले प्रसिद्ध उपमान र उपमेयको भाव उल्टोपाल्टो भएमा प्रतीप अलङ्कार हो भन्ने मान्यता प्रस्तुत गरेका छन् । यही आधारमा निर्धारित महाकाव्यमा पयुक्त प्रतीपालङ्कारलाई केलाइएको छ ।

भेदाभेदतुल्यतामुलक अलङ्कार अन्तर्गत यिनै पाँच अर्थालङकारहरु उपमा, अनन्वय,स्मृति, असम र प्रतीप अलङ्कारका आधारमा 'आदर्श राघव' महाकाव्यको विश्लेषण गरिएको छ ।

## २.२.१.२ अभेदप्राधान्यमूलक साद्धश्यालङ्कार

रुच्यकले साद्धश्यविच्छित्तिमुलक अलङकार अन्तर्गतको उपवर्गीकरणमा अभेदप्राद्यान्यमूलक अलङ्कारलाई उल्लेख गरेका छन् । जहाँ उपमान र उपमेयको साद्धश्यमा कुनै भेद नै नभएको कल्पना गरिन्छ त्यो अभेदप्रधान साद्धश्य हो । यस्तो साद्धश्य रुपक, परिणम, सन्देह,अन्तिमान, उल्लेख, अपह्नुति, उत्प्रेक्षा र अतिशयोक्ति अलङ्कारहरुमा रहन्छ ( खनाल,: ३२१) । यसलाई पनि रुच्यक पछिका विद्धान्हरुले आरोपाश्रित र अध्यवसायाश्रित गरी दुई उपप्रकारमा वर्गीकरण गरी

अध्ययन गरेका छन् । यहाँ यी उपवर्गीकरणलाई एकै ठाउँमा राखेर अभेदप्रधान अलङकारलाई समग्रमा उल्लेख गर्ने प्रयास गरिएको छ । रुच्यकले यस अन्तर्गत निम्न लिखित अलङ्कारहरु निरुपण गरेका छन्:

### (क) रुपक अलङ्कार

अभेदप्राधान्यमुलक अलङ्कार अन्तर्गत रुच्यकले चर्चा गरेको अलङकार रुपक अलङकार हो । यसलाई आरोपाश्रित अभेदपेधान अलङकार अन्तर्गत चर्चा गरिएको छ । उपमा र उपमेको बिचमा कुनै पनि व्यवधान बाधा र निषेध नभई गरिएको आरोप नै रुपक हो । उपमान र उपमेयका बिच तादात्म्य सम्बन्ध देखाउँदा रुपक अलङकार हुन्छ । यसमा उपमेयलाई नै उपमान हो , वा उपमान नै उपमेय हो भनी आरोप गर्दै ती उपमान र उपमेयका बिचमा अभेद्य सम्बन्ध देखाइएको हुन्छ । रुपक अलङकार के कति प्रकारका छन् र यसको उत्पत्तिगत प्राचीनताका सम्बन्ध पुर्वीय वि के कति प्रकारका छन् र यसको उत्पत्तिगत प्राचीनताका सम्बन्ध पुर्वीय विद्धान्हरुका बिच मतभेद रहेको छ । यसको प्रयोग वैदिक वाङ्मयदेखि हुँदै आएको एक थरीको मत छ (तिम्सिना, अनु २०३९: ९०) भने अर्को थरीले यसलाई लौकिक वाङ्मय पछि सुरु भएको मानेका छन् (ऐजन) । रुच्यकले ३ रुपक अलङकारलाई परिभाषित  गदै वास्तविक भेद हुँदाहुँदै पनि अभेद नै मुख्यतया आरोप भएमा आरोपको विषय लुकेछिपेको वा निषेधित नभएमा रुपक अलङकार हुन्छ भनी उल्लेख गरेका छन् (द्धिबेदीः २०३६:१२२) । रुच्यकले रुपकका निरवयव, सावयव र परम्परित गरी तिन प्रभेदहरु उल्लेख गरेका छन् ।

निरवयव रुपक भन्नाले एउटा उपमेयमा एक या एकभन्दा बढी उपमानहरुको आरोपबाट प्रकट अलङकारलाई बुझिन्छ । त्यस्तै सावयव रुपकले एउटा मुख्य उपमेयमा एउटा मुख्य उपमानको आरापका साथै दुबैका अन्य अङ्गहरुबिचको आरोपलाई जनाउँ छ । त्यसतै परम्परित रुपकले एउटा आरोप अर्को आरोपको कारण हुने गरी उपमेयमा उपमानको शृङखलित आरोपलाई जनाउँछ ।
रुच्यकसम्मत यस अलङकारको प्रयोग विवेच्य महाकाव्य मा भएकाले सोही अनुसार रुपक अलङकारलाई प्रमुख आधारका रुपमा स्विकार गरिएको छ ।

## (ख) परिणाम अलङ्कार

रुच्यकले सर्वप्रथम परिणाम अलङकारको सैद्धान्तिक चर्चा गरेका हुन् । उनले नै सर्वप्रथम यस अलङकारको अस्तित्वलाई स्विकार पनि गरेका हुन् । उनी अगिका आचार्यहरुले यस अलङकारको कतै पनि चर्चा गरेको

## ३. अभेदप्राधान्ये आरोपे आरोपविषयानपहनवे रुपकम् ।

पाइँदैन । उनले रुपकमा गरिने आरोप केवल रमाहलोको लागि हो र त्यो प्रकृतोपयोगी हुँदैन तर परिणाममा गरिने आरोप प्रकृतोपयोगी हुन्छ भनी उल्लेख गरेका छन् (२०३६ः १३५०)। रुच्यकका अनुसार पणिमको लक्षण उपमान उपमेयका रुपमा र उपमेय उपमानका रुपमा परिणत हुने दाहोरो अर्थ लक्षण र वृत्तिद्धारा प्रकट हुन्छ (एजन) आरोप्य आरोप विषय बनेर मात्र प्रासङगिक कुरामा उपयोगी भएका परिणाम अलङकार हुन्छ । (सिग्देलः २०५८ः२२५) आदर्श राघवमा पनि यसको फाट्टफुट्ट प्रयोग भएको छ ।

## (ग) सन्देह

रुच्यकले अभेदप्राधान्यपूलक अलङ्कार अन्तर्गत चर्चा गरेको अर्को अर्थालङकार सन्देह अलङ्कार पनि हो । कुनै दुइ वा दुईभन्दा बढी वस्तुमध्ये एउटा को निर्णय हुन नसक्नु नै सन्देह हो (खनाल;३२६)। रुच्यकका अनुसार उपमेयको सन्दिग्धता देखाएमा सन्देह अलङ्कार हुने र यसको विषय प्रकृत अर्थ हो । यसैलाई आधार बनाएर अप्रकृत अर्थको सन्देह गरिन्छ । अप्रकृतमा सन्देह भए प्रकृत र अप्रकृत दुवैमा कवि प्रतिभावश हुने सन्देहमा जोड दिएका छन् (रुच्यक; २०३६ः १४०) र तुल्यताबाट भएको संशयमा सन्देह अलङकार हुन्छ (सिग्देल; २०५८ः२२०) । प्रस्तुत विषयमा शङ्का उत्पन्न भई यो हो कि ऊ हो भन्ने भ्रम भएमा सन्देह अलङ्कार हुन्छ । प्रस्तुत अलङ्कारको खोजी ‘आदर्श राघव’ महाकाव्यमा गरिएको छ ।

## (घ) भ्रान्तिमान् अलङ्कार

रुच्यकका अनुसार चित्तको धर्मलाई भ्रान्ति भनिन्छ । जुन भनाहमा भ्रान्ति वा भ्रम हुन्छ त्यही नै भ्रान्ति हो (२०३६ः१५१)। “कुनै एक वस्तुमा त्यही वस्तु जस्तै अर्को वस्तुको ज्ञान हुनु भ्रम या भ्रान्ति हो तर भ्रान्तिमान् अलङ्कार सम्पन्न हुनका लागि सुन्दर दृश्य हुनु आवश्यक छ, जुन कारणले अर्को वस्तुको प्रतीति सहज होओस (खनाल, पूर्ववतः३२८)। ” “सादृश्यलाई निमित्त मानी उपमेयमा तुल्यको भ्रम भएमा भ्रान्ति अलङ्कार हुन्छ । सिग्देला अलङ्कारको प्रयोग भएको छ जसको चर्चा अर्को परिच्छेदमा गरिएको छ ।

### (ङ) अपह्नुति अलङ्कार

रुच्यकले अभेद अलङ्कार अन्तर्गत अपह्नुति  अलङ्कारको चर्चा गरेका छन् । सस्कृत भाषाको नियम अनुसार यसको व्युत्पत्ति 'अप+हनु+क्रिन्' हुन्छ । यसको अर्थ 'लुकाउनु' या 'छिपाउनु' भन्ने हुन्छ । "साहित्य शास्त्रमा यसको अर्थ प्रकृत वा उपमेयलाई लुकाट्ट छिपाट्ट गरेर अप्रकुत वा उपमानलाई स्थापना गर्नु भन्ने हुन्छ (खनाल,पुर्ववत:३२९) । "जहाँ उपमान र उपमेयको कुरा आउँछ त्यहाँ सादृश्य हुने भएकाले उपमेयको निषेध गरेर उपमानको स्थापना गरिन्छ । आदर्श राघवमा महाकवि सिग्देलले पनि यस अलङ्कार प्रयोग गरेका छन् ।

### (च) उल्लेख अलङ्कार

रुच्यकले उल्लेख अलङ्कारलाई परिभाषित गर्दै जहाँ एउटै वस्तुको निमित्तवश अनेक प्रकारले ग्रहण मा उल्लेख गरेका छन् (रुच्यक,पूर्वत्: १५८) । अलङ्कार शास्त्रमा उल्लेखको अर्थ वक्ताद्धारा एउटै विषयको अनुभुति अनेक किसिमले गर्नु भन्ने बुझिन्छ । "एकैलाई अनेकले विभिन्न रुपमा देखेको , अथवा एकैले पनि विभिन्न विषय लिएर विभिन्न रुपमा मानेको  नदर्शन भएमा उल्लेख  अलङ्कार हुन्छ ।  सिग्देल; पूर्ववत: २२६) ' " सिग्देलले 'आर्दश राघव' महाकाव्यमा पनि यस अलङ्कारको प्रयोग गरेका छन् ।

### (छ) उत्प्रेक्षा अलङ्कार

रुच्यकले अभेदप्रधान्यमुलक अलङ्कार अन्तर्गत उत्प्रेक्षा अलङ्कारको प्रयोग अध्यवसायाश्रित अलङ्कार अन्नतर्गत चर्चा गरेका छन् । "प्रकृत उपमेयमा उपमान-वस्तुको सम्भावना, किवा कुनै कुराको कारण हो कि भन्ने सम्भावना, अथवा कुनै कुरालाई कुनै कुराको फल हो कि भन्ने सम्भावना भएमा उत्प्रेक्षा अलङ्कार हुन्छ (ऐजन) ।" उपमेयमा उपमानको सम्भावना देखाउँदा प्रकट हुने अलङ्कार उत्प्रेक्षा अलङ्कार हो । यस अलङ्कारमा परस्परमा भिन्न भएर पनि उपमेय नै उपमान हो मि भन्ने भ्रम हुन्छ । उत्प्रेक्षा अलङ्कार पनि निर्धारित महाकाव्य-विश्लेषणको प्रमुख अलङ्कार हो ।

### (ज) अतिशयोक्ति अलङ्कार

अभेदप्रधान्य अलङ्कार अन्तर्गतको यस अलङ्कारर्ला वर्गीकरण गरेका छन् । " तथ्य (यथार्थ) केही बदेको भाव गर्भित भई रमणीय उक्ति अतिशयोक्ति अलङ्कार हुन्छ (ऐजन)। " कुनै विषय अर्थात् उपमेयको उपमानका साथ अभेद प्रतीतिद्धारा बढाइ चढाइका साथ प्रस्तुत गर्दा प्रकट  हुने अलङ्कार नै अतिशायोक्ति अलङ्कार हो । "कुनै वस्तु (उपमेय) या विषयको बढाइ-चढाइका साथ वर्णन गर्नु नै अतिशयोक्तिको  मुल  तात्पर्य भएकाले  यस अलङ्कारमा कुनै वस्तु वा विषयको वर्णन स्वभाविक या वास्तविक रुपमा भन्दा बढी गरिन्छ (श्रेष्ठ;२०६२: १४८)।" प्रस्तुत अलङ्कारलाई पनि विवेच्य महाकाव्य विश्लेषणको प्रमुख आधारमा रुपमा लिइएको छ ।

## २.२.१.३ गम्यौपम्याश्रयामुलक अलङ्कार

रुच्यकले सादृश्यविच्छित्तिमुलक अलङ्कार अन्तर्गत गम्यौपम्याश्रयमुलक अलङ्कारको चर्चा गरेका छन् । रुच्यकका अनुसार जहाँ उपमान र उपमेयबिचको सादृश्य वा औपम्य शब्द उल्लेख नभई अर्थात् इव, यथा, झैं, सरि, जस्ता वाचक पदविना पनि गम्या वा बोध हुन्छ त्यैलाई  गम्यौपम्यमुलक अलङ्कार भनिन्छ (२०३६: २३६) । उनका अनुसार 'गम्य' पदले

व्यङ्ग्य होइन भन्ने कुरालाई पुष्टि गर्छ । यस किसिमको सादृश्य पद र वाक्यमा आश्रित हुन्छ । त्यसैले यस किसिमको सार्दश्य पद र वाक्यमा आश्रित  हुन्छ । त्यसैले यस उपवर्गीकरण पनि पदार्थगत र वाच्यार्थगत गरी दुई भेदरहेको पुष्टि हुन्छ । यस वर्गीकरणभित्र रुच्यकले निम्नलिखित अलङ्कारहरुको निरुपण गरेका छन् ।

## (क) तुल्ययोगिता अलङ्कार

गल्ययोगिता अलङ्कार अन्तर्गत पदार्थगत उपवगीकरणमा रुच्यकले् तुल्ययोगिता अलङ्कारको चर्चा  गरेका छन् । समान धर्म भएका कारण योग वा सम्बन्ध हुने भएकाले यसलाई तुल्ययोगिता भनिएको हो। “त्यस प्रसङ्गमा वर्णनीय हुने अनेकमा, अथवा अवर्णनीय हुने अनेकमा एक धर्मको सम्बन्ध बुझाएमा तुल्ययोगिता अलङ्कार हुन्छ । ( सिग्देल;पूर्ववत्:२२१)” तुल्ययोगिता प्रस्तुतहरु वा अप्रस्तुतहरुका बिच एउटै धमैद्वारा सम्बन्ध देखाइने अलङ्कार हो ।  प्रस्तुत महाकाव्यमा पनि तुल्ययोगिता अलङ्कार  रहेको छ । यसको निरुपण अर्को परिच्छेदमा गरिएको छ ।

## (ख) दीपक अलङ्कार

दीपक अलङ्कारलाई पनि रुच्यकले यसै उपवर्गभित्र राखेका छन ।“नानाथरी शब्दान्तर वाक्य पदको आश्रय नै प्रयोजन भएको परस्पर साकाङ्क्ष अनेक शब्दहरुको आकाङ्क्षा पुर्ण गर्ने क्रिया,गुण, जात्यादि छन् र एकै वाक्य रुपले जो संयुक्त छ त्यो नै दीपक अलङ्कार हो ( भट्टराई, अनु.२०३९:२७५)।” सोमनाथ सिग्देलका अनुसार-” त्यस प्रसङ्गमा कुनै वर्णनीय कुनै अवर्णनीय अनेकमा एक धर्मको सम्बन्ध देखाएमा दीपक अलङ्कार हुन्छ (पूर्ववत: २२१)/” प्रस्तुत र अप्रस्तुत विषयका धर्मको समानता जहाँ हुन्छ त्यकाँ दीपक अलङ्कार हुन्छ। दीपकको अर्थ बत्ती हो । जसरी बत्तीले हामीलाई चाहिएको भन्दा अरिक्त वस्तुहरु पनि प्रकाशित गरि दिन्छ त्यस्तै गुण एवम् क्रिया आदिका समानताले प्रस्तुत विषयका साथै अप्रस्तुत विषय पनि पैकाशित गरिदिन्छ ।

## (ग) दृष्टान्त अलङ्कार

दृष्टान्त अलङ्कारलाई पनि गम्यौपम्याश्रयमुलक अलङ्कार अन्तर्गत वाक्यार्थगत उपप्रकारमा वर्गीकरण गरिएको छ । जहाँ साधारण धर्म एक नभएपनि उपमेय र उपमामा छाया र प्रतिच्छाया हुन्छ, त्यसैलाई दृष्टान्त अलङ्कार भनिन्छ । सोमनाथ सिग्देलका अनुसार“अनेक वाक्यार्थमा धर्म एक नभए पनि विम्ब र प्रतिविम्ब जस्ता भएर ती वाक्यार्थको समानता बुझिएमा दृष्टान्त अलङ्कार हुन्छ। (पुर्ववत:२२३)।” उपमेय र उपमानकाबिच बिम्ब प्रतिबिम्ब भावको सम्बन्ध रहँदा प्रकट हुने अलङ्कार दृष्टान्त हो । यसमा एउटा पङक्ति उपमेय र अर्को पङक्ति उपमान हुन्छ । एउटामा विम्बको भाव हुन्छ भने अकौमा प्रतिविम्बको भाव हुन्छ । यस अलङ्कार अर्न्गात पहिलो कथन भनाइ वा बिम्व स्वरुप र दोस्रो कथन प्रतिविम्बस्वरुप आएको हुन्छ ।

## (घ) निदर्शाना अलङ्कार

निदर्शनालाई पनि रुच्यकले शब्दालङ्कारको वर्गीकरण गर्ने कममा गम्यौपम्यआश्रयमुलक अलङ्कार अन्तर्गत चर्चा गरेका छन् । सादृश्यवाचक शब्दरहित भएर पनि क्रियाद्धारा नै विशिष्ट अर्थ निरुपण हुँदा निदर्थण अलङ्कार हुन्छ । “विभिन्न आधारमा रहेर भिन्न हुने गुण आदि अनेक पदार्थको  साम्यले अभेदारोप गरी ऐक्य बुझाएमा वाक्यार्थको निदर्शना

अलङ्कार हुन्छ (ऐजन)। " वास्तवमा कल्पिन कुरालाई दृष्टान्तका रुपमा देखाउनु निदर्शना हो । "वस्तुहरुका बिच सम्बन्ध भए पनि नभए पनि एक अर्काका साथ विम्बप्रतिविम्ब भाव भएमा निदेर्शन अलङ्कार हुन्छ (उपाध्याय;२०६७:१२५)। " प्रस्तुत अलङ्कारको प्रयोग 'आदश राघव' महाकाव्यमा भएको छ ।

## २.२.१.४ भेदप्राधान्यमूलक अलङ्कार

उपमान र उपमेयबिचको सादृश्यलाई छुट्टाउन सकिने भएमा त्यसलाई भेदप्रधान्यमुलक सादृश्य अलङ्कार भनिन्छ । रुच्यकका अनुसार भेद भनेको वैलक्षण्य हो र यो कहिले उपमानभन्लदा उपमेयको अधिक्य र कहिले उपमेय भन्दा उपमानको आधिक्य तथा न्युनत्व हुने अवस्थामा रहन्छ (पुर्वत:२८५) । रुच्यकले यस वर्गभित्र पर्ने अलङ्कारलाई निम्न रुपमा उल्लेख गरेका छन्:

### (क) व्यतिरेक अलङ्कार

सँस्कृत भाषाको नियम अनुसार व्यक्तिरेकको व्युतत्ति 'वि+अति+रिच+घञ (उन)(=)' हुन्छ । जसको अर्थ अलङ्कार शास्त्रमा यसको अर्थ उपमान र उपमेय एक आपसमा उत्कषविह अथवा अपकर्षावद हुने अवस्थालाई व्यतिरेक भनिन्छ । "कुनै धर्मले समान उपमान उपमेयमा उपमानभन्दा उपमेयमा केही गुणको आधिक्य किंवा न्युनता भई बैधर्म्य बुझिएमा व्यतिरेक अलङ्कार हुन्छ (सिग्देल;पूर्वत् : २२०)।" दुईवटा विषयवस्तुहरु प्रस्तुत गर्दा उपमान मा उपमेय मध्ये एउटालाई घटी वा बदीका रुपमा प्रस्तुत गरिन्छ भने त्यहाँ व्यतिरक अलङ्कार हुन्छ । प्रस्तुत अलङ्कार पनि 'आदर्श राघव' महाकाव्यमा शब्दालङकार विश्लेषणको आधार हो ।

### (ख) सहोक्ति अलङ्कार

सहोक्तिलाई पनि भेदप्राधान्यमूलक अर्थालङ्कार भित्रै समावेश गरिएको छ , विश्वेश्वर पण्डितले सहोक्तिलायई विशेष्य विहोषण वा उपमान उपमेयका एउटै धर्मको एक साथ कथन वा उक्ति हो भनी परिभाषित गरेका छन् )१९८५:३३०) । सोमनाथ सिग्देलका अनुसार"कुनै दुईको सहभाव देखाएर साम्य बुझाएमा सहोक्ति अलङ्कार हुन्छ । पूर्ववत्:२२९) । " आदर्श राघव महाकाव्यमा पनि यसको प्रयोग भएको हुँदा यसलाई प्रमुख आधारका रुपमा लिइएको छ ।

### (ग) विनोक्ति अलङ्कार

मम्मटले विनेक्ति अलङ्कारलाई एक विना अर्को सुन्दर या असुन्दर भएमा विनोत्तिः हो भनी उल्लेख गरेका छन् (२०२१: ४०१) कोहीविना कसैको प्रशंसा वा निन्दाको कथन भएमा थ्यहाँ विनोक्ति हुन्छ । कुल चन्द्धगौतमका अनुसार केही कुरा नहुनाले कुनै वस्तुको उत्तमता भएको र केही कुरा नहुनाले कुनै वस्तुको तुच्छता भएको गरी यसका दुई भेदहरु निरुपण गरेका छन्(२०१५:१२२) । विनोक्तिलाई सिग्देलले " कुनै विषयमा केही कुराको अभावले भव्यता,किवा अभव्यता देखाएमा विनोक्ति अलङ्कार हुन्छ । पूर्ववत :२२९।" प्रस्तुत अलङ्कारलाई पनि निर्धारित महाकाव्य विश्लेषणको पैमुख आधारको रुपमा लिइएको छ ।

### २.२.२ विशेषणविच्छित्तिमुलक अलङ्कार वर्ग

यस वर्गका अलङ्कारहरुमा रुच्यकले विशेषण हरुको आधिक्युता हुने उल्लेख गरेका छन् । "विशेषण विशेष्ताबाट नै यदि काव्यमा सौन्दर्य वा विच्छित्ति उत्पादन हुन्छ भने त्यस पकृतिका सबै अलङ्कार विशेषण विच्छित्तिमुलक हुन् (खनाल, पूर्ववत्: ३६१) ।" रुच्यकले यस वर्ग अन्तर्गत समासोक्ति, परिकर, श्लेष र अप्रस्तुतप्रशंसा तथा अर्थान्तरन्यासलाई समावेश गरेका छन्। विशेषण विच्छत्तिमुलक अलङ्कार लाई 'केवल विशेषण' र 'सविशेष्यविशेषण' गरी दुई उपवर्गमा विभाजन गएिको छ । यी विभाजन उल्लेख नगरी रुच्यक सम्मत विशेषणविच्छत्तिमुलक अलङ्कार वर्ग अन्लर्गतका अलङ्कारलाई यस शीर्षकमा  चर्चा गरिएको छ ।

#### २.२.२.१ समासोक्ति अलङ्कार

संक्षिप्त भनाइ, छाटो उक्ति वा छोटकरीमा कुनै कराको कथन गर्नु नै समासोक्ति हो । अलङ्कार शास्त्रले "जहाँ पैस्तुत वर्णन गर्दा स्वस्फुर्त रुपमा अप्रस्तुतको अर्थ पनि झल्कन्छ त्यहाँ समासोक्ति अलङ्कार हुन्छ (ऐजन)। "प्रस्तुत कुराको वर्णन गर्दा लिङग विशेषण आदिका समानताले जहाँ अप्रस्तुत कुरा पनि बोध हुन्छ त्यहाँ समासोक्ति अलङ्कार हुन्छ । "प्रकृत कुरालाई कार्य स्त्री-पुलिङग, विशेषण आदिको समानताबाट अप्रकृतको व्यवहार आरोप गरी देखाएमा समासोक्ति हुन्छ (सिग्देल ;पूर्ववत्: २२९)। " त्यसैले समासोक्ति अलङ्कार भन्नाले प्रस्तुतको वर्णनद्धारा अप्रस्तुतको प्रतीति हुनु हो ।

#### २.२.२.२ अप्रस्तुत प्रशंसा अलङ्कार

'अप्रस्तुत' र 'प्रशंसा' जस्ता दुई पदहरु मिलेर अप्रस्तुत प्रशंसा पदावली निर्माण भएको छ । अप्रस्तुत वा कुनै अन्य कुराको वर्णनगर्दा प्रस्तुत कुरा बुझिएमा अप्रस्तुतप्रशांसा अलङ्कार हुन्छ । अप्रस्तुत विषयको वर्णन गरेर प्रस्तुत कुरा बुझाए अप्रस्तुत प्रशंसा अलङ्कार हुन्छ । यसको अर्थ अप्रासङ्गिक कुराको वर्णन गर्नु भन्ने हुन्छ । यसैले प्रस्तुत कुरा वर्णन गर्नु पर्नेमा अप्रस्तुत कुरा भन्ने हुन्छ । यसैले,प्रस्तुत कुरा वर्णन गर्नु पर्नेमा अप्रस्तुत कुरा वर्णन गरेर त्यसबाट प्रस्तुत कुरा झल्काइयो भने अप्रस्तुतप्रशंसा अलङ्कार हुन्छ । "कुनै अप्रासङ्गिक कुरा गरेर प्रासङगिक कुरा बुझाएमा अप्रस्तुत प्रशंसा अलङ्कार हुन्छ। यसमा केही  अप्रकृत कार्य, कहीँ अप्रकृत सामान्यबाट प्रकृत विशेष, कहीँ अप्रकृत विशेषबाट प्रकृत सामान्य कहीँ अप्रकृत तुल्य कुराबाट प्रकृत तुल्य कुरा बुझिने भई पाँच भेद हुन्छ ( सिग्देल;पूर्ववत:२३०)। " त्यसैले अप्रस्तुतप्रशंसा अलङ्कार भन्नाले अप्रासङिगक वस्तुद्धारा प्रासङ्गिक वस्तुको बोध हुनु हो ।

#### २.२.२.३ अर्थान्तरन्यास अलङ्कार

यस वर्गमा रुच्यकले अर्थान्तरन्यास अलङ्कारलाई पनि समावेश गरेका छन्। "अप्रस्तुत अर्थले प्रस्तुतार्थको समर्थन गर्नु अर्थान्तरन्यार हो (खनाल;पूर्ववत्:३६९)। "यसमा सामान्य अर्थलाई विशेष अर्थले अथवा विशेष अर्थलाई सामान्य अर्थले समर्थन गरिन्छ। जगन्नाथका अनुसार जहाँ सामान्यले विशेषको अथवा विशेषले सामान्यको समर्थन गरेको हुन्छ त्यहाँ अर्थान्तरन्यास हुन्छ (२०३७: ६९०) । यसमा सामान्य र विशेष दुवै प्रकृत आउनै पर्दछ । "सामान्य र विशेष दुवै कुरा देखाई (क) सामान्यले विशेषलाई, किंवा ख) विशेषले सामान्यलाई समर्थन गरेमा अर्थान्तरन्यास अलङ्कार हुन्छ (.सिग्देल;पूर्ववत्: २३९)।" यसरी

सामान्यलाई विशेषद्धारा विशेषलाई सामान्यद्धारा , कारणलाई कार्यद्धारा समान र असमान दुई स्तरमा सम्बोधन वा समर्थन गरिएमा अर्थान्तरन्यास अलङ्कार हुन्छ ।
यी बाहेक विशेषणविच्छित्तिमुलक अलङ्कार वर्गमा विकस्वर र श्लेष अलङ्कार समावेश गरिएको छ । यी दुई अलङ्कारहरु आदर्श राघव महाकाव्यमा निरुपित नगरिने हुँदा यहाँ यिनीहरुको चर्चा गरिएको छैन ।

## २.२.३ गम्यार्थताविच्छित्तिमुलक अलङ्कार वर्ग

रुयकले अलङ्कार वर्गहरुको निरुपण गर्ने क्रममा गम्यार्थताविच्छित्तिमुलक अलङ्कार वर्ग अन्तर्गत विभिन्न अलङ्कारहरु उल्लेख गरेका छन् । गम्यमान अर्थका प्रयोगले काव्यरसौन्दर्यको वृद्धि भएमा गाम्यार्थता हुन्छ । रुयकका अनुसार गम्यार्थता अर्थात वाच्यार्थता कारणले व्यङ्ग्य अर्थभन्दा बेग्लै तरिकाले अलङ्कारमा पर्यायोक्त, व्याजस्तुति र आक्षेप रहेका छन् (२० ३६:४१०)। यस वर्गका अलङ्कारहरुलाई 'आदर्श राघव' महाकाव्यमा खोज्ने प्रयास गरिएको छ ।

### २.२.३.१ पर्यायोक्त अलङ्कार

रुच्यकले गम्यार्थता अलङ्कार वर्ग भित्र पर्यायोक्त अलङ्कारलाई प्राथामिकताका साथ उल्लेख गरेका छन् । पर्यायोक्त अलङ्कार भन्नालवे घुमाउरौ किसिमको कथनलाई बुझिन्छ । सोमनाथ सिग्देलका अनुसार -"सोझै भन्नु पर्ने कुनै कुरालाई घुमाउरो उक्ति गरी व्यङ्ग्य गराएर बुझाउँदा पर्यायोक्त अलङ्कार हुन्छ (पुर्ववतः २४०)। " यस अलङ्कारको प्रयोग 'आदर्श राघव' महाकाव्यमा भएकाले निर्धारित पाठको विश्लेषणका लागि पर्यायोक्त अलङ्कारलाई प्रमुख आधारका रुपमा लिइएको छ ।

### २.२.३.२ व्याजस्तुति अलङ्कार

व्याजस्तुतिले निन्दा गरेजस्तो गरेर स्तुति गर्नुलाई जनाउँछ । यसैगरी यसले स्तुति गरेजस्तो गरी निन्दा गर्नुलाई पनि जनाउँछ । यसको शाब्दिक अर्थ केलाउने हो भने छल गरेर स्तुति गर्नुलाई जनाउँछ । " बहिर स्तुति गरेजस्तो भित्रबाट निन्दा बुझिने , बाहिर निन्दा गरेजस्तो भित्रबाट स्तुति बुझिने भएमा व्याजस्तुति अलङ्कार हुन्छ (सिग्देल;पुर्ववत्:२३६)।" यसरी व्याजले निन्दा र स्तुतिले प्रशंसालाई बुझाँउछ ।

### २.२.३.३ आक्षेप अलङ्कार

आक्षेपले निषेधलाई बुझाउँछ । "भन्नालगेको विषयमा निषेधजस्तो अथवा अनिष्ट विषयमा विधि जस्तो भएर विशेष बुझाई निषेधमा विधि, विधिमा निषेध बुझाएमा अरक्षेप अलङ्कार हुन्छ (ऐजन) । " आक्षेपले निषेधलाई सङ्केत गर्दै निषेध र विधिका बिचमा सम्बन्ध देखाउँछ ।

## २.२.४ विरोधविच्छित्तिमुलक अलङ्कार वर्ग

रुच्यकले शब्दालङ्कारको वर्गीकरण गर्ने क्रममा उपमान र उपमेयको सजातीय र विजातीयको सम्बन्ध देखाउने क्रममा विरोध मुलक अलङ्कार वर्गको निरुपण गरेका छन् "उपमेय पदार्थ र उपमान पदार्थबिच अथवा जाति, गुण, क्रिया, द्रव्य पदार्थ वर्णनमा सजातीय र विजातीयको सम्बन्ध देखाउनु विरोध हो । यिनलाई विरोधीजस्तै देखाएर

चमत्कार उत्पन्न गरिन्छ भने त्यस किसिमको अलङ्कारलाई विरोधविच्छित्तिमुलक अलङ्कार भनिन्छ (खनाल, पुर्ववत्: ३७६)। "यस्ता अलङ्कारको मुल स्वभाव विरोधविच्त्तिमुलकता हो । रुच्यकले यस वर्गभित्र विरोध/विरोधामास, विभावना, विशेषोक्ति, विषय अलङ्कारलाई समेटेका छन् (२०३६:४५२) यी अलङ्कारको तल चर्चा गरिएको छः

## २.२.४.१ विरोध/ विरोधाभास अलङ्कार

विरोध अलङ्कार भन्नाले केही विशेषता बताउन कुनै गुण अथवा क्रियाका विरुद्ध अर्कै क्रियाको वर्णन गर्नुलाई बुझिन्छ । जहाँ कुनै विशेष कुरा दर्साउन नै विरुद्ध पदार्थहरुका संसर्ग देखाउने काम गरिन्छ त्यहाँ विरोध अलङ्कार हुन्छ (दण्डी;१९९२:२०६)। "कुनै जाति गुण, क्रिया र द्रव्यका बिच विरोध परेको आभास भएमा विरोध अलङ्कार हुन्छ (उपाध्याय, पूर्ववत्: १२३)" यस्तो अलङ्कारमा वास्तविक विरोधचाहिँ हुँदैन तर विरोध गरेजस्तो देखिन्छ ।

## २.२.४.२ विभावना अलङ्कार

विभावना अलङ्कारलाई विरोधविच्छित्तिमुलक अलङ्कार अन्तर्गत कार्यकारणभावाश्रित अलङ्कारको उपवर्गमा राखिएको छ । विभावना भन्ननले कारणविना कार्यको उत्पत्ति हुनु हो । " प्रसिद्ध कारण नभए पनि कार्य भएमा विभावना अलङ्कार हुन्छ (सिग्देल, पुर्ववत्:२३५)। " जहाँ लोक प्रसिद्ध कारणको अभाव देखाएर अर्कै कारण खोजिन्छ अथवा कारण हुँदै नभएर स्वभाविक अवस्था बुझिन्छ व्यहाँ विभावना हुन्छ ।

## २.२.४.३ विशेषोक्ति अलङ्कार

विशेषोक्ति भन्नाले कारण भएर पनि कार्य नभएको कथन गरिएमा विशेषोक्ति हुन्छ । कारण भए पनि कार्यको उत्पत्ति नहुनु, हेतु भएर पनि फलको अभाव रहनु प्रसिद्ध कारणको पौल रहे पनि कार्यको उत्पत्ति हुन नसक्नु विशेषोक्ति हो । "कारण भए पनि कार्य नहुन विशेषोक्ति हो(ऐजन)। " यसरी कारण वा सम्भावना हुँदाहुँदै पनि फल प्राप्त नहुनु वा क्रियाव्यापार सम्पन्न नहुनु विशेषोक्ति अलङ्कार हो ।

## २.२.४.४. विषम अलङ्कार

नमिल्ने क्रियम, घटना वा कुरालाई, एकै ठाउँमा देखाउँदा विषयम हुन्छ । रुद्धटका अनुसार जहाँ वक्ता दुई अर्थ मा वस्तुमा हुँदै नभएका सम्बन्धको कल्पना अकैको  मतबाट गरेर पनि त्यसलाई भताभुङ्ग पार्दछ भने त्यहाँ विषम अलङ्कार हुन्छ (१९६४:२१७)। कारण कार्यसँग सम्बन्ध गुण अथवा क्रियाहरुबिच परस्पर विरोध उत्पन्न  हुन विषम अलङ्कार हो । यसमा अमिल्दा पदार्थहरुका घटनाको वर्णन गरिन्छ । विश्वेश्वरपण्डितका अनुसार जहाँ विलक्ष्ण वस्तुहरुको परस्पर सम्बन्ध बन्न सक्दैन ,जहाँ इष्टप्रारितको बदला अनिष्ट प्रारित हुन्छ, जहाँ कार्यकारण बनेका धर्मको विरुद्ध गुणक्रियाजनकत्व रहन्छ व्यहँ विषम अलङ्कार हुन्छ ( १९८७:३७३)। यसरी बेमिल्दा कुराहरुको एकै ठाउँमा घटना देखाउनु विषम अलङ्कार हो ।

## २.२.४.५ उल्लास अलङ्कार

उल्लास भन्नाले सामान्य व्यवहारमा हर्ष,खुसी, या आनन्दलाई बुझिन्छ । अप्पय दीक्षितका अनुसार उल्लास अलङ्कार भन्नाले कुनै वस्तुका गुण वा दाषबाट अन्य बस्तुका दोष वा

गुणको वर्णन हुनु नै उल्लास हो )१९९५:२२२) । यसमा कसैको गुणबाट कसैको गुण, कसैका दोषबाट कसैको दोष र कसैको गुणबाट दोष र कसैको दोषबाट गुाणको वर्णन गर्नु उल्लास हो ।

### २.२.४.६. व्याघात अलङ्कार वर्ग

व्याघात भनेको विशेष किसिमले गरिएको घात, चोट, प्रहार वा घाउ हो । परस्पर विरोधी हुने गरी समावेश गरिएका दुई वटा अंश भएको वाक्यार्थ नै व्याघात अलङ्कार हुन्छ) १९६५:३०८) । जयदेवले जहाँ कुनै वस्तुले पहिले गरेका अर्कै. कार्यको त्यस विरुद्ध कार्य गरेको वर्णन गर्न्छि त्यहाँ व्याघात अलङ्कार हुन्छ (१९८१:१३१)। रुच्यकका अनुसार कसैले कुनै उपायबाट कुनै वस्तु उत्पादन गर्छ, त्यसभन्दा बेग्लै कुनै विरोधीले उही उपायबाट जसलाई बेग्लू रुपमा बदली दिन्छ । त्यस्तै कसैले गरिका कार्यलाई सजिलैसँग जहाँ उल्ट्याहरुको वर्णन गरिन्छ त्यहाँ व्याधान नै हुन्छ (पूर्ववतः ५१४)। यसरी एउटा स्वभाव भएको बस्तुलाई अर्कै काम गराएको वर्णन गर्दा व्याघात अलङ्कार हुन्छ ।

### २.२.५ शृङ्खलाविच्त्तिमुलक अलङ्कार वर्ग

रुच्यकको अर्थालङकार निर्धारणको अर्को आधार शृङ्खलात  पनि हो। “जहाँ वाक्यमा पूर्व अथवा उतरतिर शृङखला बन्ने गरी चमत्कार उत्पादन गरिन्छ; ती शृङखलाविच्छिछित्तिमुलक हुन् । यस्ता अलङ्कारलाई समावेश गरिने वर्ग नै शृङखलाविच्छिछित्तिमुलक अलङ्कार वर्ग हो । यसभित्र रुच्यकले कारणमाला, एकावली मालादीपक अलङ्कारलाई समावेश गरेका छन् ।

### २.२.५.१ कारणमाला अलङ्कार

कारण र कार्य सृशृङ्खलित रुपमा एकपछि अर्को गर्दै आएमा कारणमाला हुन्छ । कहिले उपमा कारण र उपमेय कारण र उपमानकार्य परेमा कारणमाला अलङ्कार हुन्छ (सिग्देल , पूर्ववत : २४०) । ” यसरी कारणमालामा कार्य  कारण सम्बन्ध शृङखलित भएर आउँछ ।

### २.२.५.२ एकावली अलङ्कार

एकावली अलङ्कार भन्नाले कारण कार्यदेखि बाहेक विशेष्यहरु शृङ्खलित रुपमा आउनु भन्ने बुझिन्छ । सोमनाथ सिग्देलका अनुसार “कारण कार्यदेखि इतर विशेषण र विशेष्टको शृङ्खाला परेमा एकावली अलङ्कार हुन्छ । (पूर्ववत्:२४०)।” यसरी कारण कार्य भन्दा भिन्न रुपले विशेष्यहरु शृङ्खलित रुपमा आउनु एकावली अलङ्कार हो ।

### २.२.५.३ मालादीपक अलङ्कार

एकावली अलङ्कार भन्नाले कारण कार्यदेखि बाहेक विशेष्यहरु शृङखलित रुपमा आउनु भुन्ने बुझिन्छ । सोमनाथ सिग्देलका अनुसार “ कारणकार्यदेखि इतर विशेषण र विशेष्यको शृङ्खला परेमा एकावली अलङ्कार हुन्छ (पूर्ववतः २४०) ।” यसरी कारण कार्य भन्दा भिन्न रुपले विशेष्यहरु शृङखलित रुपमा आउनु एकावली अलङ्कार हा ।

### २.२.५.३ मालादीपक अलङ्कार

उपमेय उपमानसँग र उपमान उपमेयसँग सुशृङखलित रुपमा अगाडिको छाडि जोडिएर आएमा मालादीपक हुन्छ ।“ अगाडिको पछाडि जोडिएर शृङ्दला जस्तो परेको दीपक भए

माला दीपक हुन्छ (ऐजन) । " मालादीपकलाई पनि रुच्यकलु शृङ्खलाविच्छित्तिमुलक वर्ग मै राखेका छन् ।

### २.२.६ तर्कन्यायविच्छित्तिमुलक अलङ्कार

लर्कका आधारमा रुच्यकले यस वर्गका अलङ्कार हरुको निरुपण गरेक छन् । " तर्क शास्त्रसम्मत  तर्क र न्यायका आधारमा अदि काव्यमा सौर्न्य वा चमत्कार उत्पादन गरिन्छ भने त्यसलाई तर्कन्यायविच्छित्तिमुलक भनिन्छ । यसै आधारमा रचित अलङ्कारहरुलाई नै तर्कन्यायमुलक अलङ्कारवर्गमा राखिएको छ (खनाल, पूर्ववत्:३९४) ।" यस अन्तर्गत रुच्यकले काव्य लिङ्ग र अनुमान दुई अलङ्कारलाई राखेका छन् ।

### २.२..६.१ काव्यलिङ्ग अलङ्कार

वाक्य वा पद नै मुख्य कुराको समर्थक बनेमा काव्यलिङ्ग हुन्छ । लिङ्गलाई हेतु वा कारणका रुपमा लिइएको छ ।यसलाई न्यायशास्त्रका आधारमा वर्गीकरण गरिएको हो । रुद्धटका अनुसार पट्टिले परोक्ष, साध्यवस्तु वा कार्यको उल्लेख गरेर पछि साधक वस्तु वा कारणको वर्णन गर्दा अथवा यसको ठिक उल्टो पट्टिले साधक बस्तु वा कारणको उल्लेख गरेर पछि साध्य वस्तु वा कार्यको वर्णन गरिन्छ भने अनुमान र सामान्य विशेषभावद्धारा नछोड्नुका साथै प्रकृत अर्थको उपपादक वा सम्पादकका रुपमा भन्न चाहेको अर्थ नै काव्यलिङ्ग हो ।

### २.२.६.२ अनुमान अलङ्कार

अनुमान पनि न्यायशास्त्रबाट ग्रहण गरिएको अबधारण हो ।यसलाई पनि रुच्यकले न्यायमुलक अलङ्कार वर्गमा समावेश गरेका छन् । सँस्कृत भाषको नियम  अनुसार यसको व्युत्पत्तिगत संरचना 'अनु+मा + ल्युट् (अन) हुन्छ ; जसको अर्थ अनुमितिको कारण नै अनुमान हो भन्ने हो भन्ने हुन्छ । जयदेवका अनुसार कारणद्धारा कार्यको अनुमान हुनु नै अनुमान हो (१९८१: ९३) । रुच्यका अनुसार अनुसार परोक्ष साध्य वस्तु वा कार्यको उल्लेख गरेर पछि साधक वस्तु वा कारणको वर्णन गर्दा अथवा पहिले साधक वस्तु वा कारणको वर्णन गर्दा अथवा पहिले साधक बस्तु वा कारणको र पछि साध्य वस्तु वा कार्यको वर्णन गर्दा अनुमान अलङ्कार हुन्छ । बलवान् कारण राखेर जहाँ हुँदै नभएको, भएको र पछि हुने कार्य विशेषको वर्णन हुन्छ त्यहाँ अनुमान अलङ्कार हुन्छ (पूर्ववत् : २२२) । यसरी कुनै र्का देखेर कारणको अन्दाज गर्नु अनुमान हो ।

### २.२.७ वाक्यन्यायविच्छित्तिमुलक अलङ्कार वर्ग

वाक्यन्यायको वर्गीकारण गर्ने क्रममा रुच्यक मीमांसशास्त्रबाट प्रभावित भएका देखिन्छन् । " मीमांसशास्त्रत्रोक्त न्यायका आधारमा काव्यमा सौन्दर्य उत्पादन हुने भएका त्यसलाई वाक्य न्यायविच्छित्ति भनिन्छ । त्यही मुलमा रहने अलङ्कार वाक्यन्यायविच्छित्तिमुलक अलङ्कार हुन् । यस अन्तर्गत रुच्यकले उल्लेख गरेका अलङ्कारहरु निम्नलिखित छन् :

### २.२.७.१ समुच्चय अलङ्कार

समुच्चय भन्नाले गुण, द्रव्य, क्रिया आदि पदार्थ उकत्रित हुनुलाई बुझिन्छ । रुद्रटका अुनसार जहाँ भिन्न-भिन्न स्थानमा रहेका गुणक्रिया एक ठाउँमा एउटै समयमा आउँछन् त्यहाँ समुच्चयालङ्कार हुन्छ (पूर्ववत् :२०७)। त्यस्तै मम्मटका अनुसार जहाँ कुनै कार्य सिद्धिका

लागि एउटा साधक कारण छँदा छँदै पनि अरु कारणलाई पनि साधक बनाएर वर्णन गरिन्छ त्यहाँ समुच्चय हुन्छ (२०२१:४०९)। गुण र क्रियाहरुको एकै पटक उपस्थिति हुनु सुमुच्चयालङकार हो । यसमा एउटै समयमा अनेक क्रिया भएको वर्णन गरिन्छ । त्यसैगरी एउटै कारणबाट केही कुराको सिद्धि हुन सक्ने मा धेरै वटा कारणहरु देखाइए भने पनि समुच्चय हुन्छ । "एकै चोटि अनेक गुणको आर्विभाव अनेकक्रियाको सिद्धि भएको वर्णन गरिएमा र यौटै कारणवाट क्रियासिद्धि हुन सक्नेमा अनेक कारण देखाइएमा समुच्चयालङ्कार हुन्छ (गौतम; २०१५: १३)।" यसरी एउटा हेतु भए पनि अरु हेतुको वर्णन गर्दा समुच्चय अलङ्कार हुन्छ ।

## २.२.७.२ पर्याय अलङ्कार

पर्यायले समानता भन्ने अर्थ बुझाउँ छ । सँस्कृत भाषाको नियम अनुसार यसको व्युत्पत्ति 'परि+इ+घञ् (अ)' हुन्छस । यसको अर्थ अनुक्रम, परिपाटी वा आलोपालो भन्ने हुन्छ । रुद्रटका अनुसार जहाँ अनेक आधाहरुमा एउटा वा एक आधारमा अनेक वस्तु क्रमशः एउटै आधारमा रहँदा एउटा र अनेक वस्तु क्रमशः एउटै आधारमा रहँदा अर्को पर्याय अलङ्कार हुन्छ (२०२१:४१२)। रुच्यकले पर्यायलाई वाक्यन्यामुल अलङ्कारको कोटिमा समावेश गर्दै एउटै वस्तुलाई अनेक आधारमा र अनेक वस्तुलाई एउटै वस्तुलाई अनेक आधारमा र अनेक वस्तुलाई एउटै आधारमा क्रमशः वर्णन गरिएमा पर्थायलङ्कार हुन्छ (२०३६: ५६५) भनी परिभाषित गरेका छन्। यसरी पर्याय अलङ्कारले एक वस्तु अनेकमा या अनेक वस्तु एकमा क्रमशः राख्नुलाई जनाउँछ ।

## २.२.७.३ अर्थापत्ति अलङ्कार

रुच्यकले यसलाई न्यायविच्छित्तिमुलक अलङ्कार वर्गको वाक्यन्यायमुलक उपवर्गमा समावेश गरेका छन् । दण्डपुपिकान्यायद्धारा अर्को अर्थको सिद्धि हुनुलाई अर्थापत्ति अलङ्कार भनिन्छ (रुच्यक;पूर्ववतः५८५)। जयदेवका अनुसार जहाँ अर्कै पदार्थहरुको वर्णन स्वतः सिद्ध हुन जान्छ त्याहाँ अर्थापत्ति ख हुन्छ(१९८१:९३)। विश्वनथका अनुसार दण्डपूपिकान्याद्धारा अर्को अर्थको आगमनलाई अर्थापत्ति मानिन्छ (१९७७:३५९)। जगन्नाथका अनुसार तुल्यन्यायका आधारमा अर्थान्तरको आपत्ति वा आगमनलाई अर्थापत्ति अलङ्कार हो (२०३७:७२५)। यसरी एउटा कराको बयान गर्दा अर्को कुरा स्वतः बुझिएमा अर्थापत्ति अलङ्कार हुन्छ ।

## २.२.७.४ परिसङख्या अलङ्कार

निषेधबाट विषयवस्तुको बोध हुनु परिसङख्या हो । सँस्कृत भाषाका नियम अनुसार यसको व्युत्पत्तिगत संरचना 'परि+सम्+अङ+टाप् (आ)' हुन्छ ।रुद्धटका अनुसार कतै समान भएर पनि जो सोधेर या नसोधेरै पनि साधारण गेण-क्रिया आदिको अस्तित्व त्यसरी बाताउँदा परिसङ्ख्या अलङ्कार हुन्छ; जहाँ अन्यत्र त्यस वस्तुको अभावको प्रतीत हुन्छ(१९६५:२२९) । विश्वनाथका अनुसार प्रश्न गरेर या नगरेरै पनि कभित बस्तुबाट अर्को वस्तुको शब्द वा अर्थद्धारा नियन्त्रण हुँदा परिसङ्ख्या अलङ्कार हुन्छ (१९७७:३५६)। रुच्यकका अनुसार एउटाको अनेक स्थानमा प्रप्ति भए तापनि एकै ठाउँमा ल्याउनुलाई परिसङ्ख्या अलङ्कार भनिन्छ (पूर्ववत्:५७७)। यसरी पश्न गरेर वा प्रश्न नगरी शब्दद्धारा वा अर्थद्धारा कुनै वस्तुको निषेध गरेर अर्को वस्तुको स्थापना गदा पसिङ्ख्या अलङ्कार हुन्छ ।

## २.२.८ लोकन्यायविच्छित्तिमुलक अलङ्कार वर्ग

लोकमा चलनचल्तीमा रहेको न्याय नै लोकन्याय हो । “यदि काव्यमा लोक वा लोकव्यवहारमुलक कुनै किसिको चमत्कार उत्पन्न गरिन्छ भने यस प्रकृतिका अलङ्कारलाई लोकन्यायविच्छित्तिमुलक भने यस प्रकृतिका अलङ्कारलाई लोकन्यायविच्छित्तिमुलक अलङ्कार भनिन्छ (खनाल,पुर्ववत्:४०८)।” यस वर्गमा रहेका अलङ्कारहरुको चर्चा तल गरिएको छ:

### २.२.८.१ पूर्वरुप अलङ्कार

पुर्वरुप भन्नाले पहिल्यै रुप प्राप्त गर्नु  भन्ने बुझिन्छ । जुनसुकै कारणले पहिलेकै रुप प्राप्त गर्नु पुर्वरुपको सामान्यार्थ हो । “ जब पुर्वरुपता वा पुर्वरुप आफ्ना चमत्कारजनक विशेषताले परिपुर्ण भई काव्य साहित्यमा पद सञ्चार गर्न थाल्छ, तब यो काव्यका रमयणीयताको प्रयोजक भई अलङ्कारको श्रेणीमा पुग्दछ (ऐजन)।”  जयदेव अनुसार कुनै पदार्थले एक पटक आफ्नो गुणलाई छोडेपछि पनि फेरि पहिलेकै आफ्नो गुण पाएको वर्णन गरिन्छ भने त्यो पुर्वरुप अलङ्कार हुन्छ(पूर्ववत्:१४५)। त्यस्तै अप्पय दीक्षितका अनुसार कुनै वस्तु विकृत भइहाले तापनि पुर्वाध्यानै दाहोरिन्छ भने त्यसलाई पुर्वरुप भनिन्छ (१९९५:२३६)। यसरी पुर्वरुप अलङ्कार भन्नाले पहिलेकै अवस्थामा फर्किएको-देखाउँदा उत्पन्न हुने काव्यात्मक रमणीयतालाई बुझिन्छ ।

### २.२.८.२ लोकोक्ति अलङ्कार

लोकमा प्रचलित सामान्य किसिको भनाईलाई लोकोक्ति भनिन्छ। ‘लोक’ भनेको सामान्य जनता वा मान्छे र ‘उक्ति’ भनेको  ‘भनाई’ हो । अप्पय दीक्षितका अनुसार लाकोक्ति भन्नाले लोकको अनुकरण गर्ने लोकोक्ति वा उखान आदि यावत् कुराहरुको चमत्कारपुर्ण कथनबाट तयार हुने अलङ्कार हो (१९९५:२५७)। यसरी लोकोक्ति अलङ्कारले लोकमा चलेको उखानलाई उखानलाई वाक्य योजनामा जोडनु लाई बुझाँउछ ।

### २.२.८.३ मीलित अलङ्कार

सँस्कृत भाषको नियम अनुसार यसको व्युत्पक्तिगत संरचना ‘मील+क्त (अ)’ हुन्छ । यसको अर्थ आँखा चिम्लिएको भन्ने हुन्छ । मम्मटका अुनसारका समान लक्षणका कारण कसैले कुनै वस्तु कुनै अर्को वस्तुले सहज वा आगन्तुक् रुपमा ढाकिएको वर्णन वा छोपएको वर्णन गर्छ भने त्यहाँ मीलित अलङ्कार हुन्छ (२०२१:४३२) रुच्यकका अनुसार एक वस्तुले अर्को वस्तु लुकाउनु-छिपाउनु-दबाउनु-ढाक्नु मीलित हो(पूर्वतत्:६२५)। जगन्नाथका अनुसार स्पष्ट रुपमा देखिने कुनै वस्तुका लिङगहरुसँग निकै समनताका कारण फरक नदेखिने अरु वस्तुका नकै समानताका कारण फरक नदेखिने अरु वस्तुका लिङगहरुले आफ्ना स्वरुपको अनुमान गराउन नसक्नु मीलिन अलङ्कार हो(२०३: ७९५)। यसरी मीलित अलङ्कार भन्नाले समान गुण भएका वस्तुमा अर्को समान गुण भएको वस्तु दबिनु वा मिल्नु लाई बुझिन्छ ।

### २.२.८.४ सामान्य अलङ्कार

सामान्य शब्दले ‘समान’ वा ‘साधारण’ भन्ने अर्थ बुझाउँछ । मम्मटका अनुसार प्रस्तुत र अप्रस्तुतविच गुणसाम्य देखाउने उद्धेश्यले दुवैको एकरुपताको वर्णन गर्नु सामान्यालङ्कार हो (२०२१: ४३८)। रुच्यकका अनुसार प्रस्तुतको अप्रस्तुतका साथ गुणसाम्य भएर एक रुपताको

: ६३२) । यसरी प्रस्तुत र अप्रस्तुका गुणसाम्यका आधारमा एक्यबोध हुनु अथवा दुबैका बिच भेदबोध हुन नसक्नु सामान्स अलङ्कार हो ।

### २.२.८.५ अनुगुण अलङ्कार

अनुगुण भन्नाले समानगुण भएको अर्थ बुझिन्छ । 'अनु' र 'गुण' मिलेर निर्माण भएको 'अनुगुण' शब्दले समान गुण भएको त्यही स्वभावको अनुकुल वा रुचिका भन्ने अर्थ जनाउँछ (ओप्टे;१९९३: ३६)। जयदेवका अनुसार अर्काको सामीप्य भएका कारण पहिलेदेखि विद्यमान आफ्ना गुणका उत्कर्षको वर्णन गर्नु अनुगुण अलङ्कार हो (१९८१:१४७)। गोविन्द प्रसाद भट्टराईका अनुसार "पहिलेको वस्तुको गुण अर्काको सङगतले झन् बढेर जानु अनुगुण हो (२०३१: ४६३)।" यसरी अनुगुण भन्नाले भन्नाले राम्रो गुण भएका वस्तुको सँसर्गले अरु वस्तुको आकषण पनि त्यतिकै रुपमा वर्णन हुने शब्दालङ्कारको एक भेदलाई बझिन्घ ।

### २.२.८.६ प्रहषण अलङकार

प्रहर्षणले आनन्दलाई जनाउँछ । सँस्कृत भाषको नियम अनुसार प्र+ हष्+ल्युट् (अन) व्युत्पत्तिगत संरचना भएको प्रहर्षणले हर्षित गराउनु भन्ने अर्थ दिन्छ । जयदेवका अनुसार कुनै प्रयत्न विना नै चाहेको भन्दा बदी उपलब्धि हुनु प्रहर्षण हो (पूर्ववत्: १०२) । अप्पय दीक्षितका अनुसार इच्छा गरिएको वस्तु कुनै यत्नविना प्राप्त हुनु प्रहर्षण हो (पूर्ववत् : २१९)। जगन्नाथका अनुसार अभीष्ट वस्तुको लाभका लागि साक्षत् उद्धेश्यक यत्नाविना पनि अभीष्टार्थ लाभ हुनु साक्षात् उद्धेश्यक यत्नाविना पनि अभीष्टार्थ लाभ हुनु प्रहर्षण हो ( पूर्ववत : ७७०)। यसरी परिश्रम विना नै यिताएको वस्तु प्राप्त भएको वर्णन गर्दा उत्पन्न हुने काव्यात्मक रमणीयता प्रहर्षण अलङ्कार हो ।

### २.२.८.७ विषादन अलङ्कार

विषादनको अर्थ ' कष्ट दिनु' भन्ने हुन्छ । जयदेवका अनुसार चाहना गरेको भन्दा बिल्कुल उल्टो परिस्थिति भई विपरीत फलप्राप्ति हुनु विषादन अलङ्कार हो(१९८१:१०२)। यसमा इष्ट अर्थ भन्दा अनिष्डठको प्रप्ति हुन्छ । जगन्नाथका गरिएका हुँदैन, इच्छा सम्म मात्र गरिएको हुन्छ तर यसमा विरुद्धको लाभ हुन्छ(पूर्ववत्:७७४)। कुलचन्द्र गौतमका अनुसार "इच्छा गरीएको वस्तु नपाएर इच्छा नगरीएको वस्तु पाइएको बर्णन गर्दा विषादन नामक अलङ्कार हुन्छ (१९७८:१९१) ।" विषादन अलङ्कार मुलतः हानीको वर्णन गर्छ ।

## २.२.९ गूढार्थपरताविच्छित्तिमूलक अलङ्कार वर्ग

रुच्यकले शव्दलङकारको वर्गीकरण गर्ने क्रममा गूदार्थलाई पनि लिएका छन् । "अतिशाय गुद अर्थको प्रतीत नै सौन्दर्यको आधार बन्दा अर्थात जहाँ चमत्कारको आधार सहृदय संवेध गूद अर्थको प्रतीतिलाई बनाइन्छ, त्यहाँ गूदार्थपरताविच्छित्तिमूलकता रहन्छ (खनाल, पूर्ववत् : ४१६)।" यस वर्गमा रुच्यकले सुक्ष्म, व्याजोक्ति, वक्रोन्ति, बक्रोक्ति, स्वभावोक्ति, भाविक, उदात्त, रसवत्, प्रेय, समाहित, भावोदय, भावसन्धि र ऊर्जस्वीलाई समावेश गरेका छन् ।'

### २.२.९.१ स्वभावोक्ति अलङ्कार

रुच्यकले स्वभावोक्ति अलङ्कारलाई गुदार्थपरकता अर्न्तगत शुद्ध अलङ्कारमा समावेश गरेका छन् । वस्तुको जे-जस्तो अवस्था छ त्यही नै स्वभाव हो । रुच्यकका अनुसार वस्तुका सुक्ष्म

स्वभावहरुको यथावत् वर्णन नै स्वभावोक्ति हो (पूववत् : १५१) । कुलचन्द्र गौतमका अनुसार "नानाप्रकारको सांसारीक वस्तुको यथास्थित स्वरुप झल्काउनुलाई स्वभावोक्ति भन्दछन् ( १९७८ : ३०)।" सोमनाथ सिग्देलका अनुसार "जाक्ति, व्यक्ति, वस्तु दृश्यअरुको आकृति, गुण,क्रिया, स्वभाव र अवस्थाको विनाकल्पना चित्र उर्तानु वा काल्पनिक अंशरहित सटीक बर्णन गर्नु स्वभावोक्ति हो (पूर्ववत् :)। " यसरी व्यस्तु जस्तो छ स्वभावोक्ति अलङ्कार आउँछ ।

### २.२.९.२ भाविक अलङ्कार

भाविक अर्थालङ्कारलाई रुच्यकले गुढार्थपरकता वर्गको स्फुटार्थता अन्तर्गत समावेश गरेका छन् । यसको व्युरपक्तिगत अर्थ हेर्दा जे मा भाव अथवा भावना रहन्छ त्यही भाविक हो । उद्‌भटका अनुसार यदि भुत र भावी पर्दाथहरु प्रत्यक्ष जस्ता भएर वर्णन गरिन्छन् र ती अत्यन्त अद्‌भूत वा आश्चर्य जनक हुन्छन् भने त्यहाँ भाविक अलङ्कार हुन्छ( १९२५:७९)।रुच्यकका‌अनुसार अतीत र अनागत पदार्थहरुको प्रत्यक्ष जस्तै वर्णन गर्नु भाविक हो(पूर्ववत् : ६७१)। कुलचन्द्र गौतमका अनुसार "भुतकाल र भविष्यकालका वस्तुको साक्षात्कार देखिएमा भाविक अलङ्कार हुन्छ (२०१५:११७)।" यसरी भाविक अलङ्कारले पहिले घटेका घट्नालाई अहिले देख्नु वा स्मरण गर्नु भन्ने वर्णनमा उत्पन्न हुने काव्यात्मक स्मरणी भाविक अलङ्कार हो ।

### २.२.९.३ उदात्तता अलङ्कार

उदात्तता अलङ्कारलाई पनि रुच्यकले स्फुरार्थाता अलङ्कारकै उपवर्गमा समावेश गरेका छन् । " जहाँ वर्णनीय विषय औदात्यमा आधारित हुन्छ, त्यहाँ उदात्तता रहन्छ (खनाल, पुर्ववत्: ४२४) ।" मम्मटका अनुसार जहाँ प्रपुख वर्णनीय वस्तुको सहयोगी बनाएर महान् विभुतिको प्रशंसा गरिन्छ; त्यहाँ उदात्त अलङ्कार हुन्छ (२०२१: ४८८)। यसरी कुनै वर्णनीय विषयको आशय र ऐश्वर्यको महत्त्व वर्णन गर्दा उदात्त अलङ्कार हुन्छ ।

### २.२.९.४ऊर्जस्वी अलङ्कार

रुच्यकले ऊर्जस्वी अलङ्कारलाई चित्तवृत्याश्रित उपवर्गमा राखेका छन् । यो अलङ्कार चित्तवृत्ति विशेषमा आधारित हुन्छ । ऊर्जस्वीको अर्थ शक्तिशाली वा बलियो भन्ने हुन्छ। मामट्टका अनुसार जहाँ अलङ्कार वा गर्व अभिव्यक्त हुन्छ; त्यहाँ ऊर्जस्वी अलङ्कार( २०४२:६७)। यसरी ऊर्जस्वी अलङ्कारले गर्वयुक्त कथनलाई बुझाउँछ ।

### २.२.९.५ प्रेयस् अलङ्कार

प्रेयस्‌को अर्थ 'प्यारो' भन्ने हुन्छ । दण्डीका अनुसार अतिशय भावको प्रिय अभिव्यक्तिका क्रममा प्रेयस अलङ्कार हुन्छ(पूर्ववत्:१८०)। अप्यय दीक्षितका अनुसार विभाव, अनुभाव र व्यभिचारीद्धारा अभिव्यक्त र व्यादिक भाव अन्य अन्य रसको अङ्ग बन्छ भने च्यहाँ प्रेयस् अलङ्कार हुन्छ(१९९५:२६९)। यसरी भाव नै रसको अङ्ग बनी उपन्न हुने अलङ्कार प्रेयास अलङ्कार हो ।

### २.२.१० मिश्र वर्ग

रुच्यकले अलङ्कारहरुको वर्वीकरण गर्ने क्रममा मिश्र वर्ग अन्तर्गत केही अर्थालङ्कारहरुलाई समेटेका छन् । "एकभन्दा बदी अलङ्कारहरु जहाँ एक आश्रयमा अवस्थित रहन्छन्, त्यहाँ

मिश्र अलङ्कारको अवस्था तयार हुन्छ । यिनै एक आपसमा मिसिएर रहेका नरसिंहाकृतिका मिश्र प्रकृतिका अलङ्कार र तिनका भेदउपभेदहरुलाई मिश्र वर्गमा समावेशगरी अध्ययन गरिएको पाइन्छ (खनाल,पूर्ववत:४५०)।" रुच्यकले काव्यमा संयोगवृत्ति र समवायवृत्तिको आधचरमा दुई किसिमका अलङ्कारहरु मिश्र वर्ग अन्तर्गत समावेश गरेका छन्(पूर्ववत्:७१७)। यस अनतर्गत संयोगवृत्ति तिलतण्डुलन्याय अलङ्कार चाहिँ नीरक्षीरन्याय (दुध र पानी) झैं छुट्टिन नसक्ने गरी रहेका हुन्छन्। यस अन्तर्गतका दुई अलङ्कार संसृष्टि र सङ्कर हुन् ।

## २.२.१०.१ संसृष्टि अलङ्कार

संस्कृत भाषको नियम अनुसार संसृष्टिको ब्युत्पत्तिगत संरचना 'सम्+सृज्+क्तिन्'हुन्छ। यसको अर्थ संयोग वा मिलन हो । उद्भटका अनुसार जहाँ अनेक अलङ्कार अथवा दुईवटा मात्र अलङ्कार परस्पर निरपेक्ष भावले शब्दभित्र मात्र वा अर्थभित्र मात्र भई एकत्र रहन्छन् ।यहाँ संसृष्टि अलङ्कार हुन्छ (१९२५-७८) मम्मटका अनुसार अनुप्रास,उपमादि अलङ्कारहरुको भेदपूर्वक वा परस्पर निरपेक्ष रुपमा जहाँ स्थित रहन्छन् त्यहाँ संसृष्टि अलङ्कार हुन्छ (२०२१:४४४) यसरी संसृष्टि अलङ्कार भन्नाले तिलचामल मिलेझैं स्पष्ट देखिने भएर दुई वा सो भन्दा बढी अलङ्कार मिलेको अवस्थालाई जनाउँछ ।

## २.२.१०.२ सङ्कर अलङ्कार

संस्कृत भाषाको नियम अनुसार सङ्करको व्युत्पत्तिगत संरचना 'सम्+कृ+अप् हुन्छ' । यसको अर्थ छ्यासमिस मिश्रित वा मिसावट भन्ने हुन्छ । काव्यशास्त्र अनुसार सङ्करलाई मिश्रित किसिमको अलंङ्कार मानिएको छ । यसमा पनि संसृष्टि अलंङ्कारमा झैंदुई वा सो भन्दा बढी अलंङ्कारहरु परस्पर मिसिएर आउँछन्। तर सङ्कर र संसृष्टिमा के फरक छ भने संसृष्टि अलंङ्कारमा मिसिएका अलंङ्कारलाईृ तिल । चामल झैं छुट्याउन सकिन्छ भने सङ्कर  अलंङ्करमा आएका अलंङ्कारलाई दुध र पानी जस्तै छुट्याउन सकिंदैन । त्यसैले रुच्यकले सङ्कर अलंङ्कारलाई मिश्र वर्गका अलङ्कार अन्तर्गत समावेश गरेका ५न् । "दुध र पानी" झैं एक जिउ भएर अनेक अलङ्कार मिलेमा सङकर नामक अलङकार हुन्छ ।" गौतम ,२०१५:१९८ " त्यस्तै सोमनाथ सिग्देलका अनुसार "आफुसमा(आपसमा) केही सम्बन्ध नभएका अनेक अलङ्कारको तिल तण्डुल झैं छुट्याउन सकिने योग भएमा संसृष्टि र निरक्षीरको झैं छुट्याउन नसकिने गरी अनेक अलङ्कारको योग भएमा संसृष्टि हुन्छ "पुर्ववत्:२४७" यसरी एक आपसमा छुट्याउन नसकिने एक भन्दा बढी अलङ्कारहरु एकै छन्द वा वाक्यमा देखापरे भने सङ्कर अलङ्कार हुन्छ ।

## २.३ निष्कर्ष

महाकाव्यमा अर्थालङ्कार विष्लेषणको प्रमुख सैद्दान्तिक ढाँचा  अन्तर्गत रुच्यकसम्मत अलङ्कारको वर्गीकरणलाई मुलभुत रुपमा आधा मानिएको छ । उपलब्ध भएसम्म रुच्यकका परिभाषा र मान्याताहरुलाई समेट्ने प्रयास गरीएको छ । रुच्यकले शब्दालाङ्कारका प्रमुख दश भेदहरुको चर्चा गरेका छन् । ती दश भेदहरुलाई पनि अलङ्कारको स्वभाव र पिशेषता अनुसार विभिन्न उपवर्गहरुमा विभाजन गरेका छन् । यस अध्यायमा यिनै खच्यकसम्मन अलङ्कार वर्गीकरणका प्रमुख मान्यतालाई र त्यस वर्गभित्र समावेश गरियका अलङ्कारलाई सैद्धान्तिक रुपमा चिनाउने प्रयास गरिएको छ ।यिनै दशवटा वर्गमा चिनाइएका अलङ्कारहरुका आधारमा आदर्श राघव महाकाव्यमा प्रयुक्त अर्थालङ्कारको खाजी गर्ने सैद्धान्तिक आधार स्थापना गरिएको छ । रुच्यकले उल्लेख गरेका । सादृश्यविच्छिन्नि ,

विशेषण विच्छिति, गम्यार्थताविच्छित्ति, विरोधविच्छित्ति, शृङ्खलाविच्छित्ति, वाक्यन्यायविच्छित्ति, लोकन्यायविच्छित्ति, गुढार्थपरताविच्छित्ति र मिश्र वर्ग गरी दश वर्ग र तिनका निर्धारित उपभेदका आधारमा निर्धारित महाकाव्य आदर्श राघवेमा प्रयुक्त अर्थालङ्कारको-खोजी र विश्लेषण गर्ने सैद्धान्तिक आधार तयार पारिएको छ ।

# परिच्छेद-तीन

## अलङ्कार प्रयोगका दृष्टिले 'आदर्श राघव' महाकाव्यको औचित्य र महत्त्व

### ३.१ विषय प्रवेश

यस परिच्छेदमा सोमनाथ सिग्देलद्वारा रचित र २००५ सालमा सार्वजनिक प्रकाशनमा आएको 'आदर्श राघव' महाकाव्यमा अलङ्कार प्रयोगको औचित्यलाई चर्चा गरिएको छ यसका साथै 'आदर्श राघव' महाकाव्यले आधुनिक नेपाली महाकाव्यको इतिहासमा राखेको योगदानलाई पनि यसै भित्र चर्चा गरिएको छ ।

### ३.२ 'आदर्श राघव' महाकाव्यमा अलङ्कार प्रयोगको औचित्य

'आदर्श राघव' महाकाव्यमा अलङ्कारको वैचित्रयपूर्ण प्रयोग भएको छ । अलङ्कार प्रयोगका दृष्टिले महाकाव्यकार सोमनाथ सिग्देलले यस महाकाव्यमा आफ्नो अलङ्कार चातुर्यलाई प्रदर्शन गरेका छन् । एउटै श्लोक भित्र चारवटा सम्म शब्दा लङ्कार (संसृष्टि अलङ्कार) को प्रयोगले महाकाव्यको भाव रमणीतामा वृद्धि गरेको छ भने अर्कोतिर यस महाकाव्यलाई अलङ्कार प्रयोगका दृष्टिले साधारण किसिमको महाकाव्य नभएर असाधारण किसिमको महाकाव्यका रुपमा स्थापित गरि दिएको छ जीवन जगत् र दार्शनिक धरातलबाट टिपिएको बिम्बहरुको समन्वयमा स्थापना गरिएका अर्थालङ्कारहरुले एकातिर भाव संवेद्यतामा वृद्धि गरेको छ भने अर्कातिर महाव्यलाई भव्य र अलङ्कार समेत बनाएको छ यस महाकाव्यमा मूलतः दृश्यविम्बको प्रयोग छ र त्यही दृश्यविम्बका माध्यमबाट यथोचित अलङ्कारको निर्माण गरिएको छ ।

यस महाकाव्यमा प्रयुक्त भएका अलङ्कारहरु बाह्य इन्द्रियहरुको सक्रियता गराउने र केबल बाह्य अकर्षणकै सजधजमा रमाउने किसिमले मात्र निर्माण गरिएको छ । यस महाकाव्यमा प्रयुक्त भएका अलङ्कारहरुले व्यक्तिको अन्तर हृदय वा अन्तरकरणमा बारम्बार स्पर्श गरी त्यसबाट हुन विशिष्ट किसिमको अनुभूति भन्दा प्रकृति र जीवन जगतको बाह्य स्वरुपमै मात्र भव्यता सिर्जना गरी त्यही भव्यतालाई अलङ्कार सिमित रहनु यस महाकाव्यमा अलङ्कार प्रयोगको सिमा हो । रुय्यकले तयार पारेको अर्थालङ्कार विश्लेषणका आधार अन्तर्गत रहेर अघिल्लो अध्यायमा यस महाकाव्यमा प्रयुक्त दश अलङ्कार वर्गका करिब तीन दर्जन जति अलङ्कारहरुको पहिचना र विश्लेषण गरिएको छ । यसबाट के पृष्टि हुन्छ भने आदर्श राघवमहाकाव्यका महाकाव्यकार सोमनाथ अलङ्कार प्रयोग प्रति अत्यन्त सचेत छन् । उनी महाव्यमा अलङ्कारलाई स्वतः स्फूर्त रुपमा भन्दा पनि सोद्देश्यपूर्ण ढंगबाट प्रस्तुत गर्न चाहन्छन् । कस्तो किसिमको भाव व्यञ्जनका लागि कस्तो बिम्ब टिप्ने र कुन अलङ्कारको प्रयोग गर्ने भन्ने बारे महाकाव्यमा अत्यन्त सचेत छन् । समाज, संस्कृति, इतिहास, पुराण, दर्शन राजनीति मिथकीय सन्दर्शबाट उपयुक्त बिम्बहरु टिपेर त्यसलाई भाव वा विचार अनुकूल नचाई उपयुक्त रुपमा प्रयोग गर्न सक्ने सचेत, आयोजित, बनावटी, कृत्रिम किसिमको महाकाव्यकलागत चातुर्यता देखाएका छन् । महाकाव्यकार सिग्देलले प्रकृतिको भव्य बर्णन गरेका छन् । यो सम्पूर्ण महाकाव्य प्रकृतिको काखबाट शुरु भई अन्ततोगत्वा प्रकृतिमै पुगेर समाप्त पनि भएको छ । प्रकृति भित्रको वातावरण र पर्यावरण अनि संस्कृति, तत्कालीन जीवनशैली, पक्ष र विपक्षीका व्यवहार, त्यसबाट उत्पन्न भएको विशिष्ट प्रकारको अनुभूतिगत वातावरण आदिको महाकाव्यपेक्षी चित्रण नहुनुका पनि अलङ्कार ज्यादा कठोर भएर देखा पर्नाले नै हो । महाकाव्यले अपेक्षा गर्ने विपुल भावराखि तथा कल्पनाको विराट प्रवाह उनी ज्यादा यान्त्रिक बनिदिनाले शैथिल्य बन्न पुगेको छ । आदर्श राघवमहाकाव्यका महाकाव्यकार सोमनाथको हृदयतत्व भन्दा वुद्धि तत्व यस

महाकाव्यमा हाबी भइ दिनाले यो महाकाव्यले न त अलङ्कारको प्रयोगमा हृदय संवेद्यता प्राप्त गर्न सक्यो न त अलङ्कारको आस्वादनपछि प्राप्त हुने भाव रमणीययताले उत्कर्ष नै प्राप्त गर्न सक्यो बरु महाकाव्यकलाको एउटा केबल प्रयोगशाला मात्र छ । पाण्डित्यपूर्ण महाकाव्यकलाको एउटा आदर्श ग्रन्थ मात्र बन्न पुग्यो । आदर्श राघवमहाकाव्यका कुनै पनि पद्यहरु अलङ्कार विहीन छैनन् प्रत्येक पद्यमा जीवन वा जगतसँग सम्बन्धित भएर टिपिएका सुन्दर विम्बहरुबाट कुनै वा कुनै अलङ्कारहरु निष्पन्न भएका छन् । सादृश्यविच्छिति मूलक अलङ्कार वर्ग अन्तर्गतका रुपमा, रुपक, भ्रान्तिमान्, सन्देह, उपह्नुति आदि अलङ्कारहरुले आदर्श राघवमहाकाव्यलाई अत्यन्त भव्य र अलङ्कृत तुल्याएका छन् । विषयबस्तुको वा भाव अनुकूलको विम्ब टिपेर त्यसको दृष्टिका लागि यी अलङ्कार प्रयोग भएका जस्तै त भएका छन् तर ती अलङ्कार प्रयोग भएका सुन्दर पद्यहरु पढेर पाठक द्रवीभूत भने हुँदैन । पाठक विम्बले सिर्जना गरेको अनुभूतिको गहिराइसम्म पुग्नै पाउँदैन ।

यी अलङ्कारका माध्यमबाट अनुभूतिको अन्तश्चेतनामा पुगी महाकाव्यको दिव्यताको बोध गर्नै नपाई केबल ऊ महाकाव्यले बर्णन गरेको बाह्य स्वरुपमा मात्र अलमलिइ रहन्छ । बेदान्त, साङ्ख्य, योग, बैशषिक, मीमांसा जस्ता पूर्वीय षड्दर्शनका गहन चिन्तनलाई उनले महाकाव्यमा प्रस्तुत गरेका छन् । यसबाट एकातिर स्वयम् महाकाव्य नै अत्यन्त बौद्धिक र दार्शनिक किसिमको बन्न पुगेको छ भने तिनै दर्शन भित्रका विभिन्न विम्ब र प्रतिकको प्रयोग गरी भावलाई अभिव्यक्तिगत गर्ने क्रममा अलङ्कार पनि अत्यन्त जटिल र बौद्धिक किसिमको बन्न पुगेको छ । यस महाकाव्यमा करिब आधा जति श्लोकहरुमा प्रयुक्त भएको अलङ्कार पूर्वीय दर्शनका जटिल दार्शनिक सिद्धान्तबाट टिपिएका छन् । त्यही दार्शनिक सिद्धान्तमा प्रस्तुत भएका पारिभाषिक संज्ञाहरुबाट विम्ब निर्माण गरी अलङ्कारको आयोजना गरिएको छ । यसका केही उदाहरणहरु हेरौं :

(क) सब यो विधिको विधान हो
भवमा एक उही प्रधान हो ।
सुख, दुःख दिने निदान हो
यसकै ख्याल शुभावधान हो । ५:१९ (रुपक)

(ख) अजरामर छ सत्य चिन्मय
बिमल ब्रह्म छ तत्व अद्वय ।
भई भिन्न उपाधिले त्यही
भवमा घुम्दछ जीव हो यही । ५:२१ (रुपक)

(ग) जसमा प्रतिभा समान भै
निज माया बिच भासमान भै ।
परमेश्वर बन्छ विश्वमा
सुख-दुःखानुकूल जीवभावमा ॥५:२२ (दृष्टान्त + रुपक)

(घ) उनीई नित कर्म सुत्रमा
पुतली झैं सब जीव विश्वमा
तल माथि गरेर नाच्तछन्
चटकी चाल लिएर चल्दछन् ॥ ५:२३ (रुपक + उपमा)

(ङ) नव बेष लिँदै थरी थरी
नट झैँ जीव भई नयाँ सरी ।
भव नाटक  खेल खेल्दछन्
हदपुरा गरी झट्ट लुक्तछन् ॥ ५:२४ (रुपक + उपमा)

(च) घर भित्र पसी थरी थरी
भमरा झैँ क्षण गुञ्जना गरी ।
सब जीव तुरुन्त निस्कँदै
लुकमारी गरी खेल्दछन् सधैं ॥ ५:२५ (उपमा + रुपक)

(छ) सब यो परचित्स्वरुप हो
भव सारा उसकै विवर्त हो ।
न त आदि न अन्त वास्तव
भ्रम हो विकल्प बैभव ॥ ५:३१

माथिका पद्यहरुमा प्रयुक्त अलङ्कार पूर्वीय षड्दर्शन अन्तरगतको बेदान्त दर्शनसँग सम्बन्धित छ । बेदान्त दर्शनमा पनि शाङ्कार बेदान्त दर्शनबाट यी श्लोकहरु अत्यधिक प्रभावित देखिन्छन् । बेदान्त दर्शन जस्तो जटिल दार्शनिक विषयलाई अत्यन्त सहजतासाथ कवितात्मक स्वरुप प्रदान गर्नु आदर्श राघवमहाकाव्यका सोमनाथ सिग्देलको विलक्षणता हो । यति हुँदाहुँदै पनि महाकाव्यमा जुन हृदयतत्व सक्रिय भएर जीवन र जगतका ब्यापक छाया छविहरुलाई विपुल भावराशिका माध्यमबाट प्रस्तुत गर्नु पर्ने हो । त्यसको निर्वाह भने यी श्लोकमा र सिङ्गो महाकाव्यमै प्रस्तुत हुन सकेको छैन । विधि, ब्रह्म, घट, माया, जीव, विमल, विधान, प्रधान, भव, दृय, अदृय कर्म-सुत्र, प्रतिमा, परमेश्वर चटकीचाल, भ्रमर गुञ्जन, ब्रम्ह-विवर्त, भ्रम जस्ता पूर्वीय दर्शनका जटिल पारिभाषिक संज्ञाहरुलाई यस महाकाव्यमा प्रस्तुत गरी तिनैबाट सुन्दर बिम्ब टिपेर अलङ्कारका रुपमा सजाउने प्रयास त भएको छ तर ती बिम्ब र अलङ्कारको महाकाव्यको आश्वादनका आम पाठकका  लागि कतिको उपयोगी र औचित्य पूर्ण छ ? त्यो निसन्देह नै खोजको विषय त छनै मोटामोटी रुपमा ऋणात्मक र दुर्बल छ भनी किटान गर्न सकिन्छ ।

'आदर्श राघव' महाकाव्य पूर्वीय संस्कृत महाकाव्यको साहित्य शास्त्रीय मान्यताको सीमामा आबद्ध भएको महकाव्य हो । महकाव्यकार सोमनाथ सिग्देलको मूल प्रवृत्ति पूर्वीय महकाव्य मान्यताका शास्त्रीय कट्टरताको अनुसरण गर्नु हो भन्ने कुरा प्रस्टै छ । यस महकाव्यमा सोमनाथ सिग्देलले पूर्वीय साहित्य शास्त्री मध्ये खास गरी दण्डी र विश्वनाथले स्थापित गरेका र पछि आफैंले आफ्नै साहित्य प्रदीप शीर्षकको लक्षण ग्रन्थमा अंकित गरेका महाकाव्यको लक्षणको दरुस्त प्रयोग गर्ने शास्त्रीयतावादी सचेतता देखाएका छन् । (अवस्थी, २०६४:१२६) । महकाव्यको लक्षण साहित्य प्रदीपमा आफैले निरुपण गरी सकेपछि सोही मान्यतामा प्रस्तुत भएको अलङ्कार चिन्तनलाई यस मकाकाव्यमा दुरुस्त प्रयोग गरिएको छ । यस महाकाव्यमा खास गरी साकेत नगर वर्णन, पुत्र जन्म, मुनि आश्रम वर्णन प्रातःकाल वर्णन, स्वयंवर र विवाहको वर्णन, ऋतु वर्णन, युद्ध वर्णन समुद्रवर्णन, विप्रलभ्भ, शृङ्गारको वर्णन, यात्रावर्णन, विजयानन्द वर्णन, रात्रिवर्णन, चन्द्रोदयवर्णन, यज्ञवर्णन आदि विभिन्न महकाव्यका स्थानसँग सम्बन्धित भएर अलङ्कारको प्रयोग भएको छ । यिनै काव्य स्थानको प्रयोग गर्ने क्रममा सुन्दर विम्बहरु टिपेर सोही विम्बलाई शास्त्रीय मान्यताका

आलङ्कारिक स्वरुप प्रदान गरिएको छ त्यसै गरी महाकाव्यको आख्यान विकासका क्रममा आएका विभिन्न प्रकरणले पनि अलङ्कारको सिर्जनामा सहयोग पुऱ्याएका छन् । पूर्ववृत, रामजन्म, रामका बाल्यकालीन गतिविधि, रामसीताको विवाह, रामको वनवास, पितृशोक, रामलाई अयोध्या फर्काउन भरतले गरेको प्रयास, रामको वनमा बस्ने दृढ इच्छा, भरतको अयोध्या प्रत्यागम, बशिष्ट प्रबोधन, सीताहरण, सुग्रीवसँगको मित्रता, लङ्कादहन, लङ्कागमन, रामरावरण युद्ध, रावणको पराजय, विभिषको राज्याभिषेक, चौधवर्ष बनवास पुरा गरी रामसीताको अयोध्या पुनरागमन, श्रीरामको राज्याभिषेक, सीता परित्याग, कुशलव जन्म, अश्वमेधयज्ञ, कुशलव र रामको भेट, सीताको अन्तर्ध्यान जस्ता कथानकका उपक्रम वा प्रकरणसँग सम्बन्धित भएर सो अनुकूल भावको संवहन गरी भाव रमणीयता वृद्धि गर्ने सिग्देलले यथोचित अलङ्कार सौन्दर्यको निर्माण गरेका छन् । यति भएर पनि उनको अलङ्कार योजना पाण्डियपूर्ण, शास्त्रीय, महाकाव्यमा प्रयोग र वैविध्यतालाई देखाउनमै केन्द्रित रहेकाले अलङ्कारको प्रयोगबाट सहृदयले गर्ने भाव संवेद्यतामा क्षति पुग्न गई केबल अलङ्कार प्रयोगका लागि मात्र अलङ्कार प्रयोग जस्तो देखिन गएको छ ।

सिग्देललाई यस महाकाव्यमा प्रयुक्त अलङ्कारको अनुगमनपछि मुल्यांकन गर्दा सहज प्रस्फुरणशील कवि प्रतिभाका धनी महाकाव्यकारका रुपमा लिन सकिदैन । उनको समग्र महाकाव्यकारिता (प्रबन्धविधान, कृतिगत सन्दर्भ, महाकाव्यात्मक ढाँचा, विषयबस्तु, भाव विधान, भाषाशैली, उक्ति ढाँचा, लय ढाँचा, विम्बप्रतिक योनजा र अलङ्करण)लाई मुल्यांकन गर्दा उनी सहज प्रतिभा नभई उत्पाद्य किसिमका प्रतिभा हुन् यसको स्वयम् साक्षर पुष्टि आदर्श राघव महाकाव्यले गर्छ । यसमा अलङ्कार प्रयोगमा मात्र नभई सहज पतिभाजन्य रागात्मक भावलहरी र उच्च सौन्दर्यशील कलात्मक रमणीयता उनको समग्र महाकाव्यमा वैयाकरण, दार्शनिक एवम् साहित्यशास्त्री सोमनाथको पाण्डित्यमण्ति महकाव्यकारिताको यान्त्रिक शुष्कताको चेपटामा अलङ्कार प्रयोग पनि पर्न गएको छ । पूर्वीय साहित्य शास्त्रीय चिन्तको करिब दुई हजार बर्ष पुरानो इतिहासको नेपाली संस्कारका रुपमा देखा परेका सोमनाथको असाधारण विद्वता र पाण्डित्यताको चेपुवामा परी उनको महाकाव्यकारिता क्षतिग्रस्त बन्न पुगेको छ भने त्यससँगै उनको अलङ्कार योजना पनि दुर्बल बनेको छ । अलङ्कार प्रयोगमा गरिएको पाण्डित्यपूर्ण शिल्प सज्जाले समग्र महाकाव्यलाई पनि नरिवलको फलजस्तै जटिल बनाई केबल यस महाकाव्यलाई पुस्तकालयको शोभामा मात्र सिमित बनाई दिएको छ । अत्यन्त बौद्धिक र पूर्वीय साहित्य शास्त्र, दर्शन र पूर्वीय दार्शनिक चिन्तन धाराको प्रचुर ज्ञान भएको पाठकको अपेक्षा यस महाकाव्यले गर्ने हुनाले न त यस महकाव्यले आम पाठकको सनिन्ध्यता प्राप्त गर्न सक्यो न त यो महाकाव्यालाई सम्पूर्ण नेपाली जनताले यो मेरो पनि महाकाव्य हो भनी गौरव गर्न पाए । पूर्वीय साहित्य शास्त्रमा आचार्य विश्वनाथले भारवि लगायत संस्कृत विचित्रमार्गी महाकाव्यकारका कृतिगत अनुगमनबाट अङ्कित गरेका महाकाव्यात्मक असार्व भौम गौणलक्षणका शास्त्रीय बन्धनमा बाँधिइ (अवस्थी, पूर्ववतः १२८) सोही अनुसारको अलङ्कार कौशल देखाएका छन् । उनले प्रस्तुत महाकाव्यमा हिन्दु धर्म अनुसारको अवधारणात्मक चिन्तनसँग सम्बन्धित भएर प्रस्तुत गरेको अलङ्कार योजना साँच्नै नै भव्य छ कुनै पनि महाकाव्यकारले नेपाली भाषामा अहिलेसम्म उनको अलङ्कार प्रयोगको पूर्वीय मान्यता अनुरुपको अहिलेसम्म उनको अलङ्कार प्रयोगको पूर्वीय मान्यता अरुको शास्त्रीय पाण्डित्यको उचाईलाई छुन सकेका छैनन् । त्रेतायुगीन विषयबस्तुलाई समसामयिक युगबोधी नवसञ्चेतना भने कम नगरी सो युगकै आदर्श रामराज्यप्रतिको निष्ठा र त्यही निष्ठालाई प्रस्तुत गर्ने क्रममा सिर्जना भएको अलङ्कारलाई वैज्ञानिक युगमा पनि जस्ताको

तस्तै प्रस्तुत गर्ने प्रतिवद्धता देखाए । यसबाट परम्पराप्रतिको तीब्र मोह उनमा उत्पन्न भएको देखिन्छ । यो उनको महाकाव्यत्मक विशिष्टता पनि हो। अर्थालङ्कारको सहज र औचित्यपूर्ण प्रयोग भन्दा आयोजित, बनावटी, भव्यता, पूर्वीय महाकाव्य लक्षण अनुरुप पनि विश्वनाथसम्मत अलङ्कार योजना र सिङ्गो महाकाव्य लक्षणको यान्त्रिक प्रयोग आदिका कारणले महकाव्यको हृदय संवेद्यनता र भाव रमणीयतामा क्षति पुग्न गएको छ । यति हुँदाहुँदै पनि अलङ्कार प्रयोगका दृष्टिले यो विलक्षण र अतुलनीय महाकाव्य हो । शास्त्रीय महाकाव्य मान्यतामा अलङ्कार प्रयोगको दुरुस्तशास्त्रीय नमूना खोज्न नेपाली महाकाव्यका दराजहरुजमा एकमात्र आदर्श राघवसुरक्षित रहनु यसको महत्त्व हो । त्यसैगरी नेपाली समालोचनामा जे जति शास्त्रीय समालोचक देखा परेका छन् । ती सबैका लागि पूर्वीय साहित्य शास्त्रको विभिन्न सिद्धान्तको उदाहरण दिने ग्रन्थ रहेको छ । यस दृष्टिकोणबाट प्रस्तुत महाकाव्यको ऐतिहासिक महत्त्व पनि रहेको छ । पाण्डित्यपूर्ण प्रस्तुति, महकाव्यमा विलक्षणताको प्रयोग र पूर्वीय मान्यतामा सम्पूर्ण रुपमा ओतप्रोत भएको अलङ्कार प्रयोगको आदर्श र शास्त्रीय ग्रन्थ निसन्देह नै 'आदर्श राघव' महाकाव्य हो । यसै अर्थमा यस महाकाव्यलाई लिनु पर्दछ र 'आदर्श राघव' महाकाव्यको अलङ्कार योजनाको मूल्यांकन गर्दै महत्त्व स्थापित गरिनु पर्दछ । यस अर्थमा 'आदर्श राघव' महाकाव्यको अलङ्कारको योजना उच्चतमस्तरको देखापर्छ ।

## चौथो परिच्छेद
## 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अर्थालङ्कारको विश्लेषण

### ४.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा 'आदर्श राघव' महाकाव्यमा रहेका अर्थालङ्कारहरुको पहिचान र विश्लेषण गरिएको छ । यस सोधको तेस्रो परिच्छेदमा प्रस्तुत गरिएका रुच्यकसम्मत अलङ्कारका आधारमा निर्धारित महाकाव्यमा रहेका अर्थालङ्कारहरुको पहिचान गरिएको छ । अर्थालङ्कार विश्लेषणको सैद्धान्तिक आधार अन्तर्गत साट्टश्यविच्छितिमूलक अलङ्कार र यसका वर्गहरु, विशेषण विच्छित्तिमूलक अलङ्कार र यसका वर्गहरु, गम्यार्थता विच्छित्तिमूलक अलङ्कार र यसका वर्गहरु, विरोध विच्छित्तिमूलक अलङ्कार र यसका वर्गहरु, शृङ्खला विच्छित्तिमूलक अलङ्कार र यसका वर्ग, तर्कन्याय विच्छित्तिमूलक अलङ्कार र यसका वर्ग, वाक्यन्याय विच्छित्तिमूलक अलङ्कार र यसका वर्ग, लोकन्याय विच्छित्तिमूलक अलङ्कार र यसका वर्ग,गूढार्थपरता विच्छित्तिमूलक अलङ्कार र यसका वर्ग, र मिश्र वर्गका आधारमा 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अर्थालङ्कारको विश्लेषण गरिएको छ ।

## ४.२ सादृश्य विच्छित्तिमूलक अलङकार वर्ग

'आदर्श राघव' महाकाव्यमा यस वर्गका अलङ्कारहरुको खोजी गरिएको छ । यस वर्गका अलङ्कारहरुमा उपमा, अनन्वय, स्मरण, रुपक, परिमाण, सन्देह, युन्तिमान्, अपह्नुति, उल्लेख, उत्प्रेक्षा, अतिशयोक्ति, तुल्ययोगिता, दीपक,दृष्टान्त, निदर्शना, व्यतिरेक, सहोक्ति, विनोक्ति, जस्ता अलङ्कारहरुको विश्लेषण गरिएको छ ।

## ४.२.१ उपमा अलङ्कार

साट्टश्य विच्छित्तिमूलक अलङकार वर्गको भेदाभेदतुल्यमूलक उपवर्गमा पर्ने उपमा अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छदमा भईसकेको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा उपमा अलङ्कारको पहिचान र विश्लेषण गरिएका छ ।

**देदीप्यमान मणिझै गुणका निधान**
**विश्वेशको छ महिमा सबमा प्रधान । १:७**

यस पद्यमा मङ्गलाचरण गरिएको छ । मङ्गलाचरणका क्रममा मर्यादा पुरुषोतम भगवान् रामचन्द्रको महिमाको वर्णन गरिएको छ । भगवान् रामचन्द्रको महिमा र कीर्ति मणिझैँ देदीप्यमान भएको उपमा प्रस्तुत गरिएको छ । उपभेय रामचन्द्र, उपमान मणि, साट्टश्यवाचक शब्द झैँ र धर्म दुवैका बिच समानता देखाईएकाले प्रस्तुत श्लोकमा उपमा अलङ्कार पर्न गएको छ ।

**जाँदैन सत्य शुभ कर्म कदापि खेर**
**हुन्थ्यो चुरो वचनमा किन हेरफेर ।**
**सङ्कल्प कल्पतरुका फलझै अपार**
**जन्मे सुपुत्र पुरुषार्थ समान चार ॥ १:६०**

**श्रीरामको उदय कोसल वंशजामा**
**भो हर्षहेतु अरुणोदय झैँ उषामा १:६१**

माथिका पद्यमा श्रीरामचन्द्रको जन्मको विषय वर्णित छ । कल्पतरुले मनोवाञ्छित फल प्रदान गरेझैँ दशरथका पुण्य कर्मवाट चारपुत्रहरु जन्मिएको प्रसंग उल्लेख छ । त्यस्तै विहनको उषाकालमा अरुणोदय भएझैँ अयोध्यमा भगवान रामचन्द्रको उदय भएको वर्णन छ । यी दुवै पद्यमा पूर्णोपमा अलङ्कारको प्रयोग भएको छ ।

**खम्भासरि आड हुँदा गृहाश्रम**
**लिन्छन् प्रतिष्ढा अरु लिन आश्रम । २:६**

माथिको पद्यमा भगवान् रामचन्द्रको गृहस्थ जीवनको वर्णन छ । गृहस्थ जीवनलाई उत्तम जीवनका रुपमा स्विमार गर्दै गृहाश्रमलाई खम्बासंग उपमा दिईएको छ । यसमा वाचक शब्दको लोप भएकाले लुप्तोपमा अलङ्कारको प्रयोग भएको छ । यसमा दिएको विम्व गृहस्थ जीवनसंग सम्बन्धित छ ।

**गेहाश्रम श्री लिई पारिवारिक**
**भुपालको जीवन दीर्घकालिन**
**आदर्श झैँ समाजमा थियो**
**सत्कर्मको परिपाक देखियो । २:१२**

माथिको पद्यमा दशरथको पारिवारिक जीवनको वर्णन गरिएको छ । दशरथको सभ्यता, सत्कर्म तथा शासन व्यवस्थालाई आदर्शसंग तुलना गरिएको छ । यसमा उपमा अलङ्कारका चारवटै घटकहरु रहेकाले पूर्णोपमा अलङ्कार परेको छ ।

**पत्नी सुशीला घरमा रमा सरी**
**सत्पुत्र नीराजन दीपिका सरी । २:१४**

माथिको पद्यमा दशरथको पारिवारिक वर्णन गरिएको छ । दशरथका पत्नीलाई रमा वा लक्ष्मीसंग तुलना गरिएको छ । छोराहरुलाई बत्ती वा उज्यालो (दिपक) संग तुलना गरिएको छ । माथिको श्लोकमा पूर्णोपमा अलङ्कार परको छ ।

**ध्वाजा विविध सौधमा शतभुजासरी शोभिए**
**हजार मणि दीपिका नयन जालु झैँ देखिए ।**
**सुजा रुचिर पुष्पका रुचि फिँजाउँदै टौगिए**
**पुजाजन सिँगारिई पुर बजारमा फैलिए ॥ ३:३९**

माथिको पद्यांशमा भगवान् रामचन्द्रको जनकपुर वा मिथिला नरेश जनककी सुपुत्री सीतासंगको स्वयंवर समारोहको वर्णन गरिएको छ । रामजानकीको विवाहको खबर साकेतमा पुग्दा साकेत बासीले स्वागतका लागि गरेको भव्य आयोजनाको वर्णन माथिको

पद्यमा गरिएको छ । साकेत यस बखत हजारौं मणिहरुको प्रकाशले शोभित भईरहेको उपमा प्रस्तुत गरिएको छ ।

**सम मधु धृत भैंँ भई अगाडि**
**अहित हुने परिपाकमा पछाडि ।**
**विषय विषसरी बुझेर हेय**
**सहृदय भित्र खोज्दछ प्रमेय ॥४:६**

माथिको पद्यांशमा भगवान् रामचन्द्रको उत्तरवयको विचार प्रस्तुत भएको छ । माथिको श्लोकमा वाचक पद लोप भएको छ । यसका साथै उपमेयको सुरुका दुई पद्यमा लोप गरिएको छ । धृत र मधुलाई समतुल्यता प्रदान गरिएको छ । त्यस्तै विषयलाई विषसरी तुलना गरिएको छ । अत, माथिको पद्यांशमा उपमा अलङ्कार घटित भएको छ ।

**यति समय यता उता हुँदामा**
**प्रलयसरी घटना उदाउँदामा ।**
**अधम विधि विधान देखिनाले**
**भरत विषाद विलाप गर्न थाले ॥ ४:६६**

माथिको पद्यांशमा रामको वनगमन भएपछि भरतलाई प्रस्तुत भएको हृदयविदारक चोट प्रस्तुत भएको छ । राम वनबास भएको घटनालाई ठूलो प्रलय वा विपत्तिसंग तुलना गरिएको छ । त्यसैले माथिको पद्यांशमा उपमा अलङ्कार रहेको छ ।

**उनिई नित कर्मसूत्रमा**
**पुतलीझैँ सब जीव विश्वमा ।**
**तलमाथि गरेर नाच्दछन्**
**चटकी चाल लिएर चल्दछन् ॥ ५:२३**

**नव वेश लिँदै थरी-थरी**
**नट झैँ जीव भई नयाँ सरी ।**
**भव नाटक खेल  खेल्दछन्**
**हद पुरा गरि झट्ट लुक्दछन् ॥ ५:२४**

**घटभित्र पसी थरी-थरी**
**भमरा झैँ क्षण गुञ्जना गरी ।**
**सब जीव तुरुन्त निस्कदै**
**लुकामारी गरी खेल्दछन् सधैँ ॥ ५:२५**

माथिका तीनवटा पद्यांशमा वैचारिक निरन्तरताको प्रवाह छ । गुरु वशिष्ठले शिष्य रामचन्द्रलाई दिएको प्रबोधन वा उपदेश मथिको श्लोकमा प्रस्तुत छन् । यी तीनवटै श्लोक अद्वैत वेदान्त दर्शनमा आधारित छन् । अद्वैत वेदान्त दर्शनको पनि शाङ्कर भावयसंग सम्बन्धित विम्बहरु टिपेर दर्शनजस्तो जटिल दार्शनिक चिन्तनलाई काव्यात्मक स्वरुप प्रदान गरेका छन् । संसारलाई चटक(उपमेय) र जीवलाई पुतली(उपमान) संग तुलना गरिएको छ ।

त्यस्तै जीवको जन्म र मृत्यु एवम् पुनर्जन्मलाई नाटकसंग तुलना गरिएको छ । साथैसंसारलाई (घट) भाँडो संग सम्पुर्ण जीवलाई भमरासंग तुलना गरिएको छ । लौकिक जीवन र प्रकृतिबाट माथिका पद्यांशमा विम्ब टिपी अद्वैतवेदान्त दर्शनको काव्यात्मक रुपान्तरणका क्रममा उपमा अलङ्कार माथिका पद्यहरुमा पर्न गएको छ ।

**जल बुद्‌बुद मेघ मञ्जरी**
**बिजुली स्वप्न विकल्प झैं गरी ।**
**क्षण नश्वर यो शरीरमा**
**स्थिरता छैन कसै यथार्थमा ॥ ५:२९**

माथिको पद्यांशमा पनि गुरु वशिष्ठले शिष्य रामचन्द्रलाई दिएको शिक्षा वर्णित छ । मानिसको जीवनलाई नश्वरतासंग तुलना गरिएको छ । जीवनलाई अस्थिर मानिएको छ । जीवको यथार्थ बिजुली र स्वप्न जस्तै हो जो क्षणिक छ । अत, यस श्लोकमा जीवको शरीर या आयु उपमेय र विद्युत् एवम् स्वप्न उपमानका रुपमा आएका छन् ।

**अलि पर तिर भारी धर्म धारा सरीको**
**जल कल-कल गर्दै बग्छ गोदावरीको ।**
**पवन रस कणाको भारले मन्द मन्द**
**बहि हरदम ताजा राख्छ आनन्द कन्द ॥ ६:२४**

माथिको पद्यांशमा रामको वनबासका क्रममा आश्रमको वर्णन गरिएको छ । त्यहाँको प्राकृतिक वातावरणको वर्णन गरिएको छ । यहाँ रामको आश्रम उपमेयका रुपमा आएको छ । गोदावरीको जललाई धर्मधारासंग तुलना गरिएको छ । यसमा पनि प्राकृतिक विम्बहरु अलङ्कारका रुपमा आएका छन् ।

**खबर खरहरुले पाउँदा दुर्दशाको**
**फल दिन भरपुरै जोसमा क्रूरताको ।**
**सलह दल सरी भै आँधिको भान पारी**
**अभिमुख हुन आयो, राक्षसी फौज भारी ॥ ६:४६**

माथिको पद्यांसमा खर र दुषण राक्षसहरुले भगवान् रामचन्द्र पञ्चवटीमा बसि रहेका छन् भन्ने सुने पछि मार्ने उद्देश्यले अभिप्रेरित भएर रामचन्द्रको निवासलाई चारैतिरबाट घेरा हालेको प्रसङ्ग छ । खरको सैन्य शक्तिलाई सलहको संज्ञा दिइएको छ । अत, खर उपमेय, सलह उपमान, साद्दश्यवाचक शब्द झैं र गुण दुवैका बिच समानता देखाईएका यस पद्यमा पूर्णोपमा अलङ्कार परेको छ । यसमा जीवजन्तु र कीट जगत्‌बाट टिपिएको सुन्दर विम्बको प्रयोग गरिएको छ ।

**भृकुटी विकट पारी काण्ड कोदण्ड जोडी**
**सघुकुल सविताले दृष्टको गर्व गोडी ।**
**झटपट दृढताले गर्नु भो हुन्छ हाण्ड**
**प्रलय समयले झैं घोर संहार काण्ड ॥ ६:४९**

माथिको पद्यांशमा रामले खर दमन गरेको प्रसङ्ग आएको छ । रामचन्द्रको खर दमनलाई प्रलय कालको घोर संहारसंग तुलना गरिएको छ । रामचन्द्रको खर दमनलाई उपमेयका रुपमा त्यो खर दमन प्रलय कालको घोर संहार सदृश हुनु उपमान, सादृश्य वाचक झैँ तथा धर्म दुवैका बिचको समानता देखाईएको छ । यसमा प्रकृति जगत्बाट टिपिएकै विम्बको प्रयोग छ ।

**प्यारा हुन्छन् सुजन भवमा हंस झैँ शुद्ध पक्ष**
**शान्त प्रेमी शुभ चलनले नित्य आनन्द दक्ष ।**
**खारा हुन्छन् कुजन सबमा काक झैँ कृष्ण पक्ष**
**द्रोही हेषी कटु वचनले गैह्र पार्ने विपक्ष ॥ ७:५**

**हुन्छन् सच्चा मलय तरु झैँ शिष्ट लोकोपकारी**
**घोटी-घोटी निज तनु दिने वासना तापहारी**
**हुन्छन् कच्चा विष तरु सरी दुष्ट पार्ने बिचेत**
**बाधा गर्ने भय पनि दिने प्राण हर्ने समेत ॥ ७:६**

माथिको श्लोकमा रावणको दुष्ट स्वभावको वर्णन गरिएको छ । दुष्ट र असल मानिसको स्वभावगत तुलना पनि माथिको पद्यांशमा गरिएको छ । सच्चा व्यक्तिलाई मलय तरु( कल्पवृक्ष) संग तुलना गरिएको छ । त्यस्तै कुजनलाई विष तरु(विष वृक्ष) को उपमा दिइएको छ । सुजनलाई हँस झैँ शुद्धताको उपमा दिईएको छ भने कुजनलाई काक झैँ कृण्ठाताको उपमा दिईएको छ । त्यसैले रावण र रामचन्द्रलाई विभिन्न उपमाद्धारा चिनाईएकाले उपमा अलङ्कार परेको छ । यसका विम्बहरु पंक्षी
र वनस्पति जगत्बाट टिपिएको छ ।

**सीताले यो अति जहरिलो बज्रजस्तो कठोर**
**बोली सुन्दा झटपट थुनी कान, काँपी अघोर ।**
**धोका खाई परतिर हटी अग्नि झैँ नेत्र पारी**
**त्रास, क्रोध प्रतिकृति भई भन्नु भो यो झपारी ॥ ७:१६**

माथिको पद्यांशमा रावणले सीतालाई छलपुर्वक अपहरण गरेको प्रसङ्ग उल्लेख छ । रावणले छल गरेपछि सीताका आँखाहरुलाई क्रोधाग्निले भरिएको भय र क्रोधको मूर्ति भएको उपमा दिईएको छ । यसमा पनि प्रकृति जगत्बाटै टिपिएको सुन्दर विम्बहरु आएका छन् ।

**हत्याराको वश भई चरी व्याधको जालमा झैँ**
**मूर्छा पर्दै विकल शफरी धोवरी पासमा झैँ ।**
**सीता धोई नयन जलले लागि चौतर्फ हेर्न**
**काहीँ केही शरण नहुँदा, लाग्नु भो शोक गर्न ॥ ७:२०**

माथिको पद्यांशमा रावणले छलपुर्वक अपहरण गरी सीतालाई लगेपछिको सीताको मनोदशाको वर्णन विभिन्न सुन्दर विम्बद्धारा गरिएको छ । निरुपाय सीतालाई व्याधाको जालमा परेकी चरीको उपमा दिईएको छ । माझीको जालमा फसेकी मछलीको उपमा

दिईएको छ । यसमा पनि प्रकृति जगत्‌बाटै टिपिएका विम्बालङ्कारको सुन्दर संयोजन गरिएको छ ।

**सम्झी-सम्झी पलपल महाँ राम ! हा राम ! भन्दै**
**कल्पी-कल्पी क्षण युग सरी मानि एकेक गन्दै ।**
**ढल्दा सीता छिन छिन महाँ मोहले भै वेहोस्**
**दिन्थ्यो चर्को कचकच गरी राक्षसी वर्ग होस् ॥ ७:२६**

माथिको पद्यांशमा सीतालाई अपहरण गरेर रावणले लङ्का सुऱ्याएपछि सीताको दयनिय अवस्थाको वर्णन गरिएको छ । सीताले रामको वियोग सहन नसकेको र एक क्षण पनि एक युग भएको उपमा दिईएको छ । यसमा समयबाट विम्ब टिपिएको छ ।

**महकको हकको पहिमा भरी**
**पवनको वनको रसमा परी ।**
**रसिकको सिकको झुलना सरी**
**ठहरियो हरियो वन वल्लरी ॥ ८:१९**

**सुमनको मनको जपना चढी**
**कदरको दर कोकिलको बढी ।**
**प्रिय सरी यसरी मधुमास यो**
**सरसको रसको घर झैं भयो ॥ ८:२०**

माथिको पद्यांशमा वसन्त ऋतुको भव्य वर्णन गरिएको छ । वसन्त ऋतुलाई विभिन्न उपमानसंग साधर्म देखाईएको छ । महकलाई हकको महिमासंग, पवनलाई वनको रससंग, रसिकलाई सिकको झुलनासंग, हरिया वनलाई वल्लरीसंग, सुमनलाई मनको जपनाको उपमासंग, सरसलाई रसको घरको उपमासंग तुलना गरी अभेद्य सम्बन्ध स्थापित गरिएको छ । यी पद्यमा प्रकृति जगत्‌बाट सुन्दर विम्बहरु टिपेर प्रस्तुत गरिएको छ ।

**अधीर भई रामले विरहको व्यथामाथि यो**
**विलाप गरी पीरको लहर तीरमा पोखियो ।**
**प्रभा नव वसन्तको चहकिलो त्यहाँ जो थियो**
**उरःक्षत निषे सबै लवण चुर्ण झैं भयो ॥ ८:५१**

माथिको पद्यांशमा सीताको वियोगबाट विरही बनेका रामको मनोदशाको चित्रण गरिएको छ । वसन्त ऋतुको चहकिलो पनले रामलाई थप संवेदित बनाएको प्रसङ्ग यसमा उल्लेख छ । छातीको घाउमा नुन छरेको उपमा वसन्तले विरही रामलाई पुऱ्याएको चोटसंग दिईएको छ ।

**बालीको बधगरी राज्यदानलाई**
**सीताको खबर लिई मिलानलाई ।**
**गर्दामा अटल परस्परै कबोल**
**मैत्रीमा विनिमय झैं भयो अमोल ॥ ९:२१**

माथिको पद्यांशमा बालि पछि सुग्रीवलाई राज्य दिईएको खुसियाली तथा हनुमानले सीतालाई फेला पारेको खुसियालीको प्रसङ्ग आएको छ यी दुवै खुसीलाई राम र सुग्रीवको विनिमयको उपमा दिईएको छ ।

**झर्छन् निर्झर झैँ अधर्म बहुतै छोटो छरितो गरी**
**उत्रन्छन् गम साथ धर्म बहँदै गम्भीर धारा लरी ।**
**जस्तो होस् पहिलो प्रकाश यिनको चाँडो ढिलो आखिर**
**फुर्छन् स्वर्णमय ध्वजा विजयका सद्धर्मकै खातिर ॥ ११:९**

**"आफ्नो धारणा भैरहन्छ जसले धारिन्छ जो लोकले**
**सोही धर्म" भनी निरुपण गरे प्राचिन तत्त्व जले ।**
**यस्तो वंश परम्परागत भई सर्वाङ्गमा सङ्गत**
**आत्मा झैँ निज धर्म भेटिन गए बन्नेछ को उत्तम ॥ ११:१०**

माथिको पद्यांशमा रावणका कुकृत्य र अधर्मका प्रसङ्गहरु आएका छन् । रावण अत्याचारी अधर्मी र पापी भएको पनि उल्लेख छ । रावणले गरेका अधर्मलाई पहाडबाट झर्ने झरणाको उपमा दिईएको छ । त्यस्तै अर्को श्लोकमा रावणको आत्मा पनि धर्म झैँ मेटिँदै गएको विम्ब प्रस्तुत गरिएको छ । यी दुवै श्लोकमा प्रकृति र सँस्कृतिसंग सम्बन्धित विम्बहरु प्रस्तुत भएका छन् ।

**भारी चुडारत्न सरी देवपरीको**
**बल्दो चल्दो दीपक झैँ स्वर्ग पुरीको ।**
**देख्ता तेजी पुष्पकको ज्योति सरेको**
**ठान्थे सारा दर्शक तारा दगुरेको ॥ १२:१८**

माथिको पद्यांशमा लङ्का विजयपछिको रामको पुष्पक विमानको यात्राको वर्णन गरिएको छ । पुष्पक विमानलाई विभिन्न उपमाद्धारा चित्रण गरिएको छ । पुष्पक विमानलाई देवपरीको चूडारत्नसंग, स्वर्गको दीपकसंग तुलना गरिएको छ । यसमा साँस्कृतिक र मिथकीय विम्बको प्रयोग गरिएको छ ।

**सब अवधमा प्रेमी नेत्र स्वरुप चकोरले**
**मधुर रसमा उत्कण्ठाको तँछाड मछाड्ले ।**
**सरल गतिमा नाच्तै उन्मत्त झैँ मनमा बनी**
**कण-कण दिए पृथ्वी लोकेन्दुको नव चाँदनी ॥ १३:२४**

माथिको पद्यांश रावण वध र चौधवर्ष वनबास पूरागरी अयोध्यमा फर्किएका भगवान् रामचन्द्रलाई नगरबासीहरुले गरेको नगर यात्रोत्सवको वर्णन गर्ने क्रममा आएको हो । रामको अयोध्यमा पुनरागमन भएपछि नगरबासीहरुमा रामको दर्शनको अभिलाषालाशई लामो समयपछि भेट भएका प्रेमी र प्रेमिकाको उन्मत्त खुसीसंग दाजिएको छ । अत, माथिको पद्यांशमा उपमा अलङ्कार रहेको छ ।

**उदाए सरी भूमिमा रामचन्द्र**
**उदाए नभो भागमा पूर्णचन्द्र ।**
**सुहाए सरी जानकी रामचन्द्र**
**सुहाए त्यहाँ चन्द्रिका साथ चन्द्र ॥ १४:१**

माथिको पद्यांशमा चन्द्रिका र चन्द्र जसरी सुहाउँछन् त्यसै गरी रामचन्द्र र जानकीको जोडी अपूर्व किसिमले सुहाएको छ, भन्ने भाव अभिव्यक्त भएको छ । यहाँ रामचन्द्र र जानकीलाई चन्द्रिका र चन्द्रको उपमा दिईएकाले उपमा अलङ्कार परेको छ ।

**निज कुल उज्वल पार्ने**
**चूडामणि झैं कुनै-कुनै हुन्छन् ।**
**लाखौं तारा गणमा**
**गणनीय सुधा निधान नै हुन्छन् ॥ १५:७**

माथिको पद्यांशमा भगवान् रामचन्द्रले आफ्नो कुललाई सार्थक पारेको प्रसङ्ग आएको छ । यस पद्यांशमा उपमेयको लोप गरिएको छ, र उपमानको मात्र स्थापना गरिएको छ । आफ्नो कुल उज्ज्वल पार्ने व्यक्तिलाई चूडामणिको उपमा र लाखौं तारागण मध्ये गणनीयको नमूना चन्द्रमालाई दिईएको छ । यहाँ उपमेय रामचन्द्र रहेको र वाचकपद लोप गरिएको हुनाले लुप्तोपमा अलङ्कार परेको छ ।

**सस्कारले सततया**
**उज्ज्वल भई सूर्य चन्द्र सरी ।**
**आश्रम झलमल पारे**
**यिनले दिन रात एक गरी ॥ १६:५३**

माथिको पद्यांशमा लव र कुशको जन्मको प्रसङ्ग आएको छ । लव र कुशको जन्मलाई सूर्य र चन्द्रको उदयको उपमा दिईएको छ ।

यसप्रकार आदर्श राघव महाकाव्यका प्रयुक्त अर्थालङ्कार अन्तर्गतको उपमा अलङ्कारले भाव रमणीयतामा वृद्धि गरेको छ ।

### ४.२.२ अनन्वय अलङ्कार

सादृश्य विच्छित्तिमूलक अलङ्कार वर्ग अन्तर्गत भेदाभेदतुल्यतामूलक अलङ्कार वर्गमा पर्ने अनन्वय अलङ्कारको सैद्धान्तिक व्याख्या त्रेस्रो परिच्छेद भई सकेको छ । प्रस्तुत शीर्षकमा आदर्श राघव महाकाव्यमा प्रयुक्त अनन्वय अलङ्कारको पहिचान र विश्लेषण गरिएको छ ।

**देदीप्यमान मणि झैं गुणका निधान**
**विश्वेशको छ महिमा सबमा प्रधान ।**
**संसार सार पुरुषोत्तम पुण्यमूर्ति**
**श्रीरामचन्द्र हुनुभो उनका विभूति ॥ १:७**

माथिको पद्यांशले भगवान् रामचन्द्रको वर्णन गरेको छ । उपमा अलङ्कारको प्रयोग गरी उपमेय रामचन्द्रलाई विभिन्न उपमानहरुको प्रयोग गरी अतुलनीय रुपमा वर्णन गरिएको छ । माथिको पद्यांशमा रामलाई नै सर्वश्रष्ठ मानिएको छ । देदीप्यमान मणिझैं गुण भएका,सबैभन्दा प्रधान महिमा भएका, संसारका सार र विभूतिका रुपमा रामचन्द्रलाई चित्रण गरिएको उपमा अलङ्कारसंगै अनन्वय अलङ्कार पनि प्रस्तुत भएको छ । यस पद्यांशमा रामको अर्को जोडा छैन भन्ने भाव लुकेको छ ।

**भूलोक मध्यमणि हो भुवनावलीको**
**यो द्वीप हो चहकिलो मुहुडा यहीँको ।**
**यो हो त्रिकोण कट भारतवर्ष खास**
**साकेत हो किरण केन्द्र बनी प्रकाश ॥ १:१८**

माथिको पद्यांशमा साकेतलाई वर्णन गर्ने क्रममा यो भन्दा राम्रा् र उपमा दिन सकिने अर्को नगर भूलोकमा छैन भन्ने भाव प्रस्तुत भएको छ । अत, यस श्लोकमा अनन्वय अलङ्कार प्रस्तुत भएको छ ।

**यहीँ सदा विनयले नयले उदेक**
**पार्ने भए दशरथ क्षितिपाल एक ।**
**यी हुन प्रसिद्ध रघुको कुलमा द्धितीय**
**दौडाउने दशदिशा रथ अद्धितीय ॥ १:३३**

माथिको पद्यांशमा दशरथको महिमा वर्णन गरिएको छ । दशरथको शौर्य, वीर्य तथा उनको व्यक्तित्वको उपमा कोहीसंग हुन नसक्ने र उनी अद्धितीय रहेको भाव प्रस्तुत भएकाले यसमा अनन्वय अलङ्कार रहेको छ ।

**भूदेवको केवल शान्ति धर्म हो**
**भूपालको बाहुवल स्वकर्म हो ।**
**यो नीतिको मर्म विवेक माफिक**
**अर्थी बने सर्वसमर्थ कौशिक ॥ २:४१**

माथिको पद्यांशमा विश्वमित्रको गुण,कर्म, यश र कीर्तिको बयान गरिएको छ । विभिन्न उपमेयलाई विभिन्न उपमानहरु प्रस्तुत गर्दै कौशिक वा विश्वमित्रलाई सर्वसमर्थ भनी टिप्पणी गरिएकाले यसमा अनन्वय अलङ्कार रहेको छ ।

**अजरामर छ सत्य चिन्मय**
**विमल ब्रह्म छ तत्त्व अदृय ।**
**भई भिन्न उपाधिले यही**
**भवमा घुम्दछ जीव हो यही ॥ ५:२१**

माथिको पद्यांशमा ब्रम्हको स्वरुप निरुपण गरिएको छ । ब्रम्हमको अर्को उपमान नभएको र आत्मा र परआत्मा एकै भएको भाव माथिको श्लोकमा प्रस्तुत भएको छ । अत, ब्रम्हको स्वरुपका सम्बन्धमा अनन्वय अलङ्कार देखा परेको छ ।

**छिनमा भुलुक्की भुल्की**
**उफ्री बुर्लुक्क तोडमा बलको ।**
**कपि भटले देखाए**
**व्यायाम कला अपूर्व भारतको ॥ १०:१६**

माथिको पद्यांशमा हनुमानले रावणको देश लङ्कामा पुगेर देखाएको वीरतालाई अपूर्व र अतुलनीय मानिएको छ । अत, यसमा अनन्वय अलङ्कार छ ।

### ४.२.३ स्मृति अलङ्कार

सादृश्यविच्छित्ति अलङ्कार वर्ग अन्तर्गत भेदाभेद तुल्यतामूलक अलङ्कार वर्गमा पर्ने स्मृति अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त स्मृति अलङ्कारको पहिचान र विश्लेषण गरिएको छ ।

**हो देश कोशल पुरातन-शिल्प -सिद्ध**
**सौराज्यले जगमगाई अति प्रसिद्ध ।**
**प्रख्यात नै छ जसको नगरी अयोध्या**
**भन्थे विपक्षहरुले पनि हो अयोध्या ॥ १:१९**

माथिको पद्यांशमा आयोध्याको वर्णन गर्ने क्रममा शत्रुहरुले पनि आयोध्याको प्रशंसा गरेको स्मरण गरिएको छ । कोसल राज्यको अयोध्या साँच्चै नै अयाध्या थियो । जसलाई शत्रुहरुले पनि प्रशंसा गरेको थिए भन्ने रमणीय भाव प्रस्तुत भएको छ । यसमा प्रशंसा अलङ्कार र स्मृति अलङ्कारको तिलतण्डुलन्याय प्रयोग भई संसृष्टि अलङ्कार पनि निर्माण भएको छ ।

**शोभा थियो चरणमा मुकुट प्रभाको**
**आभा थियो हृदयमा शुभ भावनाको ।**
**बस्थे स्वतन्त्र फलफूलहरु रुचाई**
**भूदेव पावन तपोवनमा रमाई ॥ १:२८**

माथिको पद्यांशमा दशरथको कुलको वर्णन गरिएको छ । दशरथका पुस्ताहरुको स्मरण माथिको पद्यांशमा गरिएकाले स्मरण अलङ्कार परेको छ । त्यस्तै मुकुट प्रभामा श्लेष अलङ्कार पर्न गएको छ । त्यसैले श्लेषद्धारा स्मृति झल्काईएको भान पनि हुन्छ ।

**भुपाल पालन गरी सकल प्रजाको**
**आनन्दमा जग जमाई जय ध्वजाको ।**
**अन्तर्विचातिर अन्त्य उमेरलाई**
**फर्काउँथे मन तपोवनमा विसाई ॥ १:२९**

माथिका पद्यांशमा दशरथको पूर्ववृत्तवा कुलको वर्णन गर्दै उनीहरु पुण्यात्मा सिद्धात्मा रहेको र जीवनलाई पुण्य कर्मद्धारा आननिदत तुल्याएर अनितम समयमा तपोवनमा गएर मोक्ष प्राप्त गर्ने गरेको स्मरण गरिएको छ ।

**जातिय गौरव लिएर विवेक शान्ति**
**उद्योग जाँगर बढाई चढाई कान्ति ।**
**पस्ने नदी हृदयमा भय मोह शोक**
**आनन्द सुन्दर थिए सब जीव लोक ॥ १:३०**

माथिको पद्यांशमा रामको पूर्ववृत जातिय गौरव लिएर अघि बढ्ने गरेको, जाँगरले भरिपूर्ण भएर उद्योग वा कर्म गर्ने गरेको, भय, मोह र शोकलाई हृदयबाट हटाउन सम्ने क्षमता भएका,सम्पूर्ण जीवहरुको लोकमा रक्षा गर्न समर्थ रहेका आनन्द र सुन्दर राजवंशको परम्परा हो भनि प्रशंसा र स्मृति गरिएको छ । अत, यसमा पनि स्मृति अलङ्कार रहेको छ ।

**नक्षत्र साथ लिई निर्मल पूर्ण चन्द्र**
**जस्तै हुँदा प्रकट सानुज रामचन्द्र ।**
**आनन्द मग्न जन मस्त भएर नाचे**
**सन्त्रोषको रस अनन्त गराई साँचे ॥ १:६७**

माथिको पद्यांशमा भगवान् रामचन्द्रको जन्मको प्रसङ्ग उल्लेख छ । जब भगवान् रामचन्द्र अयोध्यमा निर्मल पूर्ण चन्द्र जस्तै भएर प्रकट भए त्यसपछि सम्पूर्ण कोशलबासीहरु आनन्द मग्न मस्त भएर नाचेको तथा सन्त्रोषको रस अनन्त गराई साँचेको स्मरण गरिएको छ । यसमा दृष्टान्त अलङ्कार पनि रहेको छ । दुवै अलङ्कारको मिश्रणद्धारा भाव रमणीयतामा वृद्धि भएको छ ।

**अधम उधुमलाई जन्म मेरो**
**विहित रहेछ, पऱ्यो विपत् घनेरो ।**
**जहर भरी रहेछ कर्म खोटो**
**अपयश कोश रहेछ भाग्य छोटो ॥ २:६७**

माथिको पद्यांशमा रामचन्द्र वनगमन भई सके पछि भरतले गरेको विलाप प्रस्तुत भएको छ । आफ्नो जन्म उधुम मच्चाउनका लागि भएको रहेछ मेरो कर्म खोटो रहेछ मेरो भाग्यको कोश अपयश रहेछ भनि बारम्बार स्मृति द्धारा आफ्नो जन्म र आफ्नो भाग्यलाई धिक्कारेका छन् । यसमा श्लेष अलङ्कार पनि रहेको छ ।

**सम्फी-सम्फी पलपलमहाँ राम ! हा राम ! भन्दै**
**कल्पी-कल्पी क्षण युग सरी मानि एकेक गन्दै ।**
**ढल्दा सीत छिन छिनमहाँ मोहले भै विहोस्**
**दिन्थ्यो चर्को कचकच गरी राक्षासी वर्ग होस ॥ ७:२६**

माथिको पद्यांश रावणले छलपूर्वक सीतालाई लङ्का लादै गरेको दृश्या जटायुले देखेर रामलाई सुनाउने प्रसङ्गमा आएको हो । यसमा सीलाले रामलाई बारम्बार स्मरण गरेको, एक क्षणलाई पनि एक युग जस्तो कल्पना गरेको, छिनछिनमा वेहोस् भएको, रावणले बारम्बार दबाब दिएको आदि स्मृति सन्दर्भहरु प्रस्तुत गरिएको छ । यसमा उपमा अलङ्कार पनि रहेको छ ।

**बोली निस्क्यो छलछल यही, खाली गादावरीको**
**काँपे केरा गहमा गरी आँसु मानी ननिको ।**
**हुँ हुँ गर्दै भ्रमर-कुलले शोक ज्यादै भनाए**
**काँ काँ गर्दै ढनमन हुँदै हाँस धेरै कराए ॥ ७:३३**

माथिको पद्यांशमा रामको व्याकुलताको चित्रण गरिएको छ । स्मृति सन्दर्भद्धारा सीताको अपहरण पछि राममा उत्पन्न भएको विरही वेदनाको प्रस्तुती भएको छ । 'भ्रमर-कुल' मा श्लेष अलङ्कार पनि रहेको छ ।

## ४.२.४ असम अलङ्कार

असम अलङ्कार उपमेयको निषेध गरी उपमानको स्थापना गर्नु हो । यसको सैद्धान्तिक चर्चा तेस्रो अध्यायमा गरिएको छ ।'आदर्श राघव' महाकाव्यमा असम अलङ्कारको प्रयोग भएको छैन । स्वयम् महाकविले आफ्नो लक्षण ग्रन्थ साहित्य प्रदिपमा पनि असम अलङ्कारको उदाहरण आफै निर्माण गरेर दिएका छन् । अन्य अलङ्कारको उदाहरण 'आदर्श राघव' बाटै दिईनु र असम अलङ्कारको उदाहरण नदिईनुले पनि 'आदर्श राघव' महाकाव्यमा असम अलङ्कार छैन भन्ने कुराको पुष्टि गर्छ ।

## ४.२.५ प्रतीप अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको भेदाभेदतुल्यमूलक उपवर्गमा प्रतीप अलङ्कारलाई राखिएको छ । प्रतीपले उपमान र उपमेय उल्टोपाल्टो गरी आउनु भन्ने अर्थ दिन्छ । आदर्श राघवका निम्न श्लोकहरुमा प्रतीप अलङ्कार रहेको छ ।

**उदाए सरी भूमिमा रामचन्द्र**
**उदाए नभो भागमा पूर्णचन्द्र ।**
**सुहाए सरी जानकी रामचन्द्र**
**सुहाए त्यहाँ चन्द्रिका साथ चन्द्र ॥ १४:१**

माथिको पद्यांशमा चन्द्राद्‌यको वर्णन गरिएको छ । यसमा चन्द्रोदयलाई भूमिमा रामचन्द्र उदाएको सँग तुलना गरिएको छ । त्यस्तै पूर्ण चन्द्र आकाशमा सुहाएको संग तथा रामचन्द्र र जानकीको जोडीजस्तै चन्द्र र चन्द्रिकाको जोडी सुहाएको प्रसङ्ग आएको छ । यसमा चन्द्र र चन्द्रिका उपमान हुनु पर्नेमा उपमेय र रामचन्द्र र जानकी उपमेय हुनु पर्नेमा उपमानका रुपमा स्थापना गरिएको छ । अत, उपमान र उपमेयलाई उल्टोपाल्टो गराईएको उपमाको समेत स्थापना गरिएकाले माथिको पद्यांशमा प्रतीप अलङ्कार रहेको छ ।

यस प्रकार आदर्श राघवको यस पद्यमा प्रयोग भएको प्रतीप अलङ्कारबाट महाकाव्यको भाव रपणीयतामा वृद्धि भएको छ ।

## ४.२.६ रुपक अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको अभेद प्रधान्यमूलक अलङ्कार वर्ग अन्तर्गत आरोपाश्रित उपवर्ग अन्तर्गत रुपक अलङ्कारलाई रुच्यकले वर्गीकरण गरेका छन् । यसको सैद्धन्तिक चर्चा तेस्रो परिच्छेदमा भएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा रुपक अलङ्कारको प्रयोग भएको देखाईएको छ ।

**संसार सार पुरुषोत्तम पुण्यमूर्ति**
**श्रीरामचन्द्र हुनु भो उनका विभूति । १:७**

माथिको पद्यांशमा रामचन्द्रको महिमा वर्णन छ । संसाररुपी सार नै पुरुषोत्तम हुनु र पुरुषोत्तमका विभूति नै रामचन्द्र हुन भनी उपमानमा उपमेयका आरोप गरी दुवैका बिच अभेद्य सम्बन्धको स्थापना गरिएकाले रुपक अलङ्कार रहेको छ ।

**भूलोक मध्यमणि हो भुवनावलीको**
**यो द्वीप हो चहकिलो मुहुडा यहीँको ।**
**यो हो त्रिकोण कट भारत बर्ष खास**
**साकेत हो किरण केन्द्र बनी प्रकाश ॥ १:१८**

माथिको पद्यांशमा साकेतको वर्णन गरिएको छ । साकेतलाई उपमेयका रुपमा स्थापना गरिएको छ । त्यसपछि भूलोक नै मध्यमणि हो । साकेत नै चहकिलो द्वीप हो । साकेत भारतवर्षको त्रिकोण कर हो र साकेत भारतवर्षको किरणको केन्द्र हो भनी आरोप गरिएको छ । उपमान र उपमेयका विचमा अभेद्य सम्बन्ध देखाईएको छ । अत, माथिको श्लोकमा रुपक अलङ्कार रहेको छ ।

**कर्मानुसार बहुधा बदलेर हाल**
**चल्दो रहेछ सवलोक विचित्र चाल ।**
**देखाउँदो छ चटकी नट तुल्य काल**
**संसार रङगभर अद्भूत ईन्द्रजाल ॥ १:४६**

माथिको पद्यांशमा दशरथको अपुजताको वर्णन गरिएको छ । यहाँ कर्मचक्र वा भाग्य चक्रलाई उपमेयका रुपमा स्थापना गरिएको छ । कर्मचक्रलाई संसाररुपी रङ्गमञ्चसंग तुलना गरी कर्मचक्र र संसाररुपी रङ्गमञ्चका विचमा अभेद्य सम्बन्धको स्थापना गरिएको छ ।

**संसार हो क्षेत्र अपूर्व कर्मको**
**आधार हो भारत पूर्व धर्मको ।**
**गार्हस्थ हो केन्द्र पवित्र चित्रको**
**आदर्श हो भद्र चरित्र भिजको ॥ २:२**

माथिको पद्यांशमा दशरथको गार्हस्थ जीवनको चर्चा गरिएको छ । संसारलाई अपूर्वकर्म क्षेत्रका रुपमा, भारतलाई पुर्वधर्मको आधारका रुपमा गार्हस्थ जीवनलाई पवित्र चित्रको केन्द्रका रुपमा र भद्र चरित्रलाई आदर्शको भित्रका रुपमा आरोप गरी उपमान रउपमेय बिच अभेद्य सम्बन्ध देखाउँदा रुपक अलङ्कार निर्माण भएको छ ।

**शाखा बढाएर समाज सर्गको**
**रक्षा गरी उत्तम कर्म वृक्षको ।**
**संस्कार गर्दै फलफुल भर्दछन्**
**संसार उद्यान यिनै बनाउँछन् ॥ २:११**

माथिको पद्यांशमा दशरथको राज्य सञ्चालनलाई वर्णन गरिएको छ । यसमा समाज नै सर्ग हो, कर्म नै वृक्ष हो, संसार नै उद्यान हो भनि उपमेय र उपमानका बिचमा अभेद्य सम्बन्ध देखाईएकाले रुपक अलङ्कार रहेको छ ।

**पितृदेव नृलोक सार हुन्**
**व्यवहारोदधि कर्णधार हुन् ।**
**नव जीवन शिल्पकार हुन्**
**करुणाका प्रथमावतार हुन् ॥ ५:५**

माथिको पद्यांशमा रामको वियोग सहन नसकी दशरथको मृत्यु भएपछि परेको पितृशोकको वर्णन गरिएको छ । यस पद्यमा पितृ नै देवता हुन्, नृलोक नै सार हुन्, व्यवहार नै कर्णधार हुन्, नव जीवन नै शिल्पकार हुन्, करुणाका प्रथमावतार हुन भनी आरोप-आरोप्य सम्बन्धको स्थापना गरिएको छ । अतः माथिको पद्यांशमा रुपक अलङ्कार रहेको छ ।

**अजरामर सत्य चिन्मय**
**विमल ब्रह्म छ तत्व अद्वय ।**
**भई भिन्न उपाधिले त्यही**
**भवमा घुम्दछ जीव हो यही ॥ ५:२१**

माथिको पद्यांशमा वशिष्टले रामलाई दिएको प्रबोधन वा उपदेश प्रस्तुत भएको छ । यस श्लोकमा ब्रम्हको स्वरुप वा लक्षणलाई  विभिन्न उपमानद्वारा चिनाईएको छ । ब्रह्म अजरामर छ, ब्रह्म नै सत्य हो, ब्रह्म नै जीव हो भनी उपमेय र उपमानको परस्पर आरोप गरी यी दुवैको बीचमा अभेद्य सम्बन्ध देखाइएको छ । अतः माथिको पद्यमा रुपक अलङ्कार रहेको छ ।

**सब यो परचित्स्वरुप हो**
**भव सारा उसकै विवर्त हो ।**
**न त आदि  न अन्त्य वास्तव**
**भ्रम हो गैह्र विकल्प- वैभव ॥ ५:३१**

माथिको पद्यांशमा ब्रह्मको स्वरुप निरुप निरुपण गरिएको छ । ब्रह्म नै परचित्स्वरुप हो, यो संसार नै ब्रह्मको विवर्त हो, विकल्प वैभव भ्रम हो भनी उपमेय र उपमानका बीचमा अभेद सम्बन्ध स्थापना गरिएकाले यस पद्यांशमा रुपक अलङ्कार रहेको छ ।

**निगमागम दिव्य वेद हो**
**पितृको वाक्य मनुष्य वेद हो ।**
**यिनको अटल प्रमा अहो !**
**स्थिर लोक द्वयको सुधार हो ॥ ५:५२**

माथिको पद्यांशमा वनबासप्रति र आमाका वचनप्रतिको रामको अटल निष्ठा प्रस्तुत गरिएको छ । यसमा निगमागम नै दिव्य वेद हो,पितृको वाक्य नै मनुष्य वेद हो भनी उपमेय र उपमानका बीचमा अभेद्य सम्बन्ध देखाइएकाले रुपक अलङ्कार रहेको छ ।

**रस कला सकलागम सार हो**
**वर सभा रस भाव विहार हो ।**
**रसिकता सिकता च्युत नीर हो**
**रसबिषे स-विशेष वसन्त हो ॥ ८:२५**

माथिको पद्यांशमा वसन्त ऋतुको वर्णन गरिएको छ । रस नै सार हो, रस भाव नै विहार हो, सिकता च्यूत नै नीर हो, रस विशेष नै वसन्त हो भनी उपमेयमा उपमानको आरोप गरी दुवैका बिच अभेद्य सम्बन्ध देखाइएको छ । अतः माथिको पद्यांशमा रुपक अलङ्कार रहेको छ ।

**ठूलादेखि लिएर रङ्कतकको संसार आधार हो**
**कोही उज्ज्वल बन्दछन् मलिन भै कोही रहन्छन् आहो !**
**धर्माधर्म हुँदा निदान यसमा, हुन्छन् यिनै लक्षण**
**ज्ञानाज्ञान दुवै प्रधान यिनका हुन मूलका कारण ॥ ११:३**

माथिको पद्यांशमा धर्म र अधर्मका बारेमा वर्णन गरिएको छ । ठूला देखि रङ्कसम्मको संसार नै आधार हो, धर्म नै उज्ज्वल हो, अधर्म नै मलिन हो र यी सबैको कारण ज्ञानाज्ञान हो भनि उपमेय र उपमानका बिच आरोप गरी अभेद्य सम्बन्ध देखाइएको छ । अतः माथिको दृष्टान्तमा रुपक अलङ्कार रहेको छ ।

**छैन स्पष्ट पत्ता न ता छ अगुवा ऊचो र नीचो पथ**
**अन्धाधुन्ध छ अन्धकार न कुनै मिल्ने सवारी रथ ।**
**भन्छन् यो घनघोर दुर्ग वनको पारै रहन्छन् हरि**
**धर्मालोक छ विश्वका पथिकको आधार सर्वोपरि ॥ ११:७**

माथिको श्लोकमा पनि धर्माधर्म र कर्माकर्मको वर्णन गरिएको छ । संसारको आधार नै धर्म हो भनी आरोप गरिएको छ । अतः माथिको पद्यांशमा रुपक अलङ्कार परेको छ ।

**पाई निर्मल काल दूर रहलिन् के चन्द्रकी चाँदनी**
**फुट्टा बस्न हुनेछ शक्ति कसको काया र छाया बनी ।**
**पद्मापद्म मिली सरोवरविषे गर्छन् सदा रम्यता**
**आधा अंग दिदैन काम, दुईको एकत्व हो पूर्णता ॥ ११:६६**

माथिको पद्यांशमा सीता र रामको पुनर्मिलनको क्षण प्रस्तुत गरिएको छ । माथिको पद्यांशमा दृष्टान्त अलङ्कार र रुपक अलङ्कार एकै पटक प्रस्तुत भएका छन् । आधा अंगले काम नदिने दृष्टान्त तथा पद्मापद्मले नै सरोवरमा रम्यता दिने तथा छाया र काया नछुट्टिने दृष्टान्त एवम् चन्द्र र चादनीको
सामिप्यताको दृष्टान्त प्रस्तुत गरेपछि दुईको एकत्व नै पूर्णता हो भनि रुपक अलङ्कारको प्रस्तुत गरिएको छ । यसले उत्कृष्ट भाव रमणीयताको सिर्जना भएको छ ।

**स्वर्ण श्री हो धीरहरुको विनय श्री**
**रत्न श्री हो वीरहरुको विजय श्री । १२:९**

माथिको पद्यांशमा रामको रावणमाथिको विजयको वर्णन प्रस्तुत गरिएको छ । धीरहरुको विनयश्रीलाई स्वर्ण श्री संग आरोप गरिएको छ । त्यस्तै वीरहरुको विजय श्रीलाई रत्न श्री हो भनी आरोप गरिएको छ, जसबाट रुपक अलङ्कार सिर्जना भई भाव रमणीयतामा वृद्धि भएको छ ।

**निलो सारी सागर धर्के तट चोलो**
**खोलानाला कम्मर बन्दी चहकिलो ।**
**ढाका बुट्टे चादर पारी वन भारी**
**देख्थे यात्री पल्टिरहेको क्षिति नारी ॥ १२:२७**

माथिको पद्यांशमा रामको पुष्पक विमान यात्राको प्रसङ्ग आएको छ । विमानबाट धर्तीमा हेर्दाको दिव्य कल्पना यसमा गरिएको छ । नीलो सारी नै सागर हो, धर्के चोलो नै तट हो, खोला नालाहरु कम्मरबन्दी हने, वनजङ्गल ढाकाको बुट्टे च्यादर हो भनि अनौठो कल्पनाका साथमा प्रकृतिको मानवीकरण गर्दै उपमेयमा उपमानको आरोप गरिएकाले रुपक अलङ्कार प्रस्तुत भएको छ ।

**जय विजय हुन् रक्षा गर्ने महोज्ज्वल धाममा**
**नय विनय हुन् शोभा भने समन्नत नाममा ।**
**सम विषमको लेखाजोखा गरी परिपालक**
**भव विभव हुन् धर्माचारी गुणी नरनायक ॥ १२:३७**

माथिको पद्यांशमा भगवान् रामचन्द्रलाई वशिष्ठले शुभराज्यभिषेक गरी दिएको शुभ उपदेशको प्रसङ्ग आएको छ । माथिको पद्यांशमा महोज्ज्वल धामको रक्षा गर्ने नै जय विजय हुन्, नामको समुन्नत शोभा भर्ने नै नय विनय हुन्, धर्माचारी व्यक्तिनै भव विभव हुन र गुणी नर नै नायक हुन् भनी उपमेयमा उपमानको आरोप गरी उपमेय र उपमानका बिच अभेद सम्बन्ध देखाइएको छ ।

**बदल्दो छ यो कालले धुम छाया**
**यसैले त मानिन्छ संसार माया ।**
**सबै कालको खेल दैवी रहेछ**
**ओराल्ने उकाल्ने उही नै रहेछ ॥ १४:२५**

माथिको पद्यांशमा राम र सीताको संवादको प्रसङ्ग आएको छ । रामले सीतालाई सम्बोधन गरेर जीवनको नियतिका बारेमा आनन्दवाणी प्रस्तुत गर्ने प्रसङ्ग माथिको पद्यमा आएको छ । माथिको पद्यांशलाई संसार नै माया हो भनी संसारको आरोप मायासंग गरिएको छ । कालको खेललाई दैवसंग आरोप गरिएको छ र उकाल्ने र ओराल्ने दैव नै हो भनी प्रस्तुत गरिएको छ । यसैले माथिको पद्यांशमा रुपक अलङ्कार रहेको छ ।

**यिनै चन्द्र हुन् चन्द्रिकाका नसिव**
**प्रभु प्राण सर्वस्व सौभाग्य जीव ।**
**विना चन्द्र हुन्छिन् यिनी शून्य तुच्छ**
**प्रभाहीन निःसत्व सामान्य गुच्छ ॥ १४:४०**

माथिको पद्यांशमा रामप्रति सीताको अटल प्रेम प्रस्तुत भएको छ । माथिको पद्यांशमा चन्द्र नै चन्द्रिकाका नसिव हुन्, प्रभु नै प्राण हो र जीवको सर्वस्व नै सौभाग्य हो भनि उपमेयमा उपमानकोआरोप गरिएको छ । यसमा अप्रस्तुतका माध्ममबाट रामचन्द्रको प्रशंसा गरिएकाले अप्रस्तुत प्रशंसा अलङ्कार र रुपक अलङ्कार एकै चोटि आइ भाव रमणीयताको वृद्धि गरेका छन् ।

**विवेक हो सत्य देह आत्मा उज्ज्वल तेज हो**
**न्याय सद्वर्म हुन् बाहु धैर्य गाम्भीर्य पाउ हुन् ॥ १५:३७**

माथिको पद्यांशमा आदर्श रामचन्द्र र रामराज्यमा भएको सत्नीति प्रस्तुत भएको छ यस पद्यांशमा उपमेय नै उपमान हो अथवा विवेक नै सत्य हो, आत्मा नै उज्ज्वल तेज हो, न्याय नै सद्धर्म हो, बाहु नै धर्म हो र गाम्भीर्य नै पाउ हो भनी उपमेय र उपमानका बिच आरोप गरी अभेद्य सम्बन्ध देखाइएकाले रुपक अलङ्कार रहेको छ ।

यसप्रकार 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त रुपक अलङ्कारको सार्थकताले महाकाव्यको भाव रमणीयतामा वृद्धि गर्दै महाकाव्यलाई थप आश्वाद्य बनाएको छ ।

### ४.२.७ परिणाम अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको अभेदप्राधान्यमूलक उपवर्गको आरोपाश्रित उपवर्गमा पर्ने परिणाम अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो अध्यायमा गरिएको छ । 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त परिमाण अलङ्कारलाई तल उल्लेख गरिएको छ ।

**गर्दै नाना कार्यको सत् प्रबन्ध**
**रक्षा गर्दा लोकको रामबाट ।**
**छत्रच्छाया पाई आनन्दसाथ**
**सारा रैनी भक्तिले नाच्न थाले ॥ १५:२५**

माथिको पद्यांशमा रामचन्द्रको राजकिय राज्य प्रबन्धको चर्चा गरिएको छ । रामले गरेका नाना किसिमका असल प्रबन्धहरु, लोकको हित र रक्षा आदिले छत्र रुपी छाँयाको काम गरेबाट सारा रैतीहरु भक्ति र आनन्दले नाचेको प्रसङ्ग उल्लेख छ । अतः आरोप्य आरोप विषयक स्वरुप बनेर प्रासङ्गिक कुरामा उपयोगी भएकाले परिणाम अलङ्कार रहेको छ ।

**अति सुघर सफा थिए विशाल**
**रथ-पथ पङ्क-विहीन सर्वकाल ।**
**रथ शकट दगुर्थे अनेक**
**सुख सजिलोसंग हिड्दथे अनेक ॥ १५:३२**

माथिको पद्यांशमा रामले निर्माण गरेको आदर्श राज्य र त्यस आदर्श रामराज्यको शोभा वर्णन गरिएको छ । रामराज्यका हरेक वस्तुहरु, रथहरु, बाटाहरु फराकिला र सफा थिए । सधैँभरी मानिसहरु सुखपूर्वक, सजिलोसंग हिड्न सक्थे भनी परिमाण प्रस्तुत गरिएको छ । त्यसैले माथिको पद्यमा परिमाण अलङ्कार प्रस्तुत भएको छ ।

**न्यायको ज्योतिले नित्य**
**उज्यालो राजमार्गमा ।**
**बालवृद्ध प्रौढ सारा**
**आनन्दसंग हिँड्दथे ॥ १५:४०**

माथिको पद्यांशमा आदर्श रामराज्यमा भएको सत्नीतिको वर्णन गरिएको छ । आदर्श राम राज्यमा न्यायको ज्योति बलेको, त्यही न्यायको ज्योति बलेको आदर्श रामराज्यरुपी राजमार्गमा बाल, वृद्ध र प्रौढहरु आनन्दसंग हिडेको प्रसङ्ग उल्लेख छ । त्यसैले यसमा आरोप्य आरोप विषय बनेको हुनाले परिणाम अलङ्कार रहेको छ ।

**फुल्दा-फुल्दा नीति लता**
**देश नन्दन बन्न गो ।**
**राज्य लक्ष्मी त्यहाँ डुल्थिन्**
**दिव्य सङ्गीत गाउँदै ॥ १५:४७**

माथिको पद्यांशमा पनि आदर्श रामराज्यको सत्नीति प्रस्तुत गरिएको छ । आदर्श रामराज्यमा नीति रुपी लता फल्दा र फुल्दा देश नै वगैंचा बनेको र जसको परिणाम स्वरुप राज्य लक्ष्मी वा वैभव दिव्य सङ्गीत गाँउदै डुलेको वर्णन छ । त्यसैले माथिको पद्यांशमा परिणाम अलङ्कार रहेको छ ।

**आदर्श शासन हूँदा अभिराम राज्य**
**प्रख्यात भो भुवनमा शुभ राम-राज्य ।**
**आराम-राज्य चिरकाल रही रसायो**
**विश्राम राज्य-सुखको मनमा जनायो ॥ १५:७३**

माथिको पद्यांशमा रामद्वारा सञ्चालित आदर्श राम राज्यको वर्णन गरिएको छ । आदर्श किसिमको शासन भएकाले भुवनमा रामराज्य प्रख्यात भएको र त्यही परिणाम स्वरुप आराम नै रामराज्य हो भनि चिरकालसम्म प्रख्यात रहेको वर्णन गरिएकाले परिणाम अलङ्कार रहेको छ । यसप्रकार 'आदर्श राघव' का विभिन्न पद्यहरुमा प्रयुक्त परिणाम अलङ्कारबाट महाकाव्यत्मक भाव रमणीयतामा वृद्धि भएको छ ।

### ४.२.८ सन्देह अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको अभेद प्राधान्यमूलक उपवर्गको आरोपाश्रित अलङ्कारका रुपमा सन्देह अलङ्कारको वर्गीकरण गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा भइ सकेको छ ।

**स्वर्गीय रश्मि-लहरी भरिदै धरामा**
**दिव्य प्रकाश सबतर्फ उदाउँदामा ।**
**संसारको उदय बाद शुभ प्रभाले**
**दोस्रो भयो प्रहर हो किभनी भन्न थाले ॥ १:३१**

माथिको पद्यांशमा दशरथको पूर्ववृत्त प्रस्तुत गरिएको छ । पृथ्वीमा रश्मरुपी लहरीको दिव्य प्रकाशले उज्यालो छरिदा लोकलाई उज्यालो हुने बेला दोस्रो प्रहर भएको हो कि भन्ने सन्देह परेको वर्णन छ । यसमा भावगत सन्देह रहेको छ ।

**अगाडि सरी चापको नजिक, वीर शोभा भरी**
**कडा भइ खडाहुँदा सघुकुमार खम्भा सरी ।**
**मुखामुख गरे सबै प्रमुखले द्विधामा परी**
**विर्तक र उद्देकको भल बग्यो त्यहाँ बेसरी ॥ ३:२८**

माथिको पद्यांशमा रामचन्द्रद्वारा सीताको स्वयंवर समारोहमा शिवधनु भङ्ग गरिएको प्रसङ्ग उल्लेख छ । रामचन्द्र जस्ता कलिलो उमेरका बालकले विशाल शिव धनु उच्चाल्न लागेको देख्दा उपस्थित सभासद्हरुमा संशय जागृत भएको वर्णन गरिएको छ । यहि क्रममा सबैले मुखामुख गरेको, तर्क वितर्क गरेको, उदेकलाग्दो संशयपूर्ण अवस्थाको सिर्जना भएको प्रसङ्ग आएकाले माथिको पद्यांशमा सन्देह अलङ्कार रहेका छ ।

**हरिण अति अनौठो जाल पो हो कि हेर**
**हरदम रहनु है भाइलाई भनेर ।**
**शरधनु लिई झट्टै राम लाग्दा अगाडि**
**मृग टपटप यतै उड्न लाग्यो अगाडि ॥ ६:५७**

माथिको पद्यांश मारीचको वधको प्रसङ्गमा आएको छ । मारीचले छल गरेर सुवर्णमय मृगको स्वरुपमा रामको कुटीमा आएकाले सुनै सुनको मृग हुनु सम्भव नभएको तथा रामले यो अनौठो हरिण छ । त्यसैले जाल पो हो कि भनी संशय प्रकट गरेकाले सन्देह र भ्रान्तिमान अलङ्कार एकै पटक परेको छ ।

**साधी रस्ता यम नियमको चित्त एकाग्र पारी**
**चढ्दै जाँदा श्रवण मनन ध्यानको मार्ग भारी ।**
**आत्मा रामात्मक हुँदा जानकीको प्रयोग**
**के भन्ने हो जनक कुलको योग हो वा वियोग ॥ ७:३०**

माथिको पद्यांशमा हनुमानले सीतालाई रावणको अशोक बाटिकामा देखेपछिको प्रसङ्ग उल्लेख छ । सीताले रामप्रति एकाग्र चित्त लाएर बसेको देखेपछि हुनमानको मनमा सीता र रामको योग भएको हो वा वियोग भएको हो सन्देह परेको छ । अतःयस पद्यांशमा सन्देह अलङ्कार रहेको छ । यस प्रकार 'आदर्श राघव' महाकाव्य प्रयुक्त सन्देह अलङ्कारबाट प्रस्तुत महाकाव्यको भाव रमणीयतामा वृद्धि भएको छ ।

### ४.२.९ भ्रान्तिमान् अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको अभेद प्राधान्यमूलक उपवर्गको आरोपाश्रित अलङ्कार अन्तर्गत भ्रान्तिमान् अलङ्कार रहेको छ । यस अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । 'आदर्श राघव' महाकाव्यमा अलग्गै भ्रान्तिमान् अलङ्कार प्रयोग भएको छैन । सन्देह अलङ्कार र भ्रान्तिमान् अलङ्कारलाई महाकाव्यकारले एकै ठाँउमा मिसाएर प्रस्तुत गरेका छन् । स्वयं महाकविले अफ्नो लक्षण ग्रन्थ 'साहित्य प्रदीप' मा पनि भ्रान्तिमान् अलङ्कारको चर्चा गरी 'आदर्श राघव' भन्दा भिन्न पद्यबाट उदाहरण दिएका छन् । अतः सन्देह अलङ्कारको र भ्रान्तिमान् अलङ्कार प्रस्तुत महाकाव्यमा संयुक्त रुपमा भई महाकाव्यको भाव रमणीयतामा वृद्धि हुन पुगेको छ ।

### ४.२.१० अपह्नुति अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको अभेद प्राधान्यमूलक उपवर्गको आरोपाश्रित अलङ्कार अन्तर्गत अपह्नुति अलङकारको वर्गीकरण गरेको पाईन्छ । यसको सैद्धान्तिक चर्चा तेस्रो अध्यायमा भई सकेको छ । यहाँ 'आदर्श राघव' का पद्यहरुमा रहेका प्रस्तुत अलङ्कारको चर्चा गरिएको छ ।

**यहाँ रहेन छ कहीँ सुख सोह्र आना**
**जाहाँ तहीँ कम कुनै न कुनै छ बाना ।**
**साम्राज्यको पदसमेत रहेन पूर्ण**
**निःशेष विश्व रचिएछ यसै अपूर्ण ॥ १:४४**

माथिको पद्यांशमा दशरथको अपुत्रताको प्रसङ्ग उल्लेख छ । सुख सोहै्र आना कहीँ पनि छैन । कुनै न कुनै कमी छ । साम्राज्यको पद पनि पूर्ण छैन । यो संसार नै विशेष रुपमा अपूर्ण रचिएको छ भनि उममेयको बारम्बार निषेध गरेर उपमानको स्गापना माथिको पद्यांशमा गरिएकाले यसमा अपह्नुति अलङ्कार रहेको छ ।

**सब यो परचित्स्वरुप हो**
**भव सारा उसकै विवर्त हो ।**
**न त आदि न अन्त्य वास्तव**
**भ्रम हो गैह्र विकल्प-वैभव ॥ ५:३१**

माथिको पद्यांशमा रामलाई वशिष्ठको प्रबोधन अन्तर्गतको प्रसङ्ग आएको छ । यस पद्यांशमा उपमेयलाई निषेध गरेर उपमानको स्थापना गरिएको छ । यो संसार वास्तविक होईन यो परचित्स्वरुप हो । यो भव अरु विवर्त होईन, परचित्स्वरुपकै विवर्त हो । यसको न आदि न अन्त्य छ । त्यसैले यो वैभव सत्य होइन भ्रम हो । यस पद्यांशमा यपमृयमा नकार लगाई निषेध गरेर उपमेयको सट्टामा उपमानको स्थापना गरिएकाले अपह्नुति अलङ्कार रहेको छ । यस प्रकार 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा रहेको अपह्नुति अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

### ४.२.११ उल्लेख अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको अभेद प्राधान्यमूलक उपवर्गको आरोपाश्रित अलङ्कारका रुपमा उल्लेख अलङ्कारको वर्गीकरण गरिएको छ । प्रस्तुत अलङ्कारको

सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त उल्लेख अलङ्कारको उल्लेख गरिएको छ ।

**रामको धर्म नै कामको मर्म भो**
**धामको दीप भो यामको सीप भो ।**
**नीतिको जीव भो, प्रीतिको जी भो**
**मीतिको हेतु भो, रीतिको सेतु भो ॥ १५:११**

माथिको पद्यांशमा आदर्श राम राज्यमा धर्म रक्षाको प्रसङ्ग आएको छ । यहाँ राजाको धर्म कामको मर्म, धामको दीप, यामको सीप, नीतिको जीव, प्रीतिको नीव, भीतिको हेतु, रीतिको सेतु जस्ता अनेक वस्तुसंग सम्बन्ध रहेको उल्लेख छ । अतः माथिको पद्यांशमा उल्लेख अलङ्कार रहेको छ ।

**धर्म नै मूल हो अर्थमा काममा**
**धर्म नै फूल हो मोक्षका धाममा ।**
**धर्म नै बीज हो शान्ति आराममा**
**धर्म नै चीज हो तेजिला नाममा ॥ १५:१२**

माथि धर्मका निमित्त अनेक प्रकारको उपमान ग्रहण गरिएकाले उल्लेख अलङ्कार परेको छ । यसमा धर्मलाई अनेकले विभिन्न रुपमा देखेको प्रसङ्ग वर्णित छ । अतः माथिको पद्यांशमा उल्लेख अलङ्कार रहेको छ ।

**सत्यको कीर्तना नित्यको चिन्तना**
**शुद्धिको चाहना बुद्धिको शोधना ।**
**प्रेमको पूजना क्षेमको भावना**
**धर्मको स्थापना कर्म भो साधना ॥ १५:४**

माथिको पद्यांशमा पनि एउटा विषय (धर्म) लाई अनेक रुपमा देखेको प्रसङ्ग आएको छ । धर्मलाई सत्यको कीर्तन, नित्यको चिन्तन, शुद्धिको चाहना, बुद्धिको शोधना, प्रेमको पूजना, क्षेमको भावनाका रुपमा प्रस्तुत गरिएकाले उल्लेख अलङ्कार रहेको छ ।

**यागमा रागले दानमा मानले**
**भक्तिमा शक्तिले नीतिमा प्रीतिले ।**
**रामको भावना, कामको साधना**
**तेजिलो जानियो स्वादिलो मानियो ॥ १५:१५**

**राग सत्कर्ममा, द्वेष दृष्कर्ममा**
**काम आचारमा, क्रोध ढङ्कारमा ।**
**लोभ साफल्यमा मोह वात्सल्यमा**
**एकलो रुपमा देखियो भूपमा ॥ १५:१६**

**यागका धूमको ताँतिले व्योममा**
**यागको माग भो भूमिको स्वर्गमा ।**
**नन्दनोद्यानमा उक्लँदै लोकले**
**पाइलो रुपमा देखियो प्रेमले ॥ १५:१७**

**रामको पीठमा राष्ट्रको वास भो**
**धर्मको औचमा दुःखको नाश भो ।**
**देवको भावना भावना दास भो**
**लोक आचारको जाँचमा पास भो ॥ १५:१८**

माथिका सबै पद्यांशहरुमा रुच्यकले उल्लेख गरे झैँ उल्लेख अलङ्कार रहेको छ । जहाँ एउटै वस्तुको निम्ति अनेक प्रकारका वस्तुको स्थापना गरिन्छ त्यहाँ उल्लेख अलङ्कार हुने मान्यता अनुरुप यी माथिका पद्यांशमा एक वस्तुलाई बुझाउन अनेक उपमानहरु आएका छन् ।

यस प्रकार 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त उल्लेख अलङ्कारले महाकाव्यको आश्वादनलाई आश्वाद्य बनाउनुका साथै महाकाव्यको भाव रमणीयतामा वृद्धि समेत गरेको छ ।

## ४.२.१२ उत्प्रेक्षा अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको अभेद प्राधान्यमूलक उपवर्गको अध्यवसायाश्रित अलङ्कारका रुपमा उत्प्रेक्षा अलङ्कारलाई समावेश गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा भइ सकेको छ । यहाँ 'आदर्श राघव' का पद्यहरुमा उत्प्रेक्षा अलङ्कारलाई खोजी गरिएको छ ।

**नुहेर दुई बाहुले, कुसुम चाप झैँ कामले**
**प्रिय प्रमथनाथको धनु उठाइयो रामले ।**
**खिची श्रवण मलमा गुण पुऱ्याउँदा ज्या टुट्यो**
**भयङ्कर आवाजले विकल कान मानो फुट्यो ॥ ३:३०**

माथिका पद्यांशमा रामचन्द्रले शिवधनु भङ्ग गरी सीताको स्वयंवर गरेको प्रसङ्ग छ । शिवधनुमा ताँदो चढाउन खोज्दा धनु भाँचिई भयङ्कर आवाज आएको प्रसङ्ग छ यही भयङ्कर आवाजबाट उपस्थित सभासद्हरुको कान मानौँ फुटेको हो कि भन्ने भाव प्रस्तुत गरिएको छ । अतःउपमेयमा उपमानको उत्कट सम्भावना देखाउँदा माथिको पद्यमा उत्प्रेक्षा अलङ्कार रहेको छ ।

**गम्कन्थे प्रतिवीर गर्जन गरी मानौँ घटा मेघका**
**चट्कन्थे बिजुली बराबर भई सङ्घर्ष शास्त्रस्त्रको ।**
**वर्षन्थे शरका असङ्ख्य लहरी धारा सरी नीरका**
**तर्सन्थे सब देखिँदा प्रलयको संहार-नीहारिका ॥ ११:४२**

माथिका पद्यांशमा राम रावणको युद्ध देखाइएका छ । राम रावणको युद्ध अद्वितीय रहेको र त्यहाँ वीर योद्धाहरुको वीरताको, शूरताको वर्णन गरिएको छ । वीरहरु शस्त्रास्त्र लिइ बिजुली झैँ चम्केका, वीरहरुका शस्त्रास्त्रबाट वाणका शरहरुको बर्षा पानीको बर्षा झैँ भएको, वीरहरुको गर्जना यस्तो थियो कि मानौँ आकाशमा मेघका घडाहरु प्रचण्ड जोडले फुटेझैँ थियो, भनी उपमेयमा उपमानलाई प्रबल रुपमा प्रस्तुत गरिएको छ । अतःमाथिको पद्यमा उत्प्रेक्षा अलङ्कार रहेको छ ।

**क्रोध व्यारत भुजङ्गको भ्रम भरी भड्काउने**
**रावण त्राहि त्राहि गराई राम रणमा गर्ने युगान्त क्षण ।**
**दोतर्फी घमसान घोर घटना संहारको देखियो**
**यस्तो युद्ध भयो न ता पछि हुने होला भनी लेखियो ॥ ११:५०**

माथिका पद्यांशमा राम रावणको युद्धको वर्णन गरिएको छ । यस पद्यांसमा राम र रावणको युद्धको उपमा दिन नसकिने र त्यो युद्ध यस्तो युद्ध थियो कि न त कहिल्यै भएको थियो न त कहिल्यै हुनेछ भनी वर्णन गरिएको छ । अतः यस पद्यांशमा पनि उपमेयमा उत्कृष्ट रुपमा उपमानको स्थामना गरिएकाले उत्प्रेक्षा उलङ्कार रहेको छ ।

**भारी चूडा-रत्न सरी देव-परीको**
**बल्दो चल्दो दीपक झैँ स्वर्ग-पुरीको ।**
**देख्ता तेजी पुष्पकको ज्योति सरेको**
**ठान्थे सारा दर्शक तारा दगुरेको ॥ १२:१८**

माथिका पद्यांशमा पुष्पक विमानको यात्रा वर्णन गरिएको छ । पुष्पक विमानको भव्यता, दिव्यता र अलौकिकता वर्णन गर्ने क्रममा सारा मानिसहरुले त्यस दिव्य पुष्पक विमानलाई मानौँ तारा दगुरेको झैँ हेरे वा ठाने भनी उपमेयमा उपमानको स्थापना गरिएको हुँदा उत्प्रेक्षा अलङ्कार रहेको छ ।

**ध्वज-शत गरी शाखा साकेतको सुर पादप-**
**सम सुमनको कुञ्जै जस्तो बन्यो नव मण्डप ।**
**झकमक सभामध्ये गद्दी विशाल खडा थियो**
**त्रिदिव-पतिको मानौँ पृथ्वी महासन देखियो ॥ १३:१५**

माथिका पद्यांशमा श्रीरामको राज्यभिषेक र त्यसको अपूर्व शोभा वर्णन भएको छ । रामचन्द्रको सिंहासनलाई कुनै फुल फुलको कञ्जसंग आरोप गरिएको छ । त्यो गद्दी यति विशाल, भव्य, दिव्य र अलौकिक थियो कि मानौँ त्यो गद्दी स्वर्गका राजा ईन्द्रको महासन नै हो त्यसैले माथिको पद्यांशमा पनि उपमेयलाई उपमानले छोपेको हुनाले उत्प्रेक्षा अलङ्कार रहेको छ ।

**चिर धन-घढा तोडी फोडी नवोदित चन्द्रको**
**अवध नभमा आभा शोभाउँदा सम जुनको ।**
**पुर युवतिका कैयन तारासरी नयनावली**
**झलमल भए मानो नीराजना-घुतिका कली ॥ १३:२५**

माथिका पद्यांशमा श्रीरामचन्द्रलाई शुभ राज्यभिषेक गरिएपछि उनको नगरोत्सवको वर्णन आएको छ । रामचन्द्रको आगमनलाई बादलको घेरा तोडेर उदय भएको नवोदित चन्द्रमासंग तुलना गर्दै रामचन्द्रलाई देखेर पुर युवतिहरुका नयनावली यसरी चम्किए मानो नीराजनको बत्ती बलि रहेको छ । यस प्रकार माथिका पद्यांशमा पनि उत्प्रेक्षा उलङ्कार रहेका छ ।

यसरी 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त उत्प्रेक्षा अलङ्कारले महाकाव्यात्मक शोभामा वृद्धि गर्दै महाकाव्यको भाव रमणीयतामा समेत वृद्धि गरेको छ ।

### ४.२.१३ अतिशयोक्ति अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको अभेद प्राधान्यमूलक उपवर्गको अध्यवसायाश्रित अलङ्कार अन्तर्गत अतिशयोक्ति अलङ्कारलाई समावेश गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिन्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अतिशयोक्ति अलङ्कारलाई प्रस्तुत गरिएको छ ।

**सन्न्यायले घनन नित्य बजाइ घण्टा**
**अन्यायको दमनलाई दिएर घण्टा ।**
**फुर्थे सनातन निशान सरी यहाँका**
**सन्तोषको महलका सकिला पताका ॥ १:३४**

माथिका पद्यांशमा दशरथको वंशवृतान्त आएको छ । यसमा रघुकुलको वर्णन बढाई चढाइका साथ गरिएको छ । यसमा उपमेयको वर्णन अथवा रघुकुलको वर्णन बढाइ चढाइका साथ गरिएकाले अतिशयोक्ति अलङ्कार रहेको छ ।

**पन्साउँदै तम समस्त दिशाको**
**आलोक लोकभर छाइ कला कलाको ।**
**श्री रामको उदय कोसल-वंशजामा**
**भो हर्ष-हेतु अरुणोदय झैं उषामा ॥ १:६१**

माथिका पद्यांशमा रामचन्द्रको जन्म भएको प्रसङ्ग वर्णन गरिएको छ । रामचन्द्रको जन्मलाई अतिशयोक्ति रुपमा वर्णन गरिएको छ । रामचन्द्रको जन्मले सारा अन्धकार नाश गरेको, दिगन्त उज्यालो  छरिएको एवं जसरी अरुणेदयका क्रममा उषा प्राप्त हुन्छ, त्यसरी नै रामचन्द्रको जन्मले चारैतर्फ प्रकाशमय भएको अतिशयोक्तिपूर्ण वर्णन गरिएको छ । त्यसैले माथिका पद्यांशमा अतिशयोक्ति अलङ्कार पनि संयुक्त रुपमा घटित भएको छ ।

**रामचन्द्र अवतीर्ण हुँदामा**
**कान्ति शान्ति भरिए जगत्मा ।**
**अन्धकार मनको पनि भाग्यो**
**हर्षको उदधि उर्लन लाग्यो ॥ १:६८**

माथिका पद्यांशमा रामचन्द्रको जन्मको प्रसङ्ग वर्णन गरिएको छ । रामचन्द्रको जन्मले गर्दा नगरबासीमा भएको आनन्दोत्सवको वर्णन गरिएको छ । यस्तो वर्णन अतिशयोक्ति पूर्ण वा

उपमेयको बढाइ चढाइ गर्न उपमानको स्थापना गरिएकाले अतिशयोक्ति अलङ्कार रहेको छ ।

**उधारि पुट पद्मको कनक-लेखनी केसर**
**भिजाई मकरन्दमा रज भरी सुवर्णाक्षर ।**
**घुमी सकल देशमा नव विभात सन्देश यो**
**फिराउन निशान्तको मृदु समीर उड्दै गयो ॥ ३:९**

माथिका पद्यांशमा रामचन्द्र विश्वमित्रका साथ वनमा गएको र त्यहाँको प्रातःकालीन समयको वर्णन गर्ने क्रममा उपमेयमा उपमानको बढाइ चढाईका साथ प्रस्तुत गरिएको वा उषाकालको वर्णनमा अतिशयोक्ति वर्णन गरिएकाले अतिशयोक्ति अलङ्कार रहेको छ ।

**उठे अरुण कसरी उदय-शैलको श्रृङ्गमा**
**सटा फटफटाउँदै किरण सङ्घको रङ्गमा ।**
**हटे तिमिरका घटा कति घटे कराघातमा**
**भयो रुधिर धारले गगन-मार्गमा रक्तिमा ॥ ३:११**

माथिका पद्यांशमा पनि विश्वमित्रको आश्रममा रहेका रामचन्द्रको वर्णन गर्ने क्रममा प्रभातकालिन समयको वर्णन गर्ने क्रममा उपमेयमा उपमानको बढाइ चढाईका साथ प्रस्तुत गरिएको वा उषाकालको वर्णनमा अतिशयाक्ति वर्णन गरिएको अतिशयोक्ति अलङ्कार रहेको छ ।

**नृपति-रवि हुँदा तुरुन्त अस्त**
**तिमिर सबैतिर बैरियो प्रशस्त ।**
**अवध कमल भो अचेत मूक**
**क्षत दिलमा दलियो अनन्त चूक ॥ ४:६३**

माथिका पद्यांशमा दशरथले रामको वियोग सहन नसकी प्राण त्याग गरेको प्रसङ्ग आएको छ । दशरथको देहान्तसंगै आयोध्यामा जताततै अँध्यारो वैरिएको, सम्पूर्ण अवध राज्य नै अचेल मूक भएको र सबैको क्षत दिलमा चुक दलिएको भनी अतिशयोक्तिपुर्ण कथन प्रस्तुत गरिएको छ । अतः माथिको पद्यांशमा अतिशयोक्ति अलङ्कार रहेको छ ।

**हरिण तृण उगाली चर्दछन् गल्लि-गल्लि**
**मधुप मधु सँगाली झुल्दछन् वल्लि वल्लि ।**
**दुसुदुसु उँधमन्टो लाई उड्छन् मजुर**
**मुसुमुसु गरी भन्छन् हाँस हाँ हाा हजुर ॥ ६:३**

माथिका पद्यांशमा शारदीय शोभाको वर्णन गरिएको छ । शरद् ऋतुलाई वर्णन गर्ने क्रममा अतिशयोक्ति पुर्ण रुपमा वर्णन गरिएको छ । यसमा उपमेयको वर्णनमा अतिशय रुपमा उपमानको सिर्जना गरिएको छ ।

**बगरभर शिलाका मञ्च गोदावरीको**
**उपर झुलिरहेको चाँदनी चाँदनीको ।**
**झलमल यसमा छन् कोटि तारा सितारा**
**तल कल कला गाई नाच्तथे नीर धारा ॥ ६:३७**

माथिका पद्यांशमा रामको वनवासका समयमा निर्माण गरिएको आश्रमको वर्णन गरिएको छ । त्यो आश्रमको वर्णन असामान्य र अस्वभाविक रुपमा गरिएकाले अतिशयोक्ति अलङ्कारको निमार्ण भएको छ ।

**रङ्गी-चङ्गी पङ्ख फिँजारेर पताका**
**झुम्का-थुम्का उज्ज्वल पारेर शिखाका ।**
**लाई दैवी शिल्प-कलामथि गजुर**
**नाच्दै उड्ने पुष्पक भो मतमयूर ॥ १२:१७**

माथिका पद्यांशमा पुष्पक विमानको यात्राका क्रममा देखिएको अपूर्व शोभा र आनन्दको वर्णन अतिशयाक्ति रुपमा गरिएकाले अतिशयोक्ति अलङ्कार हरेको छ ।

**यस्तै विलाप गर्दा**
**बन पनि रोयो प्रतिध्वनिले ।**
**विचरा चराहरुले**
**पनि छोपेव्ख आकुल ध्वनिले ॥ १६:३०**

माथिका पद्यांशमा रामले सीतालाई त्यागेको प्रसङ्ग गरिएको छ । यसरी रामले सीतालाई त्याग्दा नगरवासी र स्वयं राम मात्र होईन चरा र वन जङ्गल पनि रोएको अतिशयोक्तिपूर्ण वर्णन गरिएकाले अतिशयोक्ति अलङ्कार रहेको छ ।

यस प्रकार 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा रहेका अतिशयोक्ति अलङ्कारले भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.२.१४ तुल्ययोगिता अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको गम्यौपम्यमूलक उपवर्गको पदार्थगत भेद अन्तर्गत तुल्ययोगिता अलङ्कारलाई समावेश गरिएको छ । यस अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा भई सकेको छ । यहाँ 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त तुल्ययोगिता अलङ्कारको उल्लेख गरिएको छ ।

**खम्भा खडा गरि जहाँ दृढ धर्मरुप**
**चढ्दै सिँढी पर सिँढी महिमानुरुप ।**
**उक्ली ककुस्त्थ पृथ्वी रविका घरान**
**गुञ्जाउँथे त्रिदिवमा विजया वदान ॥ १:२१**

माथिका पद्यांशमा साकेतको वर्णन गरिएको छ । साकेतको वर्णन विभिन्न उपमाहरुद्वारा देखाइएको प्रस्तुत र अप्रस्तुतका बिचमा समतुल्यता रहेकाले यस पद्यमा तुल्ययागिता

अलङ्कार रहेको छ । माथिको पद्यांशमा साकेत धर्मप्रति खम्बा झैँ अडिग रहेको, धर्मको सिँढी दिनप्रतिदिन बढ्दै गएको र साकेतको नाम पृथ्वीको सबैतिर फैलिएको प्रसङग वर्णित छ ।

**सर्वज्ञ योग्य गुरु निर्मल कर्मचारी**
**भक्त प्रजानन विवेक विचार भारी ।**
**विख्यात शक्ति अति उज्ज्वल धर्म कीर्ति**
**संयोगबाट यिनको फिँजियो सुकीर्ति ॥ १:४१**

माथिका पद्यांशमा कुलको वर्णन गरिएको छ । दशरथको कुल उत्तम रहेको तथा यही सुयोग्य परम्पराले साकेतको महिमा जतातत्तै बढेको प्रसङ्ग छ । योग्य गुरु, निर्मल कर्मचारी, विवेकी र भक्त पुजा, तथा शक्तिशाली राज्य भएकै कारणले साकेतको सुकीर्ति फिजिएको प्रसङ्ग उल्लेख भएकाले तुल्ययोगिता अलङ्कार रकेको छ ।

**शिक्षा खुल्यो लायक काल कालको**
**दीक्षा सम्हाली अब चाल चालको ।**
**कक्षा चढे ती सब साल सालको**
**शिक्षा चल्यो वेद षड्ङ्ग शास्त्रको ॥ २:२०**

माथिका पद्यांशमा रामको बाल संस्कार र शिक्षाको वर्णन गरिएको छ । राम लगायत दशरथका पुत्रहरुको शिक्षा दिने क्रम सुरु भएको, दीक्षा प्रदान गरिएको, कक्षामा चढाइएको, वेदवेदाङ्ग आदिको शिक्षा दिइएको प्रसङ्ग माथिको पद्यांशमा वर्णन गरिएको छ । अतःउपमान र उपमेय समतुल्य रुपमा आएकाले तुल्यगोगिता अलङ्कार रहेको छ ।

**काहीँ छ चर्चा विधिवाद वेदको**
**काहीँ छ अर्चा स्तुति-गान देवको ।**
**काहीँ छ अध्यात्म विचार चातुरी**
**काहीँ छ यज्ञविषे छ आतुरी ॥ २:५७**

माथिका पद्यांशमा विश्वमित्रको आश्रम स्थलको वर्णन आएको छ । विश्वामित्रको आश्रममा कहीँ वेदको चर्चा, कहीँ देवताको स्तुति गान,कहीँ अध्यात्म विचारको चर्चा तथा कहीँ नयाँ यज्ञको तयारी आदि भइरहेको प्रसङ्ग पसस्पर समतुल्य भएर प्रस्तुत छ । अतःउपमेय र उपमानका बिचमा समतुल्यता प्रस्तुत गरिएकाले तुल्ययोगिता अलङ्कार रहेको छ ।

**छाती उर्ल्यो खुलबुल चल्यो धीरता दुर भाग्यो**
**चिन्ता उर्ल्यो तुलबुल बढ्यो पीर चौपट्ट लाग्यो ।**
**ज्वाला दन्क्यो, हृदय भुटियो आँसुसम्मन सुकायो**
**होसै झस्क्यो, झटपट भयो, कष्ट उद्गार आयो ॥ ७:३५**

माथिका पद्यांशमा सीताको रावणद्वारा अपहरणपछि राममा उत्पन्न भएको सन्तप्त अवस्थाको चित्रण गरिएको छ । रामको छाती उर्लिएको, चिन्ता बल्झिएको, तुलबुल बढेको,

पीर चौपट्ट लागेको, हृदयमा ज्वाला दन्किएको, रुँदारुदै आँसु सुकेको, होस झस्किएको, कष्ट बढ्दै गएको कुरा उल्लेख गरिएको छ । यसबाट उपमेय र उपमान समतुल्यता रहन गइ तुल्ययोगिता अलङ्कार भएको छ ।

**गजब भो जब भो ऋतुराज यो**
**समयको मयको तुलना भयो ।**
**प्रकृतिको कृतिको महिमा बढ्यो**
**निसिपको सिपको सुषमा चढ्यो ॥ ८:११**

माथिका पद्यांशमा वसन्त ऋतुको वर्णन गरिएको छ । वसन्त ऋतुरुपी ऋतुराज आउँदा गजब भएको समय र मयको तुलना भएको, प्रकृतिको महिमा बढेको, प्रकृतिमा सुषमा चढेको वर्णन गरिएको छ । यहाँ वसन्त ऋतुका वर्णनीय वस्तुका बिचमा समतुल्यता रहेकाले तुल्ययागिता अलङ्कार रहेको छ ।

**दिल हरी लहरी-सम वायु झन्**
**नव-सुधा वसुधाभर छाउँछन् । ८:१३**

माथिका पद्यांशमा वसन्त ऋतुको वर्णन गरिएको छ । वसन्तको आगमनले मानिसको दिल हरेको, सुगन्धयुक्त वायु बहेको, सुधारुपी वायु पृथ्वीभर छाएको वर्णन छ । अतःउपमेय र उपमानका बिचमा समतुल्य सम्बन्ध देखाइएकाले तुल्ययोगिता अलङ्कार रहेको छ ।

**जप "राम राम" मुखमा**
**शरीर ता दिव्य आलोक ।**
**देखेर भन्न लागे**
**"वियागिनी योगिनी" लोक ॥ १८:७७**

माथिका पद्यांशमा सीताको निर्मल र स्वच्छ चरित्र एवम् पतिव्रत्यको चित्रण गरिएको छ । सीताले बारम्बार राम राम भनेको, उनको शरीरमा दिव्य आलोक छाएको कारणले सबैले योगिनी वियागिनी भनेका छन् । अतः उपमेय र उपमानका बिचमा समतुल्यता रहेकाले तुल्ययोगिता अलङ्कार रहेको छ ।

यसरी 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त तुल्ययोगिता अलङ्कारले महाकाव्यत्मक भाव रमणीयता र शोभामा वृद्धि भएको छ ।

### ४.२.१५ दीपक अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको गम्यौपम्यमूलक उपवर्गको पदार्थ भेद अन्तर्गत दीपक अलङ्कारलाई वर्गिकरण गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा भई सकेको छ । यहाँ 'आदर्श राघव' काव्यमा रहेका दीपक अलङ्कारको खोजी गरिएको छ ।

**समय उत्सवको सबको भयो**
**प्रकट भो जनरञ्जन रङ्ग यो ।**
**उदित भो मधुरो मधु रोबमा**
**विदित भो गतिलो गति लोकमा ॥ ८:१२**

माथिको पद्यांशमा वसन्त ऋतुको वर्णन गरिएको छ । यस पद्यांशमा समयलाई मुख्य पदार्थका रुपमा लिइएको छ । त्यो समय भनेको वसन्त ऋतु हो । त्यसैले वसन्त ऋतुको समय आँउदा जताततै उत्सव भएको, जनरञ्जनमा रङ्ग चढेको, सबैमा मधुर किसिमको वाणी निस्किएको र सबैको गति वा समय गतिलो वा राम्रो रहेको भाव प्रस्तुत छ । प्रस्तुत श्लोकमा वर्णनीय विषय वसन्त ऋतु हो र यसका माध्यमबाट समय सम्बन्धी विभिन्न क्रियाहरु प्रस्तुत भएको दीपक अलङ्कार रहेको छ ।

**महँकदा खुप राग परागको**
**वन ठहर्छ सुबास-सुवासको ।**
**स्तबकका नव हार बहारका**
**दुर-गए रस-मस्त समस्तका ॥ ८:२१**

माथिको पद्यांशमा वसन्त ऋतुको वर्णन गरिएको छ । यस वर्णनीय विषय वसन्त ऋतुमा फुल्ने फुलहरुबाट उत्पन्न हुने महक वा सुगन्ध हो । यही सुगन्धसंग सम्बन्धित सुवास, बहार, स्तषक, रसमस्त जस्ता क्रियाहरु आएकाले माथिको पद्यांशमा दीपक अलङ्कार रहेको छ ।

**सुनयना नयना-कृति अल्पियो**
**सुरदना-रदनाङ्कुर लोपियो ।**
**सुवदना-वदनामृत पोखियो**
**सुगमना-गमनाङ्कन छोपियो ॥ ८:३३**

माथिको पद्यांशमा वसन्तिक बाधाको वर्णन गरिएको छ । वसन्त ऋतुको समाप्ति संगै वसन्त ऋतुका पद चिह्नहरु हराउदै गएको मुख्य वर्णनिय विषय माथिको पद्यांशमा रहेको छ । राम्रा-राम्रा दृष्य हराएका, राम्रा-राम्रा पातहरु अल्पिएका, वसन्तरुपी मुखको अमृत पोखिएको, राम्रा पाइला हुने वसन्तको छाप हराएको वर्णनीय विषयबाट सीताको अभाव व्यक्त गरिएको छ । अतः प्रस्तुत पद्यमा दीपक अलङ्कार रहेको छ ।

**राज्य-श्री मद बलले लुटी पियारी**
**ताराको हरण गरी निराश पारी ।**
**बालीले सकस दिँदा निवास छाडी**
**सुग्रीव स्थिति गरि बस्तथे पहाडी ॥ ९:१३**

माथिको पद्यांशमा सुग्रीवको अवस्था वर्णन गरिएको छ । यसको मुख्य वर्णनीय विषय बालीले सुग्रीवलाई दिएको प्रताडना हो । सुग्रीवको राज्य लुटेको, पत्नी तारालाई लुटेको, सुग्रीवको बासस्थान लुटेको र सुग्रीव पहाडी स्थानमा बसोबास गर्दै आएको कार्यहरु प्रकाशित छन् । त्यसैले माथिको पद्यांशमा दीपक अलङ्कार रहेको छ ।

**पाएर क्षणभरमा पत्यार पूरा**
**सुग्रीव प्रबल सहाय पाई शूरा ।**
**बालीको दमनविषे गरि विचार**
**आफुनै प्रहरणमा भए तयार ॥ ९:२७**

माथिको पद्यांशमा सुग्रीवले बालीसँग आफ्नो गुमेको राज्य फिर्ता लिने तयारी स्वरुप युद्ध गर्न लागको मुख्य वर्णनीय विषय आएको छ । यही युद्धसंग सम्बन्धित भएर सुग्रीवले रामबाट सहयोग पाएको, त्यसपछि उ शुरवीर भएको, बालीको दमन गर्न युद्धमा गएको क्रियाहरु प्रकाशित भएका छन् । त्यसैले माथिको पद्यांशमा दीपक अलङ्कार रहेको छ ।

**जम्मा भै कपिदल चारतर्फ सारा**
**नाचे यो नव सुखका बहाई धारा ।**
**गर्जाए सकल दिशा भरी नगारा**
**फैलाए जय जय नादका पुकारा ॥ ९:४१**

माथिको पद्यांशमा बालीको बधपछि उत्पन्न उमङ्गमय वातावरणलाई मुख्य वर्णनीय विषय बनाइएको छ । यसै विषय संग सम्बन्धित भएर उत्सव मनाउन कपिदल जम्मा भएका, सुखका धारा बगाएका, नाचगान गरेका, नगरा बजाएका, जयजयकार गुन्जाएका क्रियाहरु प्रकाशित छन् । त्यसैले माथिको पद्यांशमा दीपक अलङ्कार रहेको छ ।

यस प्रकार 'आदर्श राघव' महाकाव्यमा प्रयोग भएको दीपक अलङ्कारले महाकाव्यको गरिमा वृद्धि गर्नुका साथै भाव रमणीयता पनि प्रदान गरेको छ ।

## ४.२.१६ दृष्टान्त अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको गम्यौपम्यमूलक उपवर्गको वाक्यार्थगत अलङ्कार अन्तर्गत दृष्टान्त अलङ्कारलाई समावेश गरिएको छ । यस अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त दृष्टान्त अलङ्कारलाइ प्रस्तुत गरिएको छ ।

**भागीरथी सरह राघव-कीर्ति खासा**
**छन् श्याम-वर्ण यमुना-सम लोक भाषा ।**
**संयोग सिद्ध यिनको र सरस्वतीको**
**यो तीर्थराजबिच होस् लय जिन्दगीको ॥ १:१५**

माथिको पद्यांशमा रामचन्द्रको कीर्तिलाई गङ्गाको कीर्तिसंग तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ । भागीरथीको कीर्ति जस्तै रामको कीर्ति पनि फैलिएको दृष्टान्त प्रस्तुत गरिएको छ । त्यसैले राम विम्ब स्वरुप र गङ्गा प्रतिविम्ब स्वरुप आएको छ । अतः माथिको पद्यांशमा दृष्टान्त अलङ्कार परेको छ ।

**नक्षत्र साथ लिई निर्मल पूर्ण चन्द्र**
**जस्तै हुँदा प्रकट सानुज रामचन्द्र ।**
**आनन्द-मग्न जन मस्त भएर नाचे**
**सन्तोषको रस अनन्त गराई साँचे ॥ १:६७**

माथिको पद्यांशलाई रामचन्द्रको जन्मलाई वर्णनीय विषय बनाइएको छ । जसरी शुक्लपक्षको पूर्णिमा तिथिमा चन्द्रमा पूर्ण भएर आकाशमा उदाउँछ, त्यसै गरी रामचन्द्र पनि शुक्ल पक्षको पूर्णिमा जस्तै भएर आयोध्यमा उदाएको वर्णन छ । रामचन्द्रको जन्मलाई शुक्ल

पक्षको पूर्णिमाको दृष्टान्तद्वारा विम्ब-प्रतिविम्बको सिर्जना गरिएकाले माथिको पद्यांशमा दृष्टान्त अलङ्कार रहेको छ ।

**सानै छँदादेखि महत्त्व राममा**
**देखेर गन्थे सब होनहारमा ।**
**हुन्छन् हरीया दल बाल-वृक्षमा**
**जो छाउने छन् फ वेस पक्षमा ॥ २:२३**

माथिको पद्यांशमा रामको चरित्रको वर्णन गरिएको छ । जसरी सानै देखि हरियो, चिल्लो र हष्टपुष्ट विरुवाले पछि पनि राम्रो फल दिन्छ, त्यसरी नै रामचन्द्रको आचरण र व्यवहार पनि सानैदेखि होनहार रहेको दृष्टान्त प्रस्तुत गरिएको छ । त्यसैले माथिको पद्यांशमा अगिल्ला र पछिल्ला पङ्क्तिहरुमा विम्ब प्रतिविम्बको भाव रहेकाले दृष्टान्त अलङ्कार रहेको छ ।

**सौभाग्यको चिह्न बुढेसकालका**
**सुम्पू कसो अन्न सरी अकालको ।**
**यस्तै गरी तर्क विर्तक भूपति**
**बोल्नै सकेनन् मुख शोषिँदा अति ॥ २:३८**

माथिको पद्यांशमा विश्वमित्रले युद्धको रक्षाका लागि रामको माग दशरथसंग गरेपछि दशरथको मनमा उत्पन्न भएको मानसिक अवस्थाको वर्णन गरिएको छ । रामलाई बुढेसकालको सौभाग्यका रुपमा लिदै जसरी अनिकालमा अन्न कसैलाई सुम्पन्न सकिदैन त्यसरी नै रामलाई पनि सुम्पन नसकिने दृष्टान्त प्रस्तुत गरिएको दृष्टान्त अलङ्कार रहेको छ ।

**विकट विषयको प्रभा छ यस्तो**
**विषधरका मणिको प्रभाव जस्तो ।**
**चहक महकले भुकान पारी**
**जहर दिलाई ढलाउने लत्तारी ॥ ४:५**

माथिको पद्यांशमा दशरथको जीवन सम्बन्धीको उत्तर वयको चिन्तन प्रस्तुत गरिएको छ । विषयको प्रभाव नावमणि झैँ जाज्वल्यमान रहेको र यसको चहक र महकले जहर प्रदान गर्ने दृष्टान्त प्रस्तुत गरिएको छ ।

**अब खबर सुनेर मन्थराले**
**मन बहकाई दिँदा कुभावनाले**
**कुटिल पन्थ समाई सर्पिणीको**
**सरल चल्यो बदचाल कैकयीको ॥ ४:१८**

माथिको पद्यांशमा रामको राज्यभिषेक भङ्ग हुन लागेको सङ्केत गरिएको छ । यसमा मन्थराको चाल बाङ्गो र कुटिल किसिमको सर्पिणीको जस्तै भएको हुनाले यौवराज्यभंग हुने

सङ्केत दृष्टान्त अलङ्कारका माध्यमबाट प्रस्तुत गरिएको छ । यस पद्यमा पनि विम्ब र प्रतिविम्ब वा छाया र प्रतिच्छायाको भाव प्रस्तुत छ ।

**वचन उचित हो यहाँ मुमाको**
**सुत-जनमाथि भलो चिताउनाको ।**
**जड पशु विचरा चरा समेत**
**शिशु हित खातिर बन्दछन् सचेत ॥ ४:३१**

माथिको पद्यांशमा रामले सौतेनी आमा कैकेयीप्रति देखाएको व्यवहारको वर्णन छ । जसरी पशुहरु आफ्ना शिशु वा सन्तानको हितका लागि सचेत बन्छन्,त्यसैगरी भुमाकोपनि आफ्नो छोराको भलो चिताउनमा कुनै गल्ती छैन भनी दृष्टान्त प्रस्तुत गरेकाले दृष्टान्त अलङ्कार रहेको छ ।

**आघात खप्न नसकी दृढ नारिकेल**
**जस्तो कडा हृदयको ढकनी फुटेर ।**
**भित्री धनो मृदुल अंश खुला गरायो**
**पोखेर गर्म-रस, देह सबै भिजायो ॥ ४:७८**

माथिको पद्यांशमा रामले आफ्नो पिता दशरथको मृत्यु भएको खबर अनुज भरतबाट सुनेपछि उत्पन्न भएको विषादमय अवस्थाको वर्णन गरिएको छ । रामको नरिव जस्तो कडा हृदय पनि फुटेर छताछुल्ल भई बाहिर आएको दृष्टान्त प्रस्तुत गरिएको छ ।

**जसको जगमा खडा भएँ**
**उनकै नाश निदान भै भएँ ।**
**कदली तरुको निमित्तमा**
**फल नै घातक हुन्छ अन्त्यमा ॥ ५:२**

माथिको पद्यांशमा दशरथको मृत्युपछि राममा उत्पन्न भएको शोक सन्तप्त अवस्थाको वर्णन गरिएको छ । रामले आाफ्नो कारणले पिताको मृत्यु भएको बोध गर्ने क्रममा जसरी केराका विनाशका लागि फल नै शत्रु हुन्छ, त्यस्तै आफ्नो पिताको विनाशका लागि आफु नै कारक रहेको दृष्टान्त माथिको पद्यांशमा विम्ब र प्रतिविम्ब स्वरुप भएर आएकाले दृष्टान्त अलङ्कार रहेको छ ।

**सीताले यो अति जहरिलो वज्रजस्तो कठोर**
**बोली सुन्दा झटपट थुनी कान काँपी अघोर ।**
**धोका खाई परतिर हरी अग्नि झै नेत्र पारी**
**त्रास क्रोध प्रकृति भई भन्नु भो या झपारी ॥ ७:१६**

माथिको पद्यांशमा रावणले सीतालाई आफुसंग प्रेममा वशीभुत हुन गरेको आग्रहप्रति सीताको प्रतिक्रिया व्यक्त भएको छ । रावणका अधर्म र पापी कुरा सुनेर सीतामा उत्पन्न भएको क्राधको वर्णन गरिएको छ । रावणको जहर जस्तो र वज्रजस्तो कठोर वाणीले

सीतामा क्रोध पैदा भएको दृष्टान्त प्रस्तुत भएकाले माथिको पद्यांशमा दृष्टान्त अलङ्कार रहेको छ ।

**बाधाले मन विकलै थियो तथापि**
**लुक्तैन स्थिति दृढ वीरको कदापि ।**
**कस्तुरी जति पनि छोपियोस् सुवास**
**चौतर्फी हरदम गर्दछ प्रकाश ॥ ९:२६**

माथिको पद्यांशमा राम र सुग्रीवको मित्रतालाई वर्णन गरिएको छ । जसरी कस्तुरीको सुगन्ध वा सुवासलाई छोरन सकिँदैन त्यस्तै वीरहरुको मैत्री सम्बन्धलाई पनि कसैले छोप्न नसक्ने दृष्टान्त प्रस्तुत गरिएको छ ।

**दैवी भान र आसुरी विषयको सङ्घर्षमा आखिर**
**जो चर्को छ उही ठहर्छ वलियो देखापरी बाहिर ।**
**यस्तै सात्विक तामस प्रकतिको उत्कर्षले मानिस**
**प्रत्यक्षै कहलाउँछन् भुवनमा यो देव,यो राक्षस ॥ ११:२**

माथिको पद्यांशमा रावणको अधर्म प्रवृत्तिको विरोध गरिएको छ । दैवी भाव र आसुरी विषयको सङ्घर्षमा जो चर्को छ उही नै बलियो देखा पर्ने दृष्टान्त प्रस्तुत गरिएको छ । यही सात्विक र तामस वृत्विबाट नै यो देव र यो दानव हो भनि छुट्टिने आधार प्राप्त हुने दृष्टान्तलाई छाया र प्रतिच्छायाका रुपमा माथिको पद्यांशमा देखाईएकाले दृष्टान्त अलङ्कार रहेको छ ।

**ठूलो दुस्मनको घनो घन-घटा फाँडेर बाधा तरी**
**निस्की उज्ज्वल रामचन्द्र दिलको शान्त्यर्थ चाँडो गरी ।**
**तापाक्रान्त दिनान्तकी कुमुदिनी जस्तै विरुपानन**
**सीता सामु गई प्रकाश हुनु भो बक्स खुसी दर्शन ॥ ११:५६**

माथिको पद्यांशमा रावणको वधपछि रामचन्द्रले सीतालाई दर्शन दिएको प्रसङ्ग वर्णन गरिएको छ । रामसंगको लामो विछोडका क्रममा घामको दिनभरको प्रचण्ड तापका कारण ओइलाएको कुमुदिनी जस्तै अवस्थामा रहेकी सीताको चित्रण यसमा गरिएको छ । त्यसैले विम्ब र प्रतिविम्बका रुपमा सीता र कुमुदिनी आएकाले माथिको पद्यांशमा दृष्टान्त अलङ्कार रहेको छ ।

**निर्मल गङ्गा जस्तै**
**जाने पनि जानकीलाई ।**
**लक्ष्मणले रथ ल्याए**
**राजज्ञा पालनालाई ॥ १६:१८**

माथिको पद्यांशमा सीताको पातिव्रत्यमाथिको आक्षेपलाई हटाउन सीताको परित्यागको वर्ण्य विषय आएको छ । सीतालाई निर्मल गङ्गा जस्तै ठान्दा ठान्दै पनि त्यागनु परेको दृष्टान्त प्रस्तुत गरिएको छ ।

**संसार यो देख्छु**
**बनेछ यो बज्रकै जस्तो ।**
**आघात गऱ्यो कस्तो**
**नौनीमा बन्चरो जस्तो ॥ १६:३२**

माथिको पद्यांशमा सीताको परित्यागपछि लक्ष्मणमा उत्पन्न भएको विषादमय अवस्थाको वर्णन गरिएको छ । संसार बज्रजस्तै बनेको दृष्टान्त तथा सीताको परित्यागले आफ्नो हृदयमा नौनीमा बन्चरो जस्तो आघात परेको दृष्टान्त लक्ष्मणले प्रस्तुत गरेको देखाएर दृष्टान्त अलङ्कारको सिर्जना गरिएको छ ।

**टिमटिम बत्ती जस्तै, मिहीन चैतन्य राघवको ।**
**टिलपिल देखिन लाग्यो, फुरफुरमा श्वास-मारुतको ॥ १६:५९**

माथिको पद्यांशमा सीतासंगको बिछोडपछि रामको अनुहार टिमटिम गर्दै निम्न लागेको बत्ति जस्तै देखियो भनि दृष्टान्त प्रस्तुत गरिएको छ । अतः टिमटिम बत्ती र रामको मलिन अनुहारमा विम्ब र प्रतिविम्बको भाव प्रस्तुत भएकाले दृष्टान्त अलङ्कार रहेको छ ।

यस प्रकार 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त दृष्टान्त अलङ्कारले एकातिर महाकाव्यको शोभामा स्तरियता प्रदान गरेको छ, भने अर्कातिर भाव रमणीयतामा पनि वृद्धि गरेको छ । महाकाव्यलाई आलङ्कारिक र आश्वाघ बनाएको छ ।

### ४.२.१७ निदर्शना अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको गम्यौपम्यमूलक उपवर्गको वाक्यपदार्थगत प्रभेदमा निर्देशना अलङ्कारको निरुपण गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' मा प्रयुक्त निदर्शना अलङ्कारलाई प्रस्तुत गरिएको छ ।

**मष्तिस्क-गर्भगृहसम्म हटाई पर्दा**
**आलोक लौकिक अलौकिकमा दिलाई ।**
**खोलीदिने हृदयमा झलमल्ल मार्ग**
**प्रत्यक्षदेव गुरुदेव भनी नुहुन्छ ॥ १:५**

माथिको पद्यांशमा मष्तिस्कमा लागेको पर्दा हटाई दिने लौकिक आलोकलाई अलौकिक दिलाई दिने हृदयमा झलमल्ल प्रकाश पारि दिने प्रत्यक्ष देव नै गुरुदेव भएको हुनाले गुरुदेवप्रति नतमस्तक छ भनी निदर्शन वा सङ्केत गरिएकाले माथिको पद्यांशमा निर्देशना अलङ्कार रहेको छ ।

**भूभागमा बहि रहेको सरस्वतीको**
**प्रत्यक्ष गुप्त पनि धार थरीथरीको ।**
**जे होस् प्रकाश-पथमा रस धेर थोर**
**सामान्य लोक मतको यसमा छ जोर ॥ १:१४**

माथिको पद्यांशमा भुभागमा सरस्वतीको गुप्त धार बहि रहेको छ । सरस्वतीको विद्याको प्रकाश धेर थोर रुपमा रसवत् भई प्रकाशित भई रहेको छ । सामान्य लोकहरुले यसमा जोड दिएका छन्,भनी उल्लेख गरिएको छ । अतः माथिको पद्यांशमा निदर्शना अलङ्कार रहेको छ ।

**पाएर गम्म अबलम्ब नृपाल नामी**
**वर्णाश्रम-स्थिति कुलायन धर्म धामी ।**
**सन्तोषको रस रसाइ नसा नसामा**
**बस्थे समस्त जन मस्त भई प्रभामा ॥ १:३६**

माथिको पद्यांशमा रघुकुल र उनीहरुको शासन एवम् नीति कौशलको वर्णन गरिएको छ । कोशलका राजाहरु नामी भएको, धर्म र वर्णाश्रम व्यवस्था राम्रो रहेछ, सबैलाई सन्तोष प्रदान गरेकाले सबै जनाता मस्त भई बसेको सङ्केत गरिएको छ । अतः माथिको पद्यांशमा निदर्शना अलङ्कार प्रस्तुत भएको छ ।

**आहा ! महाराज ! कुमार जन्मले**
**आभा बढायो प्रबल प्रभावले ।**
**सौराज्यको ज्योति अखण्ड देखियो**
**भन्ने शुभांशा मुनिले सुनाइयो ॥ २:३१**

माथिको पद्यांशमा दशरथको पुत्र प्राप्ति भएपछि विश्वामित्रको आगमन अयोध्यमा भएको विषय वर्णन गरिएको छ । कुमारहरुको जन्मले कोशलको आभा बढाएको, सौराज्यको ज्योति अखण्ड देखिएको शुभांशा विश्वामित्रले दशरथलाई सुनाएको निदर्शन माथिको पद्यांशले गरेको हुनाले निखर्शना अलङ्कार प्रस्तुत भएको छ ।

**चाहन्छु केही दिनलाई रामको**
**साहाच्य रक्षार्थ नवीन यज्ञको ।**
**उत्पातको घातक भै सहायक**
**पाऊँ यिनै लायक वीर बालक ॥ २:३५**

माथिको पद्यांशमा विश्वामित्रले रामलाई वनको रक्षाका लागि वा यज्ञको रक्षाका लागि सहायता भागेको प्रसङ्ग वर्णन गरिएको छ । केही दिनका लागि रामको सहयोग मागिएको, युद्धको रक्षा गर्नु आवश्यक भएको, राक्षसहरुको उत्पात बढेको र त्यसलाई दबाउन रामचन्द्र वीर बालक भएको निदर्शन माथिको पद्यांशले गरेको हुनाले निदर्शना अलङ्कार रहेको छ ।

**झलमल्ल हुँदै जाँदा साकेतका रविको प्रभा**
**शुभ दिवसको झल्की हाल्यो प्रकाश महासभा ।**
**दिन अव जसै ढल्की पुग्यो परिणाममा**
**प्रकट हुन गो रङ्गी चङ्गी दिनान्तमा ॥ ३:६१**

माथिको पद्यांशमा विश्वाभित्रको आश्रमबाट विदेह नगर गर्छ जानकीसंग विवाह गरी रामचन्द्र अयोध्मा फर्किएको प्रसङ्ग वर्णन गरिएको छ । साकेतमा घाम झलमल्ल लागेको, दिन उज्यालो भएको, दिन ढल्कँदै परिणममा पुगेको र अन्तमा रङ्गी चङ्गी दिनान्त देखा परेको निदर्शन माथिको पद्यांशमा गरिएको हुनाले निदर्शन अलङ्कार रहेको छ । यस प्रकार 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त निदर्शना अलङ्कारले महाकाव्यात्मक भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.२.१८ व्यतिरेक अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको भेद प्राधान्यमूलक उपवर्ग अन्तर्गत व्यक्तिरेक अलङ्कारलाई समावेश गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त व्यक्तिरेक अलङ्कारलाई प्रस्तुत गरिएको छ ।

**यो राजकाज हुनगो रसिलो अगाडि**
**विश्राम-शुन्य भई नीरस भो पछाडि ।**
**देखिन्न छैन पछिको विषयाधिकारी**
**उम्कुँ बिसाई कसको शिरमथि भारी ॥ १:५१**

माथिको पद्यांशमा दशरथको अपुत्रताको वर्णन गरिएको छ । राजकाज रसिलो भई अगाडि बढि रहेको सङ्केत गरेपछि अपुत्रताका कारणले निरस हुन पुगेको व्यतिरेकी भाव प्रस्तुत छ । त्यसैले माथिको पद्यांशमा व्यतिरेक अलङ्कार रहेका छ ।

**आज्ञा महात्मा मुनिको अमोघ छ**
**छोरा कलिलो छ सिकारु हात छ ।**
**उज्जण्ड ती राक्षसको बथान छ**
**साहाय आफैँ दिन जानु बेस छ ॥ २:३७**

माथिको पद्यांशमा विश्वामित्रले दशरथसंग यज्ञको रक्षाका लागि रामको सहायता मागेपछि दशरथमा उत्पन्न भएको मानसिक अवस्थाको वर्णन छ । महात्मा मुनिको आज्ञा अकाट्य छ, भन्ने भाव अघिल्लो पङ्तिमा आएको छ । भने छोरा कलिलै वा सानो उमेरको भएकाले आफैँ सहायता दिन जानु वेस छ भनि परस्पर विपरीत भाव व्यक्त छ । त्यसैले माथिको पद्यांशमा व्यतिरेक अलङ्कार रहेको छ ।

**ती दृष्टको नीति जताततै बढ्यो**
**उत्पात उक्लेर पहाडमा चढ्यो ।**
**सङ्कल्पमा विध्न विकल्प मैलियो**
**सत्कर्मको मर्म समेत नै लियो ॥ २:६५**

माथिको पद्यांशमा राक्षस वर्गले कौशिम आश्रममा यज्ञ विध्वंश गरेको चित्रण गरिएको छ । यज्ञ गर्ने सङ्कल्पमा विध्न विकल्प फैलिएको परस्पर व्यतिरेकी भाव प्रस्तुत भएकाले व्यतिरेक अलङ्कार रहेको छ । यसरी 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा रहेको व्यतिरेक अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.२.१९ सहोक्ति

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको भेद प्राधान्यमूलक उपवर्गमा सहोक्ति अलङ्कारलाई राखिएको छ । यसको सैद्धानितक चर्चा तेस्रो परिच्छेदमा भई सकेको छ । यहाँ 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त सहोक्ति अलङ्कारको विश्लेषण गरिएको छ ।

**क्लेशान्तमा हृदय-शान्ति हुँदा सहेली**
**चिन्तान्तमा अब फुक्यो मनको पहेली ।**
**वर्षान्तमा प्रकट भो सुषमा जुनेली**
**राय्यान्तमा हुन गयो सुकिलो हवेली ॥ १:६५**

माथिको पद्यांशमा रामचन्द्रको शुभ जन्मबाट कोशलमा उत्पन्न भएको आनन्दमय क्षणको वर्णन गरिएको छ । पद्यांशमा वर्णन गरिएका आनन्दोत्सवसंग सम्बन्धित सबै क्रियाका बिचमा सहभाव वा सहउक्ति रहेको छ । त्यसैले माथिको पद्यांशमा सहोक्ति अलङ्कार रहेको छ ।

**यो स्थानमा मान लिने नरेन्द्र हुन्**
**आधार साधारण धर्म-केन्द्र हुन् ॥ २:६**

माथिको पद्यांशमा दशरथको गार्हस्थ जीवनको चर्चा छ । गार्हस्थ जीवनको मान र त्यसको आधारका बिच सहभाव भएर धर्मकेन्द्रको स्थापना भएकाले माथिको पद्यांशमा सहोक्ति अलङ्कार रहेको छ ।

**संग लिई बहुरुपी धूर्त मारीचलाई**
**कनक मृग बनाई तेजिलो रङ्गलाई ।**
**वरिपरि दगुरायो त्यो जन-स्थान आई**
**दशमुख गम गर्थ्यो गुप्त भै दाउ लाई ॥ ६:५४**

माथिको पद्यांशमा मारीचको छल प्रस्तुत गरिएको छ । मारीचको छल र रावणको छलको सहभावबाट सीता अपहरण हुन पुगेको घटना वर्णन गरिएकाले माथिको पद्यांशमा सहोक्ति अलङ्कार रहेको छ ।

**प्रेमीको नजर परस्पर प्रभामा**
**मिल्नाले डबल भएर फैलिँदामा ।**
**कर्तव्य-ऋमतक हुन्छ राफसाफ**
**टाढाको पथ पनि देखिने छ साफ ॥ ९:५**

माथिको पद्यांशमा श्रीरामचन्द्र र सुग्रीवको अपूर्व मिलनको प्रसङ्ग आएको छ । प्रेमी र प्रेमिकाको नजर परस्पर मिल्न गएमा टाढाको बाटो देखिए झैँ राम र सुग्रीवको मित्रताले पनि टाढाको बाटो सहज बनाउने सहभाव व्यक्त गरिएको छ । अतः माथिको पद्यांशमा सहोक्ति अलङ्कार रहेको छ ।

**आत्माको रस दुईतर्फ नेत्रबाट**
**उत्रेमा मिली जब बन्छ पुण्य घाट ।**
**संसारी दिल यस तीर्थमा नुहाई**
**उक्लन्छन् शुभ सुख-धाम शुद्धि पाई ॥ ९:६**

माथिको पद्यांशमा पनि दुई मित्रको मिलनबाट उत्पन्न भएको असीम आनन्दको वर्णन गरिएको छ । आत्माको रस दुई नेत्रबाट बहेमा पण्य घाट बन्ने र त्यस पुण्य घाटमा/तीर्थमा नुहाएमा सुख र शुभ प्राप्त हुने सहभाव माथिको पद्यांशमा अभिव्यक्त छ । ल्यसैले माथिको पद्यांशमा सहोक्ति अलङ्कार रहेको छ ।

**लिन्छन् हो सम सुख दु:खको प्रभाव**
**पर्दामा सहृदयले अभेद-भाव ।**
**मिल्नाले जल जलको उही स्वभाव**
**जो जस्तो पनि मिलि लिन्छ एक भाव ॥ ९:८**

माथिको पद्यांशमा एक अर्कामा सुख दु:ख पर्दा मित्रले अभेद भाव देखाउँछन् । जसरी पानीमा पानी मिल्नाले एकै भाव तयार हुन्छ भनी भित्रको मिलन र जलमा जलको मिलनका बिच सहभाव देखाइएको छ । त्यसैले माथिको पद्यांशमा सहोक्ति अलङ्कार रहेको छ ।

**साथीको सम-रस भेटबाट चित्त**
**पग्लेमा मिलिजुली एकता निमित्त ।**
**दोतर्फ विनिमय भावको गरेर**
**बस्नेछ स्थिर सुख शान्तिमा मिलेर ॥ ९:९**

माथिको पद्यांशमा मित्रताको समरस एकताका निम्ति पग्लेको भाव व्यक्त गर्दै दुईतर्फी मित्रता निमार्ण भएमा सुख र शान्ति परस्पर मिलेर रहन्छन भन्ने सहभाव व्यक्त भएको छ । त्यसैले माथिको पद्यांशमा सहोक्ति अलङ्कार व्यक्त भएको छ ।

### ४.२.२० विनोक्ति अलङ्कार

सादृश्यविच्छित्तिमूलक अलङ्कार वर्गको भेद प्राधान्यमूलक उपवर्गमा पर्ने विनोक्ति अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिसकेको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यमा प्रयुक्त विनोक्ति अलङ्कारको चर्चा गरिएको छ ।

**भूपालले असल चाल शुभ व्यवस्था**
**साथै चलाई रहँदा निज राज्य संस्था ।**
**थामेर बोझ वय ढल्कन लागि हाल्यो**
**विश्राम मार्ग नहुँदा मन सोच्न थाल्यो ॥ १:४२**

माथिको पद्यांशमा अपुत्रताका कारणले दशरथको राज्य व्यवस्थामा उत्पन्न भएको दु:खद स्थितिको वर्णन गरिएको छ । सबै कुरा प्रशस्त भएर पनि अपुत्रताका कारणले अभव्यताको सिर्जना हुन गएको देखाईएकाले माथिको पद्यांशमा विनोक्ति अलङ्कार रहेको छ ।

**विद्या विना मनुज-जन्म ठहर्छ थारो**
**ऐश्वर्य लोक -हित कार्य विना लठारो ॥ १:५४**

माथिको पद्यांशमा विद्या विना मनुजको जन्म थारो ठहर्ने र ऐश्वर्य लोकहित विना लठारो भैँ हुने दोहोरो विनोक्ति भाव प्रस्तुत भएको छ । अतः विद्या र हितकार्य विना जन्म र ऐश्वर्यको अभव्यता हुने भाव माथिको पद्यांशमा व्यक्त गरिएको हुनाले विनोक्ति अलङ्कार रहेको छ ।

यसरी 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त विनोक्ति अलङ्कारले महाकाव्यात्मक भाव रपणीयतामा वृद्धि गरेको छ ।

## ४.३ विशेषणविच्छित्तिमूलक अलङ्कार वर्ग

विशेषणविच्छित्तिमूलक अलङ्कार अन्तर्गत केवल विशेषण विच्छित्ति र सविशेष्य विशेषण गरी दुई उपवर्ग रहेका छन् । यस अन्तर्गत पर्ने समासोक्ति,अप्रस्तुतप्रशंसा र अर्थान्तरन्यास गरी तिन वटा अलङ्कारहरु 'आदर्श राघव' महाकाव्यमा खोजी गरिएको छ ।

### ४.३.१ समासोक्ति अलङ्कार

विशेषणविच्छित्तिमूलक अलङ्कार वर्गको केवलविशेषणविच्छित्तिमूलक उपवर्ग अन्तर्गत समासोक्ति अलङ्कारको वर्गीकरण गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यमा प्रयुक्त समासोक्ति अलङ्कारको चर्चा गरिएको छ ।

**आफैँ बनी जल-तरङ्ग चढाई रङ्ग**
**सङ्गीतको मधुरिमा गरी अन्तरङ्ग ।**
**गुञ्जाउँदै विपुल कोशल-देश -रङ्ग**
**नाच्छन् निरन्तर जहाँ सरयू-तरङ्ग ॥ १:२०**

माथिको पद्याँशमा साकेतको वर्णन गरिएको छ । साकेतको वर्णन गर्ने क्रममा जल तरङ्ग,सङ्गीतको मधुरिमा गुञ्जाउँदै साकेतका सरयूका तरङ्गहरु नाचि हरेको प्रसङ्ग वर्णन गर्ने क्रममा त्यहाँको आनन्दपूर्ण जीवन विताई रहेका जनताको समारोप गरिएकाले समासोक्ति अलङ्कार रहेको छ ।

**उज्ज्वल ध्वज असङ्ख्य फिँजारी**
**पुष्पले सब शरीर सिँगारी ।**
**दीपरुप पहिरी मणि-माला**
**देखिईन अवध -भू नव वाला ॥ १:७०**

माथिको पद्याँशमा रामचन्द्रको जन्मको प्रसङ्ग वर्णन गरिएको छ । रामचन्द्रको जन्मपछि साकेतमा छाएको आनन्दोत्सवसंग धर्ती पनि उज्ज्वल किसिमका असङ्ख्य ध्वजा पताकाहरु फिँजारेर,पुष्पले सबै शरीर सिँगारेर, दीपजस्तै मणिका हारहरु पहिरेर एउटी वाला जस्तै भएको आरोप गरिएकाले माथिको पद्यांशमा समासोक्ति अलङ्कार रहेको छ ।

**प्रसन्न मुख पूर्वको गगनले उषकालको**
**दियो गधुर सूचना, रस पिलाई उद्बोधको । ३:१**

माथिको पद्याँशमा विश्वामित्रको आश्रमको वर्णन छ । त्यसमा पनि प्रातःकालीन वर्णन छ । पूर्वतिरको आकाशले उषाकालमा प्रशन्न मुख लगाएको प्रसङगसंग ऋषि आश्रमको दिव्यता समारोपित भएकाले माथिको पद्यांशमा समाासोक्ति अलङ्कार रहेको छ ।

**कुनै किरण सूर्यका कमलमा छिटो उत्रदा**
**भयो, अध खुलापन दल अगाडिका फक्रँदा ।**
**तुरुन्त बिउँभ्mी घुमे भ्रमर भित्र भूँ भूँ गरी**
**प्रभात-रब यो भयो मधुर शङ्खको भ्mैँ गरी ॥**

माथिको पद्याँशमा विश्वमित्रको आश्रमको वर्णन गरिएको छ । आश्रममा रहेको सुन्दा सरोवरमा सूर्यको किरणहरु पर्दा कमलको फुल फक्रेको र त्यहाँ भ्रमर पस्दा कोश बन्द भई भूँ भूँ गर्न थालेको तथा त्यसबाट शङ्खको जस्तो सुमधुर आवाज आएको जसमा वेदपाक गरिरहेको आश्रमका बटुकहरुको सुमधुर सङ्गीतसंग समारोमित भएकाले समासोक्ति अलङ्कार रहेको छ ।

**बगरभर शिलाका मञ्च गोदावरीको**
**उपर भ्mुलिरहेको चादँनी चाँदनीको ।**
**भ्mलमल यसमा छन् कोटि तारा सितारा**
**तल कल-कल गई नाच्तथे नीर-धारा ॥ ६:३७**

माथिको पद्याँशमा रामको आश्रम वर्णन गरिएको छ । यहाँ बगरभरि ढुङ्गाको मञ्च रहेको शिरमा चाँदनी भ्mुलि रहेको,त्यसमा सितारा जडेको तथा नजिकै कलकल गर्दै पानीका धाराहरु नाचि रहेको प्रसङ्ग रामको निर्वासित जीवनको दैनिक दिनचर्यासंग आरोदित भएकाले समासोक्ति अलङ्कार रहेको छ ।

यसरी 'आदर्श राघव' महाकाव्यका श्लोकमा प्रयुक्त समासोक्ति अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.३.२ अप्रस्तुतप्रशंसा अलङ्कार

विशेषणविच्छित्तिमूलक अलङ्कार वर्गको केवलविशेषणविच्छित्तिमूलक उपवर्ग अन्तर्गत अप्रस्तुत प्रशंसा अलङ्कारलाई समावेश गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । 'आदर्श राघव' महाकाव्यका श्लोकमा प्रयुक्त अप्रस्तुत प्रशंसा अलङ्कारको प्रयोग गरिएको छैन । स्वयम् महाकाव्यकार सोमनाथ सिग्देलले पनि आफ्नो लक्षण ग्रन्थ 'साहित्य प्रदीप' मा आफैँले वनाएर उदाहरण प्रस्तुत गरेका छन् । साथै लेखनाथ पौड्यालको 'ललित्य' कविता सङ्ग्रहबाट उदाहरण प्रस्तुत गरेका छन् । उनको सिङ्गो महाकाव्यको अध्ययन गर्दा समासोक्ति अलङ्कार भित्रै अप्रस्तुत प्रशंसाको पनि प्रयोग गरेका छन् । यसको चर्चा अगिल्लो बुँदामा गरिएको छ ।

## ४.३.३ अर्थान्तरन्यास अलङ्कार

विशेषणविच्छित्तिमूलक अलङ्कार वर्गको केवलविशेषणविच्छित्तिमूलक उपवर्गमा अर्थान्तरन्यास अलङ्कारलाई समावेश गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहा 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अर्थान्तरन्यास अलङ्कारको चर्चा गरिएको छ ।

**सारा परे छक्क अपूर्व चालको**
**देखि बडो बिक्रम वीर बालको ।**
**आगो फिलङ्गै पनि होस् अख्यमा**
**उल्लास देखाउँछ एक सासमा ॥ २:७२**

माथिको पद्याँशमा रामको वीरताको वर्णन गरिएको छ । रामको वीरतायुक्त अपूर्व चाल देखेर सबै छक्क परे भन्ने विशेष वाक्यलाई आगाको एउटा सामान्य फिलिङ्गोले पनि जङ्गलमा भीषण रुप लिने सामान्य वाक्यले समर्थन गरेको हुदाँ माथिको पद्यांशमा अर्थान्तरन्यास अलङ्कार रहेको छ ।

**दैवी लीला-वश भई सबै लोकमा उत्रदामा**
**जारी राख्छन्,प्रकृति-विकृति स्रोत छोटा र लामा ।**
**केले जान्थ्यो विधि नियममा देखिने वस्तुसत्ता**
**सानो मात्रातक गरिदिने हुन्छ पूरा महत्ता ॥ ७:४२**

माथिको पद्याँशमा ईश्वरीय खेलको र सर्वसत्ताको वर्णन गरिएको छ । दैवी लीलाको बशमा परेर सबै प्राणीहरु जन्म र मरणको पुनर्चक्र जारी राख्छन्,भन्ने विशेष वाक्यलाई विधि नियमको वस्तु सत्तालाई कसैले पनि जान्न नसकिने सामान्य कथनका साथमा समर्थन गरिएको हुनाले माथिको पद्याँशमा अर्थान्तरन्यास अलङ्कार रहेको छ ।

**छोडि पापी बपु हत भई रामका बाहुबाट**
**पाई आफ्नो सुगति अगिको तेजिलो पारी छाँट ।**
**उक्ली हाल्यो परमपदमा शाप-निर्मुक्त आत्मा**
**दु:खीलाई हरतरहले शान्ति दिन्छन् माहात्मा ॥ ७:४९**

माथिको पद्याँशमा भगवान् रामचन्द्रको भक्तका प्रतिको परम उदार भाव प्रस्तुत गरिएको छ । रामचन्द्रको स्पर्शले जटायु वा गिद्ध आफ्ना सम्पूर्ण कुकर्महरुबाट मुक्ति पाउँछ, सुगति प्राप्त गरेको विशेष कथनलाई दु:खीलाई माहात्माको सङ्गतले सधैभरी शान्ति प्राप्त हुने सामान्य कथनले समर्थन गरिएको हुनाले माथिको पद्यांशमा अर्थान्तरनयास अलङ्कार रहेको छ ।

यस प्रकार 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अर्थान्तरन्यास अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.४ गम्यार्थविच्छित्तिमूलक अलङ्कार वर्ग

गम्यार्थविच्छित्तिमूलक अलङ्कार अन्तर्गत पर्यायोक्त, व्याजस्तुति र आक्षेप अलङ्कार रहेका छन् । यी अलङ्कारहरुको 'आदर्श राघव' महाकाव्यमा खोजी गरिएको छ ।

### ४.४.१ पर्यायोक्त अलङ्कार

गम्यार्थविच्छित्तिमूलक अलङ्कार वर्ग अन्तर्गत पर्यायोक्त अलङ्कारलाई समावेश गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त पर्यायोक्त अलङ्कारको चर्चा गरिएको छ ।

**भूभागमा बहिरहेछ सरस्वतीको**
**प्रत्यक्ष गुप्त पनि धार थरीथरीको ।**
**जेहोस् प्रकाश-पथमा रस धेर थोर**
**सामान्य लोक मतको यसमा छ जोर ॥ १:१४**

माथिको पद्याँशमा साकेतको वर्णन पूर्वीय सभ्यताका आधारमा गरिएको छ । साकेतका भूभागमा सरस्वतीको कलम दौडिरहेको गुप्त भएर विभिन्न धारहरु थरीथरी रहेको, प्रकाशमुक्त भएर आमा पुलोकित भई रहेको र यसमा लोकहरुको मत वा जोर रहेको प्रसङ्ग वर्णनसँगै घुमाउरो शैलिमा आफ्नो काव्यकारिताको वर्णन महाकाव्यकारले गरेकाले माथिको पद्यांशमा पर्यायोक्त अलङ्कार रहेको छ ।

**अस्तिक्यको चहक सज्जनको निवास**
**आनन्दको महक मङ्गलको सुवास ।**
**सद्धर्मको गमक वैभवको विकाश**
**आचारको चमक पूर्ण थियो प्रकाश ॥ १:३५**

माथिको पद्याँशमा दशरथको कुल वर्णन आएको छ । यस पद्यमा दशरथको कुल परम्परामा आस्तिक्यको चहक थियो,सज्जनको निवास थियो, आनन्दको महक, मङ्गलमय सुवास थियो,सद्भर्म थियो, वैभव थियो र आचार विचार असल भएकाले प्रकाशपूर्ण चमक थियो भन्ने प्रसङ्ग घुमाउरो रुपमा प्रस्तुत गरी दशरथपछिको साकेत पनि त्यो भन्दा वैभव युक्त थियो । भनि भाव अभिव्यक्त गरेकाले माथिको पद्यांशम पर्यायोक्त अलङ्कार रहेको छ ।

यस प्रकार 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त पर्यायोक्त अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

### ४.४.२ व्याजस्तुति अलङ्कार

गम्यार्थविच्छित्तिमूलक अलङ्कार वर्ग अन्तर्गत ब्याजस्तुति अलङ्कार पनि रहेको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त ब्याजस्तुति अलङ्कारहरुको चर्चा गरिएको छ ।

**किन विकल हुन् वृथा पिताजी**
**वचन तथा गरि जित्नु पर्छ बाजी ।**
**म छु चिर वनबास जान राजी**
**भरत गरुन् अब काम राजकाजी ॥ ४:३०**

माथिको पद्यांशमा यौवराज्य भङ्गको प्रसङ्ग वर्णन गरिएको छ । दशरथले पहिले वचन नपुऱ्याउनाले वा विवेक नपुऱ्याउनाले आजको अवस्था आएको चर्चा रामले स्तुतिका माध्यमबाट प्रस्तुत गरेकाले माथिको पद्यांशमा ब्याजस्तुति अलङ्कार रहेको छ ।

**वचन उचित हो यहाँ मुमाको**
**सुत-जन माथि भलो चिताउनाको ।**
**जड पशु विचरा चरा समेत**
**शिशु-हित खातिर बन्दछन् सचेत ॥ ४:३१**

माथिको पद्यांशमा यौवराज्य भङ्ग भएपछि रामचन्द्रले माता कैकेयीप्रति गरेको स्तुतिपरक निन्दाको भाव अभिव्यक्त भएको छ । यस श्लोकमा भरतलाई राजा बनाउन चाहने कैकेयीका विचारप्रति निन्दात्मक समर्थन गरिएकाले माथिको पद्यांशमा ब्याजस्तुति अलङ्कार आएको छ ।

**अभिनव भवमा खडा हुँदामा**
**श्रम कति पर्छ हेर ! बुबा मुमामा ।**
**प्रिय हित उनकै गरेर सारा**
**सुतहरुले पछि तिर्नु पर्छ भारा ॥ ४:३२**

माथिको पद्यांशमा सुतहरुले पितृ र मातृको भारा तिर्नु पर्छ, सुरुमा नयाँ संसारमा खडा हुँदा बाबु आमालाई धरै श्रम वा भार पर्ने र त्यस्तो दुःखमा पनि सन्तानलाई हुर्काउने हुनाले सधैँभरी उनीहरुको हितमा लागि रहनुपर्छ भन्ने भाव प्रस्तुत भएको छ । यसमा अति सांसारिकता र भौतिकता प्रतिको मोहलाई स्तुतिपरक रुपमा निन्दा गरिएकाले ब्याजस्तुति अलङ्कार रहेको छ ।

**बिहक हडबडाई फाल हालेर आयौ**
**छलकपट नसम्झी पीर सित्तै बढायौ ।**
**यति कहनु भएमा यो भने "भाउज्यूको**
**हृदय धमिलिँदामा बस्न माने ननीको" ॥ ६:६३**

माथिको पद्यांशमा रामले लक्ष्मणलाई निन्दा गरेजस्तो गरी आफुलाई खोज्न आएकोमा प्रशंसा गरिएको छ भने भाउजूले खोज्न पठाएको भनी सीताको प्रशंसा गरेजस्तो गरी निन्दा गरिएको छ । अतः माथिको पद्यांशमा ब्याजस्तुति अलङ्कार रहेको छ ।

**छोडी वास्ता नगर नगर त्यागि कान्तारचारी**
**दुःखी राज्य-च्युत अविनयी राममा के छ भारी ।**
**यस्तो चढ्दो वय छ कलिलो रुप कस्तो रसीलो**
**देह-ज्योत्स्ना कति चहकिलो छैन लोग्ने गतिलो ॥ ७:१४**

माथिको पद्यांशमा रावणले रामको निन्दा गरेको जस्तो देखिए पनि रामलाई महान वीर पुरुषका रुपमा स्तुति गरेको छ भने सीताको रुप, सौन्दर्य र जवानीको बढाई चढाई गरे पनि त्यसको सदुपयोग नगरेको भनी निन्दा गरेको छ । अतः माथिको पद्यांशमा ब्याजस्तुति अलङ्कार रहेको छ ।
यस प्रकार 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त अर्थालङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

### ४.४.३ व्याजस्तुति अलङ्कार

गम्यार्थविच्छित्तिमुलक अलङ्कार पनि रहेको छ । यसको, सैद्धान्कि चर्चा तेस्रो परच्छेदमा गरिएको छ ।यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त व्याजस्तुति अलङ्कारहरुको चर्चा

**गरिएको छ। किन विकल हुन् वृथा पिताजी**
**वचन तथा गरि जित्नु पर्छ बाजी।**
**म छु चिर वनवास जान राजी**
**भरत गरुन् अब काम राजकाजी ॥ ४:३०**

माथिको पद्यांशमा यौवराज्य भङ्गको प्रसङग वर्णन गरिएको छ । दशरथले पहिले वचन नपुऱ्याउनाले वा विवेक नपुऱ्यानाले आजको अवस्था आएको चर्चा रामले स्तुतिका माध्यमबाट प्रस्तुत गरेकाले माथिको पद्यांशमा व्याजस्तुति अलङ्कार रहेको छ ।

**वचन उचित हो यहाँ मुमाको**
**सुत-जन माथि भलो चिताउनाको।**
**जड पशु विचरा चरा समेत**
**शिशु -हित खातिर बन्दछन् सचेत ॥ ४:३१**

माथिको पद्यांशमा यौवराज्य भङ्ग भए पछि रामचन्द्रले माता कैकेयीप्रति गरेको स्तुतिपरक निन्दाको भाव अभिव्यक्त भएको छ। यस श्लोकमा भरतलाई राजा बनाउन चाहने कैकेयीका विचारप्रति निन्दात्मक समर्थन गरिएकाले माथिको पद्यांशमा ब्याज स्तुति अलङ्कार आएको छ ।

**अभिनव भवमा खडा हुँदामा**
**श्रम कति पर्छ हरे ! बुबा मुमामा।**
**प्रिय हित उनकै गरेर सारा**
**सुतहरुले पछि तिर्नु पर्छ भारा ॥ ४:३२**

माथिको पद्यांशमा सुतहरुले पितृ र मातृको भारा तिर्नु पर्छ, सुरुमा नयाँ संसारमा खडा हुँदा बाबु आमालाई धेरै श्रम  वा भार पर्ने र त्यस्तो दुःखमा पनि सन्तानलाई हुर्काउने हुनाले सधैँ भरि उनीहरुको हितमा लागि रहनु पर्छ भन्ने भाव प्रस्तुत भएको छ । यसमा अति सांसारिकता र भौतिकता प्रतिको मोहलाई स्तुतिपरक रुपमा निन्दा गरिएकाले ब्याजस्तुति अलङ्कार रहेको छ ।

**बिहक हडबडाई फाल हालेर आयौ**
**छलकपट नसम्झी पीर सित्तै बढायौ।**
**यति कहनु भएमा यो भने "भाउज्युको**
**हृदय धामिलिँदामा बस्न माने ननीको"॥ ६:६३**

माथिको पद्यांशमा रामले लक्ष्मणलाई निन्दा गरेजस्तो गरी आफुलाई खोज्न आएकोमा प्रशंसा गरिएको छ भने भाउजुले खोज्न पठाएको भनी सीताको प्रशंसा गरेजस्तो गरी निन्दा गरिएको छ । अतः मथिको पद्यांशमा व्याजस्तुति अलङकार रहेको छ ।छोडी वास्ता नगर नगर त्यागि कान्तारचारी दुःखी राज्य-च्युत अविनयी राममा के छ भारी । यस्तो चढ्दो वय छ कलिलो रुप कस्तो रसीलो देह ज्योत्स्ना कति चहकिलो छैन लोग्ने गतिलो ॥ ७:१४

माथिको पद्यांशमा रावणले रामको निन्दा गरेको जस्तो दखिए पनि रामलाई महान् वीर पुरुषका रुपमा स्तुति गरेको छ भने सीताको रुप, सौन्दर्य र जवानीको वढाइ चईढा गरे पनि त्यसको सदुपयोग नगरेको भनी निन्दा गरेको छ । अतः माथिको पद्यांशमा व्याजस्तुति अलङ्कार रहेको छ ।
यस प्रकार 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त अर्थालङकारले महाकाव्यको भाव रमणयीतमा वृद्धि गरेको छ ।

### ४.४.३ आक्षेप अलङ्कार

'आदर्श राघव' महाकाव्यमा आक्षेप अलङ्कारको प्रयोग भएको छैन । स्वयम् महाकाव्यकार सोमनाथले पनि आफ्नो लक्षण ग्रन्थमा आक्षेप अलङ्कारको उदाहरण 'आदर्श राघव' महाकाव्यबाट नराखी आफैं निर्माण गरेर, राखेको छन् यसका साथै कुलचन्द्र गौतमको 'राघवलङकार' काव्यबाट उदाहरण समावेश गरेका छन् ।

### ४.५ विरोधविच्छित्तिमुलक अलङ्कार

अन्तर्गत विरोधाभास , विभावना, विशेषोक्ति, विषम, उल्लास व्याघात अलङ्कार रहेको छन् । यी अलङ्कारहरुको 'आदर्श राघ' महाकाव्यमा खोजी गरिएको छ ।

### ४.५.१ विरोधाभास अलङ्कार

विरोधविच्छित्तिमुलक अलङ्कार वर्गको शुद्ध विरोध उपवर्गमा विरोधाभास अलङ्कारलाई वर्गीकरण गरिएको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । 'आदर्श राघव' का पधहरुमा रहेको विरोधाभास अलङ्कारको यहाँ चर्चा गरिएक छ ।

**जो विश्व नायक विनायक एक रुप**
**जो अद्धितीय गणनाथ सम-स्वरुप ।**
**ती विध्नराज भइ विध्न विनाशकारी**
**देव प्रसन्न मुखको महिमा छ भारी ॥ १:३**

माथिको पद्यांशमा पशुपति नाथको चर्चा गरिएको छ । पशुतिनाथलाई विध्नराज र विनाशकारीका रुपमा उल्लेख गर्दै प्रसन्न देवता भनी विरोधाभार व्यक्त गरिको छ । माथिको श्लाकमा विरोध गरेजस्तो देखाएर उनको भारी महिमा वर्णन गर्दा विरोधको आभास भएकाले यस पद्यांशमा

**विरोधाभास अलङ्कार रहेको छ ।**
**संसारको सफरमा तल माथि गर्दा**
**हैरान भै कति महर्षि गुफा गुफामा**
**लिन्थे अनन्त सुख शान्ति यही दिशामा ॥ १:२७**

माथिको पद्यांशमा पनि अगिल्ला र पछिल्ला पङ्क्तिहरुमा विरोधाभास आएको छ । संसारको सफा (यात्रा) गर्दा हैरान भइ बिलखबन्दमा पर्ने गरेको प्रसङ्ग र गुफामा बस्दा अनन्त सुख र शान्ति प्राप्त भएको प्रसङगका बिच विरोधाभास अलङ्कार रहेको छ ।

**यो दिव्य भोग असमान कमान मान**
**लोकानुराग शुभ वैभव वीर-गाना**
**सारा भए पनि सुपुत्र विना अँध्यारो संसारको सुख भएन कुनै पियारो ॥ १ : ५३**

माथिको पद्यांशमा दशरथको अपुत्रताको वर्णन गरिएको छ । दशरथलाई सबै सुख, वैभव र ऐश्वर्य प्राप्त भएको मा अपुत्रताले गर्दा त्यो सुख वैभव र ऐश्वर्य प्यारो नभएको विरोधाभास अलङ्कार रहेको छ ।

**घेरेर चौगिर्दं उजण्ड दृष्टले**
**गर्दा भताभुङ्ग बिगार वेगले ।**
**बल्दै गयो भित्र पनि व्यथानल**
**देखाऱ्यो मङ्गल ॥ २:६४**

माथिको पद्यांशमा विश्वामित्रको आश्रममा सम्पन्न हुन गइ रहेको यज्ञको वर्णन गरिएको छ ।तर राक्षसहरुको आक्रमणमा उक्त मङगलमय कार्य पनि अमङ्गलमय बन्न पुगेको विरोधाभास माथिको पद्यांशमा आएकाले विरोधाभाष अलङ्कार आएको छ ।
यसरी 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त विरोधाभास अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वुद्धि गरेको छ ।

## ४.५.२ विभावना अलङ्कार

विरोधविच्छित्तिमुलक अलङ्कार वर्गको कार्यकारण भावाश्रित विरोधमुलक उपवर्ग विभावना अलङ्कार लाईउल्लेख गएिको छ । यसको सैद्धान्तिक चर्चा तेस्रो  अध्ययनमा गरिएको छ । यहाँ आदर्श राघव महाकाव्यका पङ्तिहरुमा प्रयुक्त विभावना अलङ्कारको चर्चा गरिएको छ ।

**आफै बनी जल तरङग चढाइ रङ्ग**
**सङगितको मधुरिमा गरि अन्तरङ्ग ।**
**अञ्जाउदै विपुल कोशल - देश -रङ्ग**
**नाच्छन् निरन्तर जहाँ सरयु-तरङ्ग ॥ १:२०**

माथिको चद्यांशमा कुनै कारण विना नै जल तरङ्गहरुमा रङ्ग चढेको, सङ्गितको मधुरिमाले कोहाल राज्यको अन्तरङ्ग  गुञ्जाएको तथा सरयूका तरङ्गहरु नाचेको वर्णन गरिएकालै  माथिको पद्यांशमा विभावना अलङ्कार रहेको  छ ।
यसरि आदर्श राघव महाकाव्यका सीमित पङतिहरुमा रहेको विभावना अलङ्कारले वर्णन गरिएकाले उल्लास अलङ्कार रहेको छ ।

**सौभाग्यको बखत यो चटका हरायो**
**साकेतको तखतमा खटका हरायो।**
**सिन्दुर बिन्दु बलियो गरियो धराले**
**आनन्द कन्द भरियो नव पालुवाले ॥ १:६६**

माथिको पद्यांशमा कोशलमा रामचन्द्रको जन्म भएपछि जता जतै उल्लासमय, आनन्दमय वातावरण छाएके भाव वर्णन गरिएकाले उल्लास अलङकार रहेको छ ।

**हर्ष गद्‌गद्‌ भई नुपबाट**
**खोलिए सरस उत्सव-फाँट ।**
**बक्सियो सुयश देश विदेश ॥ १:७२**

माथिको पद्यांशमा पनि दशरथको अपुत्रता समाप्त भई पुत्र प्राप्ति भएपछि खुसियाली मनाएको , चारैतिर सुयश फैलिएको , सबै हर्षले गद्‌गद्‌ भएको, बकस प्रदान गरिएको आनन्दमय अवस्थाको वर्णन गरिएकोले उल्लास अलङकार रहेको छ ।

**बाँचेका जति जो थिए दश दिशा भागे सबै राक्षस**
**लङ्का व्याप्त गरेर फैलिन गयो सङ्कष्टको आतस ।**
**किलोत्पाटन झै हुँदा जहरिलो त्रैलोक्यका शूलको**
**सारा वानरले जय ध्वनी गरी वर्षा गरे फूलको ॥ ११:५८**

माथिको पद्यांशमा राम र रावणको युद्धमा रावण मारिएपछि रामको वानर सैन्यमा छाएको खुसियाली र विजयोत्सवको वर्णन गरीएकाले उल्लास अलङ्कार रहेको छ ।

**लङ्का-स्वामी राक्षसका नायक आदि**
**किविकन्धाका नाथ हनुमानहरु आदि ।**
**साराले यो उत्सवको हर्ष जगाए**
**नाचि गाई यो विजयानन्द मनाए ॥१२:१**

माथिको पद्यांशमा राम रावणको युद्धमा अत्याचारी रावण मारिए पछि संसार भरि नै खुसियाली छाएको  भाव वर्णन गरीएको छ । रावणको वध पछि लङकाका विभिषण, सग्रिव, हनुमान आदि साराले विजयानन्दलाई उत्सवका रुपमा मनाएको भाव व्यक्त गरीएकाले उल्लास अलङ्कार रहेको छ ।

**नाघी सारा उज्वल कक्षा विषयीको**
**उल्लास श्री उठ्तछ सच्चा विजयीको ।**
**ऊँचो खम्बामाथि उठी कीति-पताका**
**शोभा भर्दै फुर्छ कनासम्म दिशाका ॥१२:१०**

माथिको पद्यांशमा पनि रावण पछिको विजयानन्द उत्सवका रुपमा भनाइएको भाव वर्णन गरीएकाले उल्लस अलङकार रहेको छ । यसरी आर्दश राघव महाकाव्यका पद्यहरुमा प्रयुक्त उल्लास अलङ्कारले महाकाव्यात्मक भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.५.३ विशेषोक्ति अलङ्कार

विरोधविच्छित्तिमुलक अलङ्कार वर्गको कार्यकारण भावश्रित विरोधमुलक उपवर्ग अन्तर्गत विशेषोक्ति अलङ्कारलाई समावेश गरिएको छ । ‘आदर्श राघव’ महाकाव्यका पद्यहरुमा विशेषोक्त अलङ्कारको प्रयोग भएको छैन ।

### ४.५.४ विषम अलङ्कार

विरोधविचिछत्तिमुलक अलङ्कार वर्गको कार्यकारण भावश्रित -विरोधमुक उपवर्गमा पर्ने विषम अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छदमा  गएिको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त विषम अलङ्कारको चर्चा गरिएको छ ।

**थियो विफलता जाहाँ प्रबल साहसी वीरको**
**भयो सफलता त्यहाँ कुल - किरटिका हीरको ।**
**उठाउन सकिन्न जो कुमुद सूर्यको दप्तिले**
**सकिन्छ सहजै अहो ! नव सुधांशुको शक्तिले ॥ ३:३१**

माथिको पद्यांशमा परस्पर विपरीत भाव प्रस्तुत भएको छ । अगिल्लो वाक्यमा विफलता प्रस्तुत भएको र पछिल्लो वाक्यमा सफलाता मिलेको , त्यस्तै पछिल्ला पाउमा पनि भावग वैपरीत्य रहेकाले माथिको पद्यांशमा विषय अलङ्कार रहेको छ। 'आदर्श राघव' महाकाव्यमा व्यन मात्रामा विरोध अलङ्कारको प्रयोग भएको छ । यसरी प्रस्तुत विरोध अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि भएको छ ।

### ४.५.५ उल्लास अलङ्कार

विरोधविचिछित्तिमुलक अलङ्कार वर्गको कार्य कारणभावश्रित-विरोधमुलक उपवर्गमा पर्ने उल्लास अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त उल्लास अलङ्कारको चर्चा गरिएको छ ।

**पन्साउँदै तम समस्त दिशा-दिशाको**
**आलोक लोक भर छाइ कला कलाको ।**
**श्रीरामको उदय कोसल-वंशजामा**
**भो हर्ष हेतु अरुणेदय झैँ उषामा ॥ १:६१**

माथिको पद्यांशमा दशरथको अपुत्रताा समाप्त भई राम आदि चार पुत्रहरुको जन्मभएको प्रसङ्ग वर्णन गरिएको छ । अपुत्रताका कारणले जुन अन्धकारमय वातावरण कोशलमा उत्पन्न भएको थियो । रामको जन्मपछि त्यो सबै हटेर आनन्दमय वातावरण सिर्जना भएको भाव माथिको पद्यांशमा

### ४.५.६ व्याघात अलङ्कार

विरोध विच्छित्तिमूलक अलङ्कार वर्गको कार्यकारण भावाश्रित विरोधिमूलोक उपर्कामापर्ने व्याघात अलङ्कार को सैद्धन्तिक चर्चा तेस्रो परिच्छेदमा गरीएको छ । यहाँ आदर्श राघव महहाकाव्यमा प्रयुक्त व्याघात अलङ्कार को चर्चा गरिएको छ ।

**यो शब्दको वायु तरङ्ग अलङगमा**
**झर्दा उछाली झल अन्तरङगमा**
**हल्लाउँदै छत्कमल क्षितीशको**
**बाढी बढायो बहुधा वितर्कको ॥**

माथिको पद्याशं मा विश्वाभिजको वाणी सुनेर दशरथमा उत्पन्न भएको संशयात्मक आवेगलाई प्रस्तुत गरीएको छ । विश्ववभिजको दिव्य वचत हो । अमोघ वचत हो । विश्वाभिज सर्वसमर्थ छन् । भन्ने जान्दाजान्दै दशरथमा उत्पन्न भएको मानसीक आघातलाई माथिको पद्याशंले प्रस्तुत गरेको हुनाले व्याघात अलङ्कार रहेको छ र
अभिनव नवनीतमाकुठार

**सहर गरेर दुरुक्तिको प्रहार**
**छदय जन समाजको लछारिन् ।**

क्षितिपाललाई जमिनमा लछारिन् राज्याभिषेक गर्न कैकेयीले दशरथ लाई रोकेको र त्यस बाट आघात परी दशरथ भुईमापछारिइको भाव व्यक्त गरिएको ले व्ययाघात अअलङ्कार रहेको छ ।

**नरपति परिवार नि सहाय**
**भइकन हुनगो विदीर्ण कार्य ।**
**वरिपरि छरियो विषद घोर**
**विकल भए दुनियाहरु अघोर ॥**

माथिको पद्याशंमा दशरथको मृत्यु पछि रामचन्द्रमा परेको आघात प्रस्तुत गरिएको ले व्याघात अलङकार रहेको छ । गस प्रकार व्याघात आर्दश राघव महाकाव्यमा प्रयुक्त व्याघात अलङ्कार ले भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.६ शृङ्खलाविच्छित्तिमूलक अलङ्कार र्वग

शृङखलाविच्छित्तिमुलक अलङ्कारको चर्चा तेस्रो परिच्छेदमा भइ सकेको छ । यस शीर्षक मा प्रस्तुत अलङ्कार वर्ग अन्तर्गत रहेका कारणमाला र मालादीपक दुई प्रकारका अलङ्कारहरु मात्र 'आदर्श राघव' महाकाव्यमा पाइएकाले तिनको मात्र चर्चा गएिको छ ।

### ४.६.१ कारणमाला अलङ्कार

शृङखलाविच्छित्तिमुलक अलङ्कार वर्ग अन्तर्गत रहेको कारणमाला अलङ्कारको सैद्धनन्तिक चर्चा तस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यमा रहेको कारणमाला अलङ्कारको चर्चा गरिएको छ ।

**विद्याविना मनुज जन्म ठहर्छ थारो**
**ऐश्वर्य लोक हित कार्य विना लठारो ।**
**कान्ताविना गृह कुटुम्बहरु पसारो**
**संसार पुत्र-चन्द्रविना अँध्यारो । ।१: ५२**

माथिको पद्यांशमा अपुत्रताको कारणले उत्पन्न भएको दशरथको अस्तव्यस्त गृहस्थीलाई प्रस्तुत गरिएको छ । यहाँ विद्याविना मान्छेको जीवन धारो हुने, लोक हित विना ऐश्वर्य लठारो हुने , कान्ताविना घर पसारी हुने संसार पुत्रको अभावमा अँध्यारो हुने भाव सुशृङ्खलित रुपमा आएकाले कारणमाला अलङ्कार रहेको छ ।

**तत्वोपदेश- श्रवणदि आधमा**
**सन्मार्ग-चर्चा- मनन द्धितीयमा ।**
**एकाग्रता ध्यान हुँदा तृतीयमा**
**उक्लन्घ तुर्याश्रम आत्म लाभमा ॥ २:४**

माथिको पद्यांशमा तत्वपदशे श्रवण सुरुमा गर्नु पर्ने, सत्मार्गको चिन्तन मनन् दोस्रो चरणमा र त्यसपछि मात्रै आत्मा माथि उक्लने सुशृङ्खलित कारण प्रस्तुत गरिएकाले कारणमाला अलङ्कार रहेको छ ।

**सत्सङ्ग क्षणमा शुद्ध साधुतामा**
**साधुत्वस्थिति मनको विशुद्धतामा ।**
**शुद्धान्तकारण पवित्र मित्रतामा**
**सन्मैत्री परिणत हुन्छ एकतामा ॥ ९:३**

माथिको पद्यांशमा उपमेय र उपमान कार्य कारण शृङ्खलामा एकपछि अर्को गर्दै सुशृङ्खलित रुपले परेका छन् । त्यसैले माथिको पद्यांशमा कारणमाला अलङ्कार रहेको छ । यस प्रकार आदर्श राघव महाकाव्यमा प्रयुक्त कारणमाला अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

### ४.६.२ मालादीपक अलङ्कार

शृङ्खलाविच्छत्तिमुलक अलङ्कार वर्ग अन्तर्गत रहको मालादीपकको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' माहाकाव्यमा प्रयुक्त मालादीपक अलङ्कारको चर्चा गरिएको छ ।

**वीरको बाहुले खड्ग**
**खड्गले शत्रुको शिर ।**
**अँगाल्यो शिरले भुमि**
**भुमिले राज भन्दिर ॥११:२६**

माथिको पद्यांशमा उपमेय उपमानसँग र उपमान उपमेयसँग सुशृङ्खलित रुपमा आएका छन् । वीरको हातले दड्ग समतिको, खड्गले शत्रुको शिर चुमेको, शिरले भुमिमा आत्मसात गरेको र भुमिले राज मन्दिरलाई अँगालेको प्रसङग माथिको पद्यांशमा वर्णन गरिएको छ । त्यसैले माथिको पद्यांशमा मालादीपक अलङ्कार रहेको छ ।
'आदर्श राघव' महाकाव्य न्युन रुपमा मात्र मालादीपक अलङ्कार प्रयोग भएको छ जसले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.७ तर्कन्यायविच्छित्तिमूलक अलङ्कार वर्ग

तर्कन्यायविचित्तिमुलक अलङ्कार वर्गमा पर्ने काव्यलिङग अलङ्कारको सैद्धानतिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यमा रहेको काव्य लिङ्ग अलङ्कारको चर्चा गरिएको छ।

### ४.७.१ काव्यलिङग अलङ्कार

तर्कन्यायविच्छिक्तिमुलक अलङ्कार वर्गमा पर्ने काव्यलिङ्ग अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहँ 'आदर्श राघव' महाकाव्यका पद्यमा रहेको काव्य लिङ्ग अलङ्कारको चर्चा गरिएको छ ।

**हो देश कोशल पुरातन-शिल्प-सिद्ध**
**सौराज्यले जगमगाइ अति प्रसिद्ध ।**
प्रख्यात नै छ जसको नगरी अयोध्या भन्थे विपक्षहरुले पनि हो अयोध्या ॥ १: १९
माथिका पद्यांशमा कोशल राज्य पहिले देखि नै न्याय, धर्म सत्य र वीरताका लागि प्रख्यात रहेको काराणले विपक्षहिरु पनि अयोध्या रहेको कारणले विपक्षीहरु पनि अयोध्या भनेपछि डराउने गरेको भाव प्रस्तुत गरिएकाले माथिको पद्यांशमा काव्यालिङग तर्कन्यायविच्चित्तिमुलक रहेको छ ।

**फक्री गरेर यसरी नरदेव-देवी**
**लागे निरन्तर रिझाउन देव-देवी ।**
**सत्कर्ममा श्रम गरी लहरी बढाए**
**सद्धर्म कल्पतरुका मुजुरा रसाए ॥ १: ५७**

मथिको पद्यांशमा दशरथले देव देवीको पुजा अर्चना गरेको , सत्कार्य गरेको , प्रजाहरुलार्य न्याय गरेको आदि विभिन्न कारणबाछ सद्धर्मका मुजुराहरु पलाउन थालेको भाव अभिव्यक्त छ । सत्कार्यको हेतु स्वरुप सदधर्म र उन्नति हुँदै गएको भाव वर्णन गरिएकाले यस श्लोकमा काव्यलिङ तर्कन्यायविच्चित्तिमुलक रहेको छ ।
सौराज्यको कलाले उज्यालियो रामले सबै राज ।
नव सूर्यको प्रभावले जगमग पारि लाकको साज । १५:१

माथिको पद्यांशमा आदर्श राम राज्यको वर्णन गरिएको छ । रामको सौराज्यको कलाले सम्पुर्ण राज्य नै उज्यालिएको प्रसङग वर्णन गरिएको छ ।त्यसको तुलना अन्धकारमय रात्रीलाई सूर्यको नवकिरणले हराएर जगमग पारेको कार्यसँग गरिएको छ । अतः माथिको पद्यांशमा काव्यलिङग अलङ्कार रहेको छ । आँखा चिम्ली उज्यालामा उघारी अन्धकारमा । छक्क पारी न्याय हिँड्यो भित्र नेत्र खुला थियो ॥ १५:४५ माथिको पद्यांशमा न्याय अँध्यारामा आँखा खोलेको, उज्यालामा आँखा चिम्लिएको र भित्रको आँखा खुला गरी हिँडेकाले सबै छक्क परेको भाववर्णन भएकाले काव्यलिङग अलङ्कार प्रस्तुत गएिको छ । यसरी 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त काव्यलिङग अलङ्कारले महाकाव्यको भाव रमणीयातामा वृद्धि गरेको छ ।

## ४.७.२ अनुमान अलङ्कार

तर्कन्यायविच्छित्तिमुलक अलङ्कार वर्गमा पर्ने अनुमान अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो पच्छिेदमा अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो पच्छिेदमा भइ सकेको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यमाा प्रयुक्त अनुमान अलङ्कारलाई प्रस्तुत गएिको छ ।

**हरिण अति अनौठा जाल पो हो कि हेर**
**हरदम रहनु है "भाइलाई भनेर ॥ ६:५७**

माथिको पद्यांशमा अत्यन्त अनौठो किसिको हणि रामले आश्रममा देखेकाले यो छल पो हो कि, जाल पो हुन सक्ने हो कि भन्ने भाव वर्णन भएकाले माथिको पद्यांमशमा अनुमान अलङ्कार प्रयाग भएको छ । यसमा अनुमान युक्त वर्णन गरिएको छ ।

**ध्वनि विकल पनाको नाथको हो बचाऊ ।**
**किन बिहक बसेको लौन दौडेर जाऊ ॥ ६:६१**

माथिको पद्यांशमा माराचको छलयक्त 'दाइ भाइ!' भन्ने अनुमान भएको छ । अतः माथिको पद्यांशमा अनुमान अलङ्कार रहेको छ ।

**सीताका प्रिय गहनाहरु त्यही हो**
**वैरीको दुतगतिको दिशा यही हो ।**
**पक्का हो निहित जटायुको प्रसङ्ग**
**लङका हो दशमुख वीर-नाट्य-रङग ॥९:५५**

माथिको पद्यांशमा रामले सीताका केही प्रिय गरगहनाहरु देखेपछि सीतालाई पक्कै पनि रावणले अपहरण गरेर लगेको छ भन्ने अनुमान व्यक्त गरिएकाले अनुमान अलङ्कार रहेको छ । दोतर्फा घमसान घोर घटना संहारको देखियो, यस्तो युद्ध भयो न ता पछि हुने होला भनी लेखियो ।११:५०

माथिको पद्यांशमा राम र रावणको युद्धको वर्णन गरिएको छ । राम र रावणको युद्ध यस्तो भयो कि त त्यो कहिल्यै भएको थियो र न पछि नै कहिल्यै हुनेछ भनी अनुमनको भाव माथिको पद्यांशमा व्यक्त गरिएकाले अनुमान अलङ्कार रहेको छ ।

**होऊन् नानानन्दहरु धेरै थरीका**
**ऊया नीया मध्यम गाढा अनि फीका ।**
**वीर-श्रीमा साथ दिने कीर्ति-निदान**
**होला अर्को के विजयानन्द समान ॥ १२:५**

माथिको पद्यांशमा विजयको जस्तो आनन्द केहीमा पनि प्राप्त हुँदैन होला भन्ने अनुमान व्यक्त गरिएको छ । रामले रावणमाथि विजय प्राप्त गरेको क्षण वर्णन गर्दै विजयान्नद भन्दा ठुलो आन्द केही छैन होला भनी अभिव्यक्ति दिइएकाले माथिको पद्यांशमा अनुमान अलङ्कार रहेको छ ।

यस प्रकार 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अनुमान अलङ्कारले महाकाव्यको भाव रमणीयता मा वृद्धि गरेको छ ।

## ४.८ वाक्यन्यायमूलक अलङ्कार वर्ग

वाक्यन्यायमुलक अलङ्कार वर्गको सैद्धान्तिक परिचय तेस्रो परिच्छेदमा दिइएको छ । यस परिच्छेदमा 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त समुच्चय, पर्याय र अर्थपत्ति अलङ्कारको चर्चा गरिएको छ ।

### ४.८.१ समुच्चय अलङ्कार

वाक्यन्यायविच्छित्तिमुलक अलङ्कार वर्गमा पर्ने समुच्यय अलङ्कारको चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा रहेको समुच्यय अलङ्कारको खोजी गरिएको छ ।

**आनन्द शान्ति अभयस्थिति वीरताका**
**श्रीरामका चहकिला यशका पतका ।**

**सौभाग्यका महलमाथि फुरी त्रिकाल**
**गर्छन् महत्त्व चिर- भारतको बहाल ॥ १५:७१**

माथिको पद्यांशमा रामराज्यको शोभा वर्णन गरिएको छ । रामराज्य कसरी स्थापना भयो र त्यहाँ के-कास्ता विशेषता छन् भनी वर्णन गरिएको छ । आनन्द शान्ति, अभय, यश आदिका कारणले रामचन्द्रको शासनको चिरकाल महत्त्व रहेको छ भनी उल्लेख गरिएकाले समुच्चय अलङ्कार रहेको छ ।

**सौराज्यको चमकबाट फिँजाइ गान**
**श्रीराम राज्य हुन गो नमुना समान ।**
**देखाँदै दश दिशा सुषमा र सीमा**
**गुन्जीरहेछ जसको महिमा महीमा ॥ १५:७२**

माथिको पद्यांशमा राम राज्यको वर्णन गरिको छ । राम राज्य आफ्नो चमक संसारभरि फिजाइ अगि  बढि रहेको , रामराज्यको महिमा संसार भरि फैलिएको भाव वर्णन गरिएको छ । अतः माथिको पद्यांशमा समुच्चय अलङ्कार रहेको छ ।

**ईश्वरको इच्छामा परिवर्तनशील संसार ।**
**गर्दछ घुम्दा घुम्दै प्रकाशको सम्म संहार ॥ १६:१**

माथिको पद्यांशमा प्रकाशको पनि संहार कसले गर्न सक्छ भन्ने कुराको वर्णन छ ।संसारलाई परिवर्तन शील बनाइ आफ्नो स्वेच्छा अनुसार चलाउने परम्तत्व ईश्वर हो भन्ने भाव समुच्चयमा अलङ्कार रहेको छ ।

सत्यप्रेम सरी जन-रञ्जन भुपको धर्म ।
पार गरी धार दुवै सुस्थिर भो रामको मर्म ॥ १६:८०

माथिको पद्यांशमा रामचन्द्रले सीतालाई परित्याग र स्विकार किन गर्नु पऱ्यो भन्ने भाव वर्णन छ । जनताको इच्छा अनुसार राजाले चलेको र सो पुरा भएपछि रामको मन सुस्थिर भएको भाव माथिको पद्यांशमा वर्णन गरिएकाले समुच्चयबोधक अलङ्कार रहेको छ ।

यसरी ‘आदर्श राघव’ महाकाव्यमा प्रयुक्त समुच्चय अलङ्कारले कहाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.८.२ पर्याय अलङ्कार

वाक्यन्यायविच्छित्तिमुलक अलङ्कार वर्गमा पर्ने पर्याय अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो अध्यायमा गरिएको छ ।

**खबर सुनी तुरुन्त जानकीको**
**पनि मन भो सँग जान मानि, नीको ।**
**बुझिसकि पनि चन्द्रमाको प्रवास**
**रहिरहला किन चन्द्रिका-प्रकाश ॥ ४:३७**

माथिको पद्यांशमा दृष्टान्तद्धारा भावगत पर्याय उल्लेख गरिएको छ । जसरी चन्द्रमा र चन्द्रमाको प्रकाश एक अर्काबाट पृथक हुन नसक्दैनन् त्यस्तै जानकी पनि रामचन्द्रबाट पृथक हुन नसक्ने भाव व्यक्त भएकाले अर्थगत समनतर कायम भई पर्याय अलङ्कार निमार्ण भएको छ ।

**प्रकृति पुरुषको निसर्ग - योग**
**सरह छ दम्पतीको अभेद्य योग ।**
**पतिसँग हुनु पर्छ धर्म जाया**
**फरक रहन्न कदापि देह छाया ॥ ४:४४**

माथिको पआंशमा पनि भावगत समानता रहेको छ । उपमेय र उपमानका बिच अर्थगत पर्याय रहेको छ । प्रकृति र पुरुषको निसर्ग योग हुनु जस्तै दमपतको अभेद्य योग छ । त्यस्तै योग राम र जानकीको रहेको छ । किनभने देह र छायँ अभेद छन । त्यसैले माथिको पद्यांशमा पर्याय अलङ्कार रहेको छ ।

**सब यो विधिको विधान हो**
**भवमा एक उही प्रधान हो ।**
**सुख दुःख दिने निदान हो**
**यसकै ख्याल शुभावधान हो ॥ ५:१९**

माथिको पद्यांशमा संसारको विधि वा नियामक परम तत्वको चर्चा गरिएको छ । संसारमा विधि नै एक मात्र प्रधान सत्ता हो । यो सम्पुर्ण संसार उसकै विधान हो । सुख र दुःख प्रदाता पनि उही हो भनी भावगत एकता कायम गरिकाले माथिको पद्यांशमा पर्याय अलङ्कार रहेको छ ।

यसरी 'आर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त पर्याय अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

### ४.८.३ अर्थापत्ती अलङ्कार

वाक्यन्याय विच्छित्तिमुलक अलङ्कार वर्गमा पर्ने अर्थापत्ती अलङ्कारलाई सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव महाकाव्यका पद्यहरुमा रहेको अर्थापत्ती अलङ्कारको चर्चा गरिएको छ ।

**सत्यब्रत, प्रवल शक्ति, अगाध बुद्धि**
**धर्म-स्थिति प्रणत-रक्षण चित्त-शुद्धि ।**
**आकल्प कीर्ति जन रन्जन नीति निष्ठा**
**गर्छन् दिलीप कुल दीपकको प्रतिष्ठा ॥१:८**

माथिको पद्यांश सत्य, व्रत, शक्ति, बुद्धि, धर्म, चित्त शुद्धि, मनरञ्जन, कीर्ति, नीति प्रतिको निष्ठा आदि कारणले दिलीप-कुल, नीति प्रतिको निष्ठा आदि कारणले भन्ने भावबाट रामचन्द्र दिलीप कुलका प्रतिष्ठा हुन् भन्ने अर्थ प्राप्त हुनाले माथिको पद्यांशमा अर्थापत्ती अलङ्कार रहेको छ ।

**शोभा बढ्यो अब नवोदित चन्द्रमाको**
**हट्दै गयो मालन भाव यताउताको ।**
**झल्के अनन्त पथमा झलमल्ल तारा**
**विश्राम तत्पर भए मुनि सङ्घ सारा ॥ २:७५**

माथिको पद्यांशमा रामचन्द्रले यत्रको विर्ध्वंश गर्ने राक्षसहरुलाई दमन गरेपछिको रात्री निष्पट्ट अन्धकारलाई हटाँउछ । रात्री वर्णन प्रस्तुत गरिएको छ । नवोदित चन्द्रमाले रात्रीको निष्पट्ट अन्धकारलाई हटाँउछ । रात्रीकालीन समयमा आकाशमा लागेका झलमल्ल ताराले प्रकाश प्रदान गरेको वर्णनबाट रामचन्द्रको सानिध्यमा सम्पूर्ण मुनिहरुको समुदाय आन्दले निदाएको भाव वर्णन गरिएकाले माथिको पद्यांशमा अर्थापत्ति अलङकार रहेको छ ।

यसरी 'आदर्श राघव' महाकाव्यमा न्युन मात्रामा प्रयोग भएको अर्थापत्ति अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरी महाकाव्यलाई आश्वाद्य बनाएको छ ।

## ४.९ लोकन्यामुलक अलङ्कार वर्ग

लोकन्यायविचिछित्तिमुलक अलङ्कार वर्गको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ ।यहाँ 'आदर्श राघव' महाकाव्यमा रहेका पूर्वरुप, लाकोक्ति, मीलित, सामान्य , अनुगुण, प्रहर्षण, प्रहर्षण, विषादन आदि अलङ्कारहरुको चर्चा गरिएको छ ।

### ४.९.१ पूर्णरुप अलङ्कार

लोकन्यायविच्छित्ति मुलक अलङ्कार वर्गमा पर्ने पूर्णरुप अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्द्देदमा गरिएको छ । यहाँ 'आर्दश राघव'महकाव्यका पद्यमा रहेको पूर्णरुप अलङ्कारको चर्चा गरिएको छ ।

**उठ्यो बढो सुहाउँदो नवप्रभा प्रभातको**
**भयो निशान्धकारको प्रसङ्ग नास-कालको ।**
**चल्यो चराचुरुङ्गीको निनाद तुल्य तर्यको**
**खुल्यो नयाँ शुभोदय -प्रकाश-बाल-सूर्यको ॥**

माथिको पद्यांशमा विश्वामित्रको आश्रममा सधै दूःख दिने असुरहरुलाई रामचन्द्रले बध गरेपछि उक्त आश्रम पहिलेकै अवस्थामा फर्किएको प्रसङ्ग वर्णन गरिएको छ । नवप्रभात भएको,अन्धकार निशाको नाश भएको,चारैतिर चराचुरुङ्गीको कलरव निनादले निर्भयता प्रदान गरेको आदि प्रसङ्ले तपस्थल पूर्ववत् रुपमा फर्किएको उल्लेख गरिएकाले पूर्वरुप अलङ्कार रहेको छ ।

**पाई ठन्डा हाल सुधा-एनान-समान**
**नन्दिग्रामी भाइ रमाए लिन जान ।**
**हावा साथै हाल पूरीमा फिँजिनाले**
**नाची सारा लोक मिली आउन थाले ॥**

माथिको पद्यांशमा राम चौध वर्षको बनवास पुरा गरी अयोध्या फर्किएपछिको अवस्था वर्णन गरिएको छ । जसरी कोशलवासीहरु रामचन्द्रको जन्म हूँदा खुसीयाली हुँदा रमाए भनी पूर्व वर्णन गरिएको माथिको पद्यांशमा पूर्वरुप अलङ्कार रहेको छ ।

**कल्पी कल्पी सम्झिरहेका घनघोर**
**सारा रैती बान्धवका नेत्र चकोर ।**
**ज्योत्स्नासाथ स्पस्ट हुँदामा प्रिय चन्द्र**
**लागे चाख्न प्रेम सुधा निर्मल भद्र ॥**

माथिको पद्यांशमा अयोध्यामा रामको चौध वर्षको वनबास समाप्त भई पूनः कोशल फर्कदा कोशल वा अयोध्यावासीमा उत्पन्न भएको असीम आनन्दलाई रामचन्द्रको जन्म हुँदाको आन्नदसँग जोडिएकाले माथिको पद्यांशमा पूर्वरुप अलङ्कार रहेको छ ।

यसप्रकार'आर्दश राघव' महाकाव्यका पद्यमा रहेको पूर्वरुप अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.९.२ लोकोक्ति अलङ्कार

लोकन्यायविच्छत्तिमुलक अलङ्कार वर्गमा पर्ने लोकोक्ति अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आर्दश राघव' महाकाव्यमा प्रयोग भएको लाकोक्ति अलङ्कारको चर्चा गरिएको छ ।

**शिक्षा सुधा कोमल बाल-कालमा**
**भिज्दै गई चाल्दछ चित्त चालमा ।**
**छौटिन्छ आलो बिरुवा जसो गरी**
**झाँगिन्छ, नुहुन्छ, सोझिन्छ सो सरी ॥ २:१९**

माथिको पद्यांशमा रामको स्वभाव, बानीबेहोरा आदिलाई लोकोक्तिका माध्यमबाट स्पष्ट पारिएको छ । भर्खरको कलिलो विरुवालाई राम्रोसँग छाँटकाँट गरेमा त्यो पछिसम्म राम्रो भएर जाने लोक आहान रहेको परेको लाकोक्ति वर्णन गरिएको छ ।

**सानै छँदादेखि महत्त्व राममा**
**देखेर गन्थे सब होनहारमा ।**
**हुन्छन् हरीया दल बाल-वृक्षमा**
**जो छाउनेछन् फल वेस पक्षमा ॥ २;२३**

माथको पद्यांशमा पन जुन रुख वा वृक्षमा सानैदेखि हरिया र बेस पातहरु छन् राम्रो वृक्ष छ त्यही वृक्षमा नै राम्रो फल लाग्ने लाकोक्ति वा जनमत प्रस्तुत गरिएकाले लाकोक्ति अलङ्कार प्रस्तुत भएको छ । यसरी 'आदर्श राघव' महाकाव्यका पद्यमा प्रयुक्त भएको लोकोक्ति अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.९.३ मीलित अलङ्कार

लोकन्यायविच्छित्तिमुलक अलङ्कारल वर्गमा मीलित अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ ।

**आफुसको प्रेम मिली मिलाइमा**
**एकत्व पाऱ्यो सब भाइ- भाइमा ।**
**आकारले मात्र विभेद देखियो**
**आत्मा सबैको अविभिन्न नै थियो ॥ २;२७**

माथिको पद्यांशमा भाजगत एकताको वर्णन गरिएको छ । दाजु भाइहरुमा भएको प्रेम यति प्रगाढ भयो कि ती चार जनै दाजुभाई सबै एकत्व भए । उनीहरुलाई छुट्ट्याउने आधार केवल आकार मात्र रह्‍यो भनी उल्लेख गरिएको छ । समग्रमा यस पङ्क्तिले दशरथका रामादि चार पुत्रको मिलापका कारणले उनीहरलाई छुट्ट्याउन गाह्रो भएको भाव प्रस्तुत गरेकाले लीखित अलङ्कार रहेको छ । पाई निर्मल काल दुर रहलिन् के चन्द्रकी चाँदनी फुट्टा बस्न हुनछ शक्ति कसको , काया र छाया बनी। पद्मापद्म मिली सरोवरविषे गर्छन सदा रम्यता आधा अङ् दिँदैन काम दुईको काम दुईको एकत्व हो् पूर्णता ॥ ११:६६

## ४.९.४ सामान्य अलङ्कार

लोकन्यायविच्छत्तिमुलक अलङ्कार वर्गमा पर्ने सामान्य अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । सोमनाथ सिग्देलले लोकन्यायमुलक अलङ्कार वर्ग अन्तर्गका अलङ्कारलाई आफ्नो महाकाव्यमा महत्त्व दिएका छैनन् । यस वर्गका अलङ्कारलाई आफ्नो लक्षण ग्रन्थमा समावेश पनि गरेका छैनन् । यसका साथै अनुगुण, प्रहर्षण, विषादन आदि अलङ्कारको अत्यन्तै नगन्य मात्रामा अरु नै अलङ्कारसँगै मिसाएर प्रस्तुत गरेका छन् । अतः ती अलङ्कारहरुको चर्चा गर्नु आवश्यक नभएकाले यहाँ उल्लेख गरिएको छैन ।

## ४.१० गुढार्थपरताविच्छित्तिमुलक अलङ्कार वर्ग

गुढार्थपरताविच्छित्तिमुलक अलङ्कार वर्ग अन्तर्गतका अलङ्कारहरुको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा भइ सकेको छ । यस परिच्छेदमा यस अलङ्कार वर्ग अन्तर्गका स्वभावोक्ति, भाविक , उदातता अलङ्कारको 'आदर्श राघव' महाकाव्यका श्लोकमा प्रयुक्त स्वभावोक्ति अलङ्कारको चर्चा गरिएको छ ।

## ४.१०.१ स्वभावोक्ति अलङ्कार

गुढार्थपरताविच्छित्तिमुलक अलङ्कार वर्गको शुद्ध उपवर्गमा पनै स्वभावोक्ति अलङ्कारको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यका श्लोकमा प्रयुक्त स्वभावोक्ति अलङ्कारको चर्चा गरिएको छ ।

**प्राचीन चित्र लिई भारतको महत्त्व**
**गम्दा हुँदैन कसको मनमा ममत्व ।**
**लोट्टा नचाउँछ चुम्बकको भाव**
**वर्षौ हँदा रस रसाउनु हो स्वभाव ॥ १: ३२**

माथिको पद्यांशमा भारत वर्षको ऐतिहासिक र पौराणिक महिमाको वर्णन गरिएको छ । प्राचीन भारतीय सभ्यता अत्यन्त उन्नत अवस्थामा पुगेको, त्यसलाई गम्दा सबैका मनमा ममत्व जागृत हुने स्वाभाविक अवस्थाको चित्रण गरिको छ । जसरी चुम्बकले फलामलाई तान्छ, जसरी वर्षामा चारैतिर रस रसाँउछ त्यसैगरी प्राचीन भारतीय सभ्यताप्रति सबैमा ममत्व जागृत हुन्छ । त्यसकारण उपमेय र उपमानका बिच स्वभावक अवस्थाको वर्णन गरिएकाले माथिको पद्यांशमा स्वभावेक्ति अलङ्कार छ ।

**जब जब रबि पुग्छन् व्योमको मध्य सीमा**
**तब तब पशु पन्छी झुम्म हुन्छन् नदीमा ।**
**चटक चटक जस्तै गर्दछन् खेल-कुद।**
**पटक पटक पानी छर्दछन् बुँदबुँद ॥ ६:४**

माथिको पद्यांशमा शब्दकालीन समयमा हुने गर्मीको चित्रण गरिएको छ । सूर्य आकाशको मध्यभागमा पुग्दा प्रचण्ड गर्मी हुने स्वभाविक अवस्था, त्यस प्रचण्ड गर्मीबाट बँच्न पशुपन्छीहरु नदीमा झुम्म हुने स्वभाविक अवस्थमा, पानीमा पशुपन्छीहरु शीतलतापूर्वक खेल्दा चटक जस्तै देखिने स्वभाविक अवस्थको वर्णन माथिको पद्यांशमा गरिएको हुनाले स्वभावोक्ति अलङ्कार रहेको छ ।

**दुईतिर मृग-छाला आछिएका पिँढीमा**
**उपल गडिरहेको भित्र पस्ने सिँढीम ।**
**फल-दल, जल-तुम्वी राखिएका शिलामा**
**धनु शर-भरि ठोक्र टाँगिएका किलामा ॥ ६:१८**

माथिको पद्यांशमा राम आश्रमको वर्णन छ । राम  आश्रमको वर्णन गर्ने क्रममा दृश्य विम्वको प्रयोग गरिएको छ । त्यही दृश्य विम्बका माध्यमबाट रामाश्रमको स्वभाविक वर्णन गरिएकाले माथिको पद्यांशमा स्वभावेक्ति अलङ्कार छ ।

**समय बदलिँदै गो, याम अर्कै उदायो**
**शरद्धतु पर भाग्यो, शीत हेमन्त्र आयो ।**
**रवि किरण मधुरो बन्न लाग्यो पियारो**
**तरु शिखरहरुमा वर्न लाग्यो तुषरो ॥ ६: ४०**

माथिको पद्यांशमा हेमन्त ऋतु र त्यस समयको वर्णन स्वभाविक रुपमा गरिएको छ । शरदऋतु सकिएर हेमन्त ऋतु लाग्दा शरद्ऋतुका चिन्ह हराउँदै गएका र हेमन्तकालीन समयका सङ्केत क्रमशः आउँदै गएको प्रसङग स्वभाविक रुपमा माथिको पद्यांशमा वर्णन गरिएकाले अलङ्कार रहेको छ ।

## ४.१०.२ भाविक अलङ्कार

गुढार्थपरताविच्छित्तिमुलक भाविक अलङ्कार वर्गको स्फुटार्थता उपवर्गमा पर्ने भाविक भाविक अलङ्कारको सैद्धन्तिक चर्चा तस्रो परिच्छेदमा गरिएको छ । यस परच्छेदमा  'आदर्श राघव' महाकाव्यका पद्यमा प्रयुक्त भाविक भाविक अलङ्कारको चचाृ गरिएको छ ।

**भुलोक उज्ज्वल जय-ध्वजले उज्याली,**
**आकाशसम्म गुणको गणना उकाली ।**
**प्रख्यातु पुर्वतन भारतको पवित्र**
**श्री हो महापुरुष राघवको चरित्र॥ १:९**

माथीको पद्यांशामा  भारत वर्ष पूर्व वा भुतको महिमाले उज्ज्यालिएको, चारैतिर यसको कीर्ति व्याप्त रहेको र यही उज्ज्वले भारत वर्षमा राम चन्द्रको जन्म भएकाले भविष्यमा पनि यसको महिमा निरन्तर बढ्दै जाने सङ्केत गरिएकाले माथिको मद्यांशामा भाविक भाविक अलङ्कार रहेको छ ।

**जो वीर थीर चिर-भारतका सपुत**
**जन्मे यहाँ भुवन- भुषण राजपुत ।**
**मौला गडाइ यिनले यशका रुपौला**
**औलादको अमर नाम जडे सुनैला ॥ १:२२**

माथिको पद्यांशमा भारत वर्षमा अनेक वर्गहरु जन्मिएको अतीतकालीन प्रसङ्गका माध्यमबाट वीर नारीहरुको स्मरण गर्दै यस्ता भारतमानका वीर नारीहरुको यश र कीर्ति भविष्यसम्म पनि फैलँदै जान भाव व्यक्त भएकाले माथिको पद्यांशमा भाविक भाविक अलङ्कार रहेको छ ।

**यहिँ सदा विनयले नयले उदेक**
**पार्ने भए दशरथ क्षितिपाल एक ।**
**यी हुन् प्रसिद्ध रघुको कुलमा द्धितीय**
**दौडाउने दश दिशा रथ अद्धितीय ॥ १: ३३**

माथिको पद्यांशमा दशरथलाई रघुवंशका अद्धितीय व्यक्तिको रुपमा वर्णन गरिएको छ । रघुवंशका सबै राजाहरु अत्यन्त प्रतापी रहेका र त्यसमा पनि रामचन्द्रपछिका द्धितीय प्रतापी राजाका रुपमा दशरथ रहेकाो भाव माथिको पद्यांशमा व्यक्त गरिएकाले भाविक भाविक अलङ्कार रहेको छ ।

यस प्रकार ‘आदर्श राघव’ महाकाव्यका पद्यहरुमा रहेको भाविक भाविक अलङ्कारले भाव रमणीयतामा वृद्धि गरेकोछ ।

### ४.१०.३ उदात्तता अलङ्कार

उदात्तता अलङ्कार गुढार्थपत्ताविचिछित्तिमुलक उदात्तता अलङ्कार वर्गको एक उदात्तता अलङ्कार हो । यसको सैद्धान्तिक चर्चा तेस्रो परिच्छेदमा गरिएको छ । यहाँ ‘आदर्श राघव’ महाकाव्यका पद्यमा रहेका उदात्तता अलङ्कार खोजी र विश्लेषण गरिएको छ ।

**आदर्श पाइ शुभ राघवको चरित्र**
**प्राचीन चित्र यस भारतको पवित्र ।**
**लोभ्याउँदै नजर सज्जनका सथामा**
**झल्कीरहेछ मधुर स्मितको प्रभामा ॥ १:१०**

माथिका पद्यांमशमा श्री राघवको आदर्श चरित्र प्राप्त गरेर भारतको प्राचीनमा पवित्र भएको प्रसङ्ग वर्णन गरिएको छ । यस्ता राघवको चरित्र महान् र उदान्त थियो र सबैको मन लोभ्याउने किसिमको थियो भन्ने भाव व्यक्त भएकाले माथिको पद्यांशमा उदान्त उदात्तता अलङ्कार प्रयोग भएको  छ ।

**जातीय गौरव लिएर , विवेक शान्ति**
**उद्योग जाँगर बढाइ चढाइ कान्ति ।**
**पस्ने नदी  छदयमा चढाइ भय मोह शोक**
**आन्द सुन्दा थिए सब जीवन्लोक ॥ १:३०**

माथिको पद्यांशमा अयोध्यामा राजा दशरथको शासन व्यवस्था र उनको शासन व्यवस्थाको भव्यता र दिव्यताको वर्णन गरिएको छ। त्यहाँको राज्य व्यवस्था, त्यहाँका प्रजाजनहरुको सुखानुभुति आदि जस्ता कुराहरुको वर्णन भव्य रुपमा गरिएकाले माथिको पद्यांशमा अउदत्तता उदात्तता अलङ्कारलाई रहेको छ ।
दिन दिन चहकीलो पक्षका बालचन्द्र
**सरह रुचि बढाई शोभिँदा रामचन्द्र ।**
**दशरथ भई सधइन् भव्य गार्हस्थ लक्ष्मी ॥ १: ७३**

माथिको पद्यांशमा श्रीरामचन्द्रको जन्म भइसकेपछि का कोशलको अवस्था , अयोध्याको राज्य  व्यवस्था र दशरथको गुहस्थीको उपमा र दृष्टान्त सहित भव्य वर्णन गरिएकाले माथिको पद्यांशमा उदात्तता उदात्तता अलङ्कार रहेको छ ।

**झलमल हुँदै जाँदा साकेतका रविको प्रभा**
**शुभ दिवसको झल्की हाल्यो प्रकाश- महासभा ।**
**दिन अब जसै ढल्की पुग्यो परिणममा**
**प्रकट हुन गो रङ्गी चङ्गी तरङ्ग दिनान्तमा ॥ ३:६१**

माथिको पद्यांशमा रामचन्द्रले सीतालाई र अन्य कोशल कमारहरले विदेहकुमारीहरुसँग विवाह गरी अयोध्या फर्कँदा अयोध्या बासीहरुले गरेको भव्य स्वागत र त्यस प्रथम सन्ध्या वा रात्रीको भव्य वर्णन गरिएको हुनाले उदात्तता उदात्तता अलङ्कार रहेको छ । यसरी 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त उदात्तता रहेको छ ।
यसरी 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त उदात्तता अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.११ मिश्रालङकार वर्ग
मिश्रालङकार वर्गको सैद्धान्तिक चर्चा अगिल्लो परिच्छेदमा गरिएको छ । यस शीर्षकमा 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अलङ्कारको  चर्चा गरिएको छ ।

### ४.११.१ संसृष्टि अलङ्कार
संसृष्टि आफैँमा कुनै अलङ्कार होइन । कुनै दुई वटा अलङ्कारहरुको परस्पर योग हुँदा । र त्यसलाई छुट्ट्याउन सकिने अवस्था हुँदा संसृष्टि अलङ्कार हुन्छ । यसका विस्तृत सैद्धन्तिक चर्चा अगिल्लो परिच्छेदमा गरिएको छ । यहाँ  'आदर्श राघव' प्रयुक्त संसृष्टि अलङ्कारको चर्चा गरिएको छ ।
**भूलोक नन्दन बन्यो कविता लताका**
**शाखा गराइ जसका यशका पताका ।**
**सम्झन्छु ती अमर पादप समान**
**वाल्मीकि आदि कवि आदि कवि प्रधान ॥ १:६**
**(स्मर(ण+रुपक)**

माथिको पद्यांशमा स्मरण अलङ्कार र रुपक अलङ्कारको प्रयोग भएको छ । स्पष्ट रुपमा छुट्ट्याउन सकिने गरी प्रयोग भएका यी मिश्रित अलङ्कारबाट छुट्टै भाव रमणीयताको सिर्जना हुन पुगेको छ ।

**देदीप्यमान मणिझैँ गुणका निधान**
**विश्वेशको छ महिमा सबमा प्रधान**
**संसार-सार पुरुषोत्तम पुष्यमूर्ति**
**श्रीरामचन्द्र हुनु भो उनका विभुति ॥ १: ७**
**(उपमा + रुपक )**

माथिको पद्यांशमा उपमा अलङ्कार र रुपक अलङ्कार एकै पटक आएका छन् । 'झणिझैँ र ' संसार नै सार' जस्ता अलङ्कार ओतक अर्थहरुले उपमा अलङ्कार र रुपक अलङ्कारको सङ्केत गरेका छन् । तिलनण्डुलन्याय अनुसार यी अलङ्कारहरु माथिको पद्यांशमा घटित भएकाले स्रसृष्टि अलङ्कार रहेको हो ।

**भूलोक उज्ज्वल जय ध्वजले उज्याली**
**आकाशसम्म गुणको गणना उकाली ।**
**प्रख्यात पूर्वतन भारतको पवित्र**
**श्री हो महापुरुष राघवको चरित्र ॥ १:९**
**(उदात्तता + भाविक + स्मरण + रुपक)**

माथिको पद्यांशमा अर्थालङ्कारको वैचिजयपुर्ण प्रयोग गरिएको छ । यस पद्यमा एकसाथ चार वटा अलङ्कारहरु घटित भएका छन् । कोशलको भव्योदस्त वर्णन गरिएकाले उदात्तता अलङ्कार, कोशलको भुत र भविष्यको वीरता र यशोगानको वर्णन गरिएकोले भाविक अलङ्कार यसमा कविले कोशलको  स्मरण गरेकाले स्मरण र श्री वा सम्पत्ति नै महापुरुषको चरित्र हो भनी आरोप गरिएकाले रुपक अलङ्कार रहेको छ । यसबाट महाकाव्यको भाव स्मणीयता उत्कर्षमा पुगेको  छ ।

माथिको पद्यांशमा निदर्शना अलङ्कार र पर्यायोक्त अलङ्कार एकै पटक घटित भएका छन् । यी दुबै अलङ्कारलाई तिलतण्डुल्न्याय अनुसार छुट्ट्याउन सकिने हुनाले माथिको पद्यांशमा संसृष्टि अलङ्कार रहेको छ ।

**याहाँ रहेनछ कहीँ सुख सोह्र आना**
**जाहाँतहीँ पद समेत रहेन पूर्ण**
**साम्राव्यको पद समेत रहेन पूर्ण**
**निः शेष विश्व रचिएछ यसै अपूर्ण ॥ १: ४४**
**(अपहनुति + रुपक)**

माथिको पद्यांशमा उपमेयमा 'न' कार लगाई निषेध गर्दा अपहनुति अलङ्कारको सिर्जना भएको छ भने यो विश्व अपुर्ण छ भनी विश्वमा अर्पुणताको आरोप लगाइएकाले रुपक अलङ्कार छ । यहाँ पनि यी दुई ख तिलतण्डुलन्याय, अनुसार घटित भएकाले सँसृष्टि अलङ्कार रहेको छ ।

**विद्याविना मनुज जन्म ठहर्छ थारो**
**ऐश्वर्यलोक हित कार्य बिना लठारो ।**
**कान्ताविना गृह कुटुम्बहरु पसारो**
**संसार पुत्र-मुख-चन्द्र विना अँध्यारो॥ १:५३**
**(कारण माला +बिनोक्ति)**

माथिको पद्यांशमा कारणमाला र विनोक्ति अलङ्कार एकै साथ आएकोले संसृष्टि अलङ्कार रहेका छ । छुट्टिन सक्ने गरी कारणमाला र सँगसँगै विनोक्ति आएका विनोक्ति अलङ्कारले महाकव्यको भाव रमणीयतामा वृद्दि गरेका छन् ।

**पन्साउँदै तम समस्त दिशा दिशाको**
**आलोक लोकभर छाइ कला कलाको ।**
**श्रीरामको उदय कोसल-वंशजामा**
**यो हर्ष-हेतु अरुणोदय झैँ उषामा॥ १:६१**
**(उल्लास+अतिशयोक्ति+उपमा)**

माथिको पद्यांशमा उल्लास, अतिशयाक्ति र उपमा अलङ्कार एक साथ छटिन भई महाकाव्यको मा अलङ्कारीक विचित्रताको निमार्ण हुन पुगेको छ । यी तिन वटै अलङ्कारहरु महाकाव्यमा स्पष्ट रुपमा छुट्टिन सक्ने गरी आएकाले तिदतण्डुलन्याय अनुसार संसृष्टि अलङ्कार परेको छ ।

**खम्मा सरी आड हुँदा गृहाश्रम**
**लिन्छन् प्रतिष्ठा अरु लीन आश्रम ।**
**यो स्थानमा मान लिने नरेन्द्र हुन्॥ २:६**
**(उपमा + सहोक्ति+ रुपक)**

माथिको पद्यांशमा उपमा , सहोक्ति रुपक गरी तिनवटा अलङ्कारहरु एकै पटक घटित भई महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ । यी तिन वटै अलङ्कारहरु उक्त पद्यमा स्पष्ट रुपमा छुट्टिने गरी आएकाले संसृष्टि अलङ्कार रहेको छ ।
बाँचेका जति जो थिए दश दिशा भागे सबै राक्षस लङ्का व्याप्त गरेर फैलिन गयो सङकष्टको आताशा कीलेत्पाटन झैँ हुँदा जहरिलो त्रैलोक्यका शुलको सारा वानरले जय – ध्वनि गरी वर्षा गरे फुलको ।। ११:५८
(उपमा+उलास)

माथिको पद्यांशमा तिलतण्डुलन्याय अनुसार एकै पटक उपमा र उल्लास अलङ्कार घटित भएकाले संसृष्टि अलङ्कार रहेको छ ।
अत : 'आर्दश राघव' महाकाव्यका श्लोकमा प्रयुक्त संसृष्टि अलङ्कारले महाकाव्यकार सोमनाथ सिग्देलको महाकाव्यमा विदग्धपूर्ण प्रयोग गरेको चातुर्य र महाकाव्यको भाव रमणीयता मा वृद्धि गरेको छ ।

### ४.११.२ सङ्कर अलङ्कार
संसृष्टि जस्तै सङ्कर पनि नयाँ अलङ्कार नभई, सामान्य वृत्तिले रहने र दुध र पानी झैँ स्पष्ट रुपमा नछुट्टि दुई वा दुईभन्दा बढी अलङ्कारकार हो । यसको सैद्धान्तिक चर्चा अगिल्लो परिच्छेदमा गरिएको छ । यहाँ 'आदर्श राघव' महाकाव्यको पद्यमा प्रयुक्त सङकर अलङ्कारको चर्चा गरिएको छ ।

**विषयमा सयमा यस शुन्यता**
**विभावमा भवमा पनि तुच्छता ।**
**अवलमा चलमा पनि दुष्टता**
**अब सहुँ, वश हुँ कसरी म ता ॥ ८:४९**

माथको पद्यांश विभवमा भवमा, अचलमा चलमा यो अंशमा चमक शब्दालङ्कार र विरोध अर्थालङ्कार एकै ठमउँमा नछुट्टिन नसक्ने गरी रहेको छ । त्यसैले माथिको पद्यांशमा एकाश्रयानुप्रवेश सङ्कर रसिग्दमाल, २०५८: २४८) अलङ्कार रहेको छ । मुस्लो हो उल्काको किंवा वीरत्वको बडो गोला । सर्कसका नटभट वा दर्शकहरुले भने हुनन् होला । (१०:११)

माथिको पद्यांशमा मुस्लो ,गोला र नटको सन्देह देखाउने तात्पर्य भए उत्प्रेक्षालङ्कार तथा सम्भावनन देखाउने तात्पर्य भए उत्प्रेक्षालङ्कार हुनाले यी दुईको सन्दहसङकर अलङ्कार रहेको छ ।

यस प्रकार 'आदर्श राघव' महाकाव्यका पद्यहरुमा प्रयुक्त सङ्कार अलङ्कारले महाकाव्यको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.१२ निष्कर्ष
'आदर्श राघव' महाकाव्य भित्रका अलङ्कारहरुको पहिचान, विश्लेषण र प्रयोग -प्रकार प्रदर्शन गर्ने क्रममा प्रस्तुत परिच्छेदलाई उपयोग गरिएको छ । अगिल्लो परिच्छेदमा निरुपण गरिएको 'महाकाव्यमा अर्थालङ्कार विश्लेषणको आधार' अन्तर्गत सम्बन्धित रहेर यस परिच्छेदमा त्यही सैद्धान्तिक मान्यताको उपयोग गरी निर्धारित महाकाव्यमा प्रयुक्त अर्थालङ्कारको विश्लेषण गरिएको छ । खार गरी रुच्यकले अर्थालङ्कार अर्न्ात उल्ले गरेका दश वटा भेदहरु र ती भेदका उपभेद तथा उपभेदका पनि प्रभेद अन्तर्गत स्थापित अलङ्कारहरुको निरुपण र व्याख्या यस परिच्छेदमा गरिएको छ । यी दश वटै वर्गका अलङ्कारहरुको चातुर्य पूर्ण प्रयोग 'आदर्श राघव' महाकाव्यमा भाव रमणीयता त सिर्जना भएको छ नै अझ यी अलङ्कारको प्रयोगले महाकाव्यलाई अलङ्काररिक र गरिमायुक्त पनि बनाएको छ ।

# परिच्छेद-पाँच
# उपसंहार र निष्कर्ष

## ५.१ उपसंहार

'आदर्श राघव' महाकाव्यमा अर्थालङ्कार शीर्षकको यस शोधकार्यलाई व्यवस्थित रुपमा प्रस्तुत गर्नका लागि यसलाई विभिन्न परिच्छेदहरुमा बाँडिएको छ । यस शोधकार्यलाई जम्मा पाँचवटा परिच्छेदहरुमा बाँडी अध्ययन गर्ने क्रममा पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा महकाव्यमा अर्थालङ्कार विश्लेषणको सैद्धान्तिक आधार, तेस्रो परिच्छेदमा 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त रुयकसम्मत अर्थालङ्कारको विश्लेषण चौथो परिच्छेदमा 'आदर्श राघव' महकाव्यमा अर्थालङ्कारको औचित्य र महत्त्व तथा पाँचौं पच्छिेदमा उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । यस अन्तर्गत विषय परिचय राखिएको छ । विषय परिचयमा प्रस्तुत शीर्षकमा किन शोध गर्न लागिएको हो भनी शोध गर्नुको परिचय प्रस्तुत गरिएको छ । त्यस्तै पहिलो परिच्छेदको दोस्रो शीर्षकमा शोध समस्या दिइएको छ । प्रस्तुत शोधको मुख्य समस्या के हो भनी समस्या कथन दिँदै शोधका अध्ययनका उद्देश्यहरु प्रस्तुत गरिएको छ । यस अध्ययनका मुख्य र उद्देश्यहरु के हुन् भनी शोधसमस्यामा केन्द्रित भई प्रस्तुत गरिएको छ । सोही समस्या र उद्देश्यको समाधानको लागि प्रस्तुत शोधलाई केन्द्रित गरिएको छ । त्यस्तै पहिलो परिच्छेदमै पूर्वकार्यको समीक्षा पनि गरिएको छ । 'आदर्श राघव' महाकाव्य अन्तर्गतको अलङ्कार योजना अन्तर्गत रहेर के कस्ता अध्ययन र अनुसन्धानहरु भएका छन् । ती अध्ययन र अनुसन्धानबात के कति उपलब्धि भए र के कति कार्य गर्न बाँकी छन् भनी निरुपण गरी पूर्वकार्यका ती अपुगलाई यस शोधकार्यमा पूरा गर्ने प्रयास गरिएको छ । त्यस्तै अर्को शीर्षकमा प्रस्तुत शोधको के औचित्य छ, यसको के महत्त्व छ भनी औचित्य र महत्त्वलाई पुष्टि गर्ने प्रयास गरिएको छ त्यस्तै अर्को शीर्षकमा प्रस्तुत अध्ययनका के कस्ता सीमितता वा सीमाहरु छन् भनी शोधको क्षेत्र र सीमा निर्धारण गर्ने प्रयास गरिएको छ । त्यस्तै अर्को शीर्षकमा प्रस्तुत शोधलाई मोटोमोटीरुपमा परिच्छेद योजना बनाई विभाजन गरिएको छ । त्यस्तै यसै परिच्छेदमा सामग्री संकलन, विश्लेषण, अन्तर्वार्ताको शोधविधि र शोधको सैद्धान्तिक आधारलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा महाकाव्यमा अलङ्कार विश्लेषणको सैद्धान्तिक आधारलाई प्रस्तुत गरिएको छ । यसमा अलङ्कारको विश्लेषण सम्बन्धी रुय्यकले प्रस्तुत गरेको अलङ्कारको सैद्धान्तिक आधारलाई प्रस्तुत गरिएको छ । यस आधार अन्तर्गत उनले वर्गीकरण गरेका दशवटा अलङ्कार वर्ग, तिनका भेद र भेदका पनि प्रभेदलाई प्रस्तुत गरिएको छ । सादृश्यविच्छित्तिमुलक अलङ्कार वर्ग र यसका भेदाभेदप्रधान, अभेद प्रधान, भेदप्रधान र गम्यौपम्य मूलक उपभेदहरुको परिचय दिइएको छ । त्यस्तै विशेषण विच्छित्तिमुलक अलङ्कार वर्ग यसका प्रभेदहरुको चर्चा र त्यस अर्न्तगतका अलङ्कारहरुको सैद्धान्तिक चर्चा गरिएको छ । गम्यार्थ विच्छित्तिमुलक अलङ्कार वर्ग र त्यसका विभिन्न प्रभेद र त्यस अन्तर्गतका अलङ्कारहरुको सैद्धान्तिक चर्चा गरिएको छ । त्यसैगरी विरोधविच्छित्तिमुकल अलङ्कार वर्ग र त्यस वर्गका विभिन्न अलङ्कारहरु श्रृङ्खलाविच्छित्तिमुलक अलङ्कार र यसका विभिनन उपवर्ग तथा त्यस अन्तर्गतका अलङ्कारहरु, तर्कन्यायविच्चित्तिमुलक अलङ्कारवर्ग, त्यसका प्रभेद र त्यो अलङ्कार वर्ग अन्तर्गतका अलङ्कारहरु वाक्यन्याय विच्छित्तिमुलक अलङ्कार र त्यस अन्तर्गतका

अलङ्कारहरु, लोकन्याविच्छित्तिमुलक अलङ्कार वर्ग र त्यस अन्तर्गतका अलङ्कारहरु मिश्रवर्ग चर्चा गरिएको छ । यिनै अलङ्कारहरुलाई आदर्श राघवमहाकाव्यमा प्रयुक्त अर्थालङ्कार विश्लेषण्को सैद्धान्तिक आधारको रुपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा 'आदर्श राघव' महाकाव्यमा प्रयुक्त अर्थालङकारको विश्लेषण गरिएको छ । यस शोधपत्रको तेस्रो परिच्छेदमा रुय्यकले बर्गीकरण गरेका अलङ्कारहरुका आधारमा यस महकाव्यमा प्रयुक्त अलङ्कारको पहिचान गरिएको छ । ती अलङ्कारहरु महाकाव्यमा के कसरी प्रस्तुत भएका छन् र ती अलङ्कार ले महाकाव्यमा के कस्तो भाव रमणीयताको सिर्जना गरेको छ भनी विश्लेषण गरिएको छ । कुन क्षेत्रबाट के कस्ता विम्बहरु टिपेर विश्लेषण पनी गरिएको छ । रुटयकले प्रस्तुत गरेका अर्थालङ्कार अन्तर्गतका दशवटै वर्गहरु र तिनका भेद तथा प्रभेद अन्तर्गतका अलङ्कारहरु यस महाकाव्यमा प्रयुक्त छन् । तिनको खोजी गरी विश्लेषण समेत गर्ने काम प्रस्तुत परिच्छेदमा भएको छ ।

प्रस्तुत शोधको चौथो परिच्छेदमा 'आदर्श राघव' महाकाव्यमा महाकाव्यको औचित्य र महत्त्वलाई देखाइएको छ । कृत्रिम, आयोजित, किसिमको शिल्प सज्जा र तद् अनुरुपको अलङ्कार प्रयोगका दृष्टिले प्रस्तुत महाकाव्यले अलङ्कार योजनाले भाव रमणीयतामा उत्कर्षता प्राप्त गर्न नसकेको पाण्डित्यपूर्ण महाकाव्य कला, विलक्षण, प्रयोग र पूर्वीय मान्यताका आधारमा ओतप्रोत भएको अलङ्कार प्रयोगको आदर्श र शास्त्रीय मानक ग्रन्थका रुपमा भने प्रस्तुत महाकाव्य सफल र ऐतिहासिक रहेको निष्कर्ष प्रस्तुत गर्दै सोही आधारमा 'आदर्श राघव' महाकाव्य अलङ्कार प्रयोगलाई मुल्यांकन गरिनु पर्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस्तै पाँचौ परिच्छेदमा प्रस्तुत शोत्रपत्रको समग्र उपसंहार र निष्कर्षलाई प्र्स्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

आधुनिक नेपाली महकाव्य परम्परा 'आदर्श राघव' पूर्वीय साहित्य शास्त्रको दुरुस्त नमूनामा आधारित भएर लेखिएको अद्वितीय महाकाव्य हो । यस परम्परामा आधारित भएर लेखिएको अहिले सम्म कै एक मात्र महाकाव्य हो । सोमनाथ सिग्देलले साहित्य शास्त्रको करिब दुई हजार बर्षसम्मको सिङ्गो परम्परालाई अनुगमन पछि प्राप्त भएको विलक्षण पाण्डित्यलाई 'आदर्श राघव' महकाव्यमा मूर्तिमान गरेका छन् । भामहद्वारा प्रस्तुत गरिएको अलङ्कारवादी मान्यतालाई पछिल्लो चरणका काव्यशास्त्रीहरुले पुनः परिभाषित गरे र त्यसबाट जुन अलङ्कार सिद्धान्तको सुदीर्घ मान्यता स्थापित भयो । त्यसको दुरुस्त प्रयोग उनले आफ्नो महकाव्यमा गरेका छन् । आदर्श राघवमहाकाव्यमा उनीद्वारा प्रस्तुत गरिएको अलङ्कार योजना ज्यादै कृत्रिम, आयोजित, बनावटी, र बाह्य सजधजको भव्य प्रयोगमै केन्द्रित रहेकाले क्षतिग्रस्त बन्ने पुग्यो । यस महाकाव्यको अलङ्कार प्रयोग केबल आदर्शका लागि मात्र सिमित रह्यो महकाव्यको आश्वादन गरिरहँदा सोमनाथले जीवन र जगतबाट टिपेर प्रस्तुत गरेका बिम्बहरु र ती बिम्बबाट उत्पन्न भएको अलङ्कारले पाठकमा सहृदयता, हृदय संवेद्यता र आश्वाद्या तुल्याउनुका सट्टा अलङ्कार गुजुल्टो भित्र पाठक जकडिएर महाकाव्यको आश्वादन र भाव रमणीयतामा बाधा पर्न जाने निश्चित छ पूर्वीय दर्शनका जटिल दार्शनिक विम्बहरुलाई सरल काव्यात्मक भाषामा प्रस्तुत गर्न सक्ने महाकाव्यत्क कौशल अत्यन्त प्रशंसा योग्य रहेपनि तयसबाट महकाव्य अत्यन्त बौद्धिक र जटिल हुन गएको कारणल अति बौद्धिक पाठकको हातमा मात्र समर्पित हुन पुगनले

महकाव्यको लोकप्रियतामा बाधा उत्पन्न हुन गएको छ । यति हुँदाहुँदै पनि नेपाली महाकाव्य परम्परामा अलङ्कार र अन्य साहित्य शास्त्रीय चिन्तनको उदाहरण कृतिका रुपमा आदर्श राघवमहकाव्य रहेको छ । यस दृष्टिकोणबाट प्रस्तुत महाकाव्यको ऐतिहासिक महत्त्व रहेको छ । अलङ्कार प्रयोगका दृष्टिले प्रस्तुत महकाव्य पाण्डित्यपूर्ण, विलक्षण, र पूर्वीय मान्यताका दृष्टिले ओतप्रोत भएको महाकाव्यका रुपमा रहेको छ । यसै आधारमा आदर्श राघवमहाकाव्यको अर्थालङ्कार योजना सफल भएको छ ।

## सन्दर्भ सामाग्री सूची


अधिकारी, कोमलनाथ. *साहित्य दर्पण.* अनु. काठमाडौंः रोयल नेपाल एकेडेमी , २०२३ ।

अधिकारी, हेमाङ्गराज. *पूर्वीय साहित्य सिद्धान्त* ललितपुरः साझा प्रकाशन, २०३५ ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई. *प्रयोगात्मक नेपाली शब्दकोश* सम्पा. काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०७० ।

अवस्थी, महादेव. *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श* काठमाडौंः इन्टिलेक्चुअल बुक प्यालेस, २०६४ ।

आचार्य, नरहरि. *पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य साधना* काठमाडौंः पण्डितराज सोमनाथ शतबार्षिकी समारोह समिति, २०४१ ।

उपाध्याय, केशवप्रसाद. *पूर्वीय साहित्य सिद्धान्त* काठमाडौंः पाठ्यक्रम विकास केन्द्र त्रि.वि. २०३६ ।

त्रिपाठी, बासुदेव, *सिंहावलोकन,* ललितपुरः साझा प्रकाशन, २०२७ ।

त्रिपाठी, बासुदेव र अन्य. *नेपाली कविता भाग ४* ललितपुरः साझा प्रकाशन, २०४६

त्रिपाठी, बासुदेव र अन्य. *नेपाली साहित्य श्रृङ्खला भाग १-२* काठमाडौंः एकता बुक्स, २०५२ ।

बन्धु, चूडामणि. *अनुसन्धान तथा प्रतिवेदन लेखन* दो सं. काठमाडौं : रन्तपुस्तक भण्डार, २०६५ ।

भामह, *काव्यालङ्कार* पटना :विहार राष्ट्रभाषा परिषद, २०२१ ।

रुद्रट, *काव्यालङ्कार. दिल्ली* : बासुदेव प्रकाशन, १९६५ ई. ।

वामन, *काव्यालङ्कार सुत्रवृत्ति.* दिल्लीः आत्माराम एण्ड सन्स, २०११

विश्वनाथ, कविराज. *साहित्य दर्पण* वाराणसीः चौखम्बा संस्कृत रिलिज अफिस, २०१२

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल. *शोधविधि* ललितपुरः साझा प्रकाशन, २०५५ ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइटेल. *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

सिग्देल, सोमनाथ शर्मा. *आदर्श राघव* पा.सं. ललितपुरः साझा प्रकाशन, २०५५

सिग्देल, सोमनाथ शर्मा. *साहित्य प्रदीप,* काठमाडौं : २०५८ विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वर कुमार. *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाका प्रमुख मान्यता, वाद र प्रणाली* ललितपुरः साझा प्रकाशन, २०५१ ।